# टेम्केमैयुङ् गाउँपालिकाको कार्यालय

अन्नपूर्ण, भोजपुर

## महिला कानुनी हक तथा अधिकार





| क.स. | अध्याय शिर्षक | पेज नं. |
|---|---|---|
| १ | एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० | १ |
| २ | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ | २ |
| ३ | घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ तथा नियमावली २०६७ घरेलु हिंसाविरुद्धको कानुनी व्यवस्था | ४ |
| ४ | देवानी र फौज्दारी मुद्दाको कार्यविधि तथा कानून उल्लंघनमा उपचार र उपचार उपलब्ध गराउने निकायहरु | ६ |
| ५ | नागरिकता र महिला सम्बन्धीत भएका व्यवस्थाहरु: नेपालको नागरिक ठहर्ने | ७ |
| ६ | नेतृत्व र अनुयायित्व | ९ |
| ७ | नेपालको संविधानमा भएका महिला अधिकार सम्बन्धी व्यवस्थाहरु र राष्ट्रिय महिला आयोगको काम , कर्तव्य र अधिकार | १० |
| ८ | नेपालको संविधान र बालअधिकार | १२ |
| ९ | नेपालमा मानव बेचबिखनको अवस्था, यस विरुद्ध नीतिगत र योजनागत प्रयासहरु: | १३ |
| १० | बाल अधिकारका सिद्धान्तहरु | १६ |
| ११ | बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ | १७ |
| १२ | नेपालमा महिला विकास कार्यक्रमको अवधारणा र मुल्यांकन तह | १९ |
| १३ | महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९ | २० |
| १४ | महिलाका कानूनी अधिकारहरु : कर छुट र अन्य छुट सम्बन्धी व्यवस्था समेत | २२ |
| १५ | मानव अधिकारको अवधारणा र राज्यको दायित्व | २४ |
| १६ | मुलुकी ऐन महिला अधिकार संग सान्दर्भीक कानुनी व्यावस्था भाग १ | २६ |
| १७ | लैङ्गीक हिंसाको अर्थ ,प्रकार र कारणहरु | २८ |
| १८ | लैङगिक उत्तरदायी बजेटभाग १ | ३१ |
| १९ | लैङगिक उत्तरदायी बजेटभाग २ | ३२ |
| २० | लैङ्गिक अवधारणा | ३३ |
| २१ | लैङ्गिक विश्लेषण (Gender Analysis) के, किन, र यसका औजारहरु (Tools) | ३५ |
| २२ | बोक्सीको आरोप -कसुर र सजाय) ऐन,२०७२ | ४० |
| २३ | संघ प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्ध एवं स्थानीय कार्यपालीका सम्बन्धी संबैधानिक व्यवस्था: | ४१ |
| २४ | सामाजिक बहिष्करण र समावेशीकरण अवधारणा | ४३ |

# अध्याय - एक
# एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७०

नेपाल राजपत्रमा प्रकाशित मितिः २०७०।२।३१

प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएकोछ । एकल महिलाहरुको हक हित संरक्षणको लागि यो ऐन नेपाल सरकारले कार्यान्वयनमा ल्याएको हो ।

यस ऐन अनुसार "एकल महिला" भन्नाले आर्थिक दृष्टिले विपन्न देहायका महिलालाइ समेटेको छ ।

(१) सम्बन्ध विच्छेद गरेकी महिला,

(२) विधवा,

(३) पैंतीस वर्ष उमेर पूरा गरेकी अविवाहित महिला,

(४) पाँच वर्ष भन्दा बढी समयदेखि पति हराई वा बेपत्ता भएकी महिला,

(५) अंशवण्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिला ।

यस ऐनमा "कोष" भन्नाले नियम ३ बमोजिमको एकल महिला सुरक्षा कोष सम्झनु पर्छ । कोषको स्थापनाः (१) आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित र संरक्षण गर्ने काम समेतको लागि एकल महिला सुरक्षा कोष नामको एक कोष स्थापना गरिएको छ ।

कोषमा देहाय बमोजिमका रकमहरू रहने व्यवस्था ऐनमा रहेको छ ।

- ✓ नेपाल सरकारबाट प्राप्त रकम,
- ✓ विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम,
- ✓ स्वदेशी व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम,
- ✓ अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

माथि उल्लेखित बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

कोषको उपयोग : कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः-

- ✓ एकल महिलालाई शिक्षा र सीपमूलक तालीम प्रदान गर्न,
- ✓ एकल महिलाका लागि स्वरोजगार कार्यक्रम सञ्चालन गर्न,
- ✓ एकल महिलालाई औषधि उपचार गर्न,
- ✓ एकल महिलालाई उद्धार गर्न, राहत दिन तथा पुनर्स्थापना गर्न,
- ✓ एकल महिलालाई कानूनी सहायता प्रदान गर्न,
- ✓ एकल महिला सम्मिलित सामुदायिक वा सहकारी संस्थाको कार्यमा सहयोग गर्न,
- ✓ एकल महिलाको सामाजिक मर्यादा अभिवृद्धिको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न,
- ✓ समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्न,
- ✓ एकल महिलाको हक, हित संरक्षण र सम्वर्द्धनको लागि समितिले तोके बमोजिमको अन्य काम गर्न वा गराउन ।

कोषको रकम अन्य काममा उपयोगेग गर्न नसकिने समेतको व्यवस्था ऐनमा उल्लेख भएको छ । कोषको रकम नियम ४ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन । समितिको गठनः (१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालक समिति रहनेछ ।समितिको गठन देहाय बमोजिमको रहने व्यवस्था ऐनमा उल्लेख छ ।

(क) मन्त्रालयको सचिव - अध्यक्ष

(ख) सहसचिव, शिक्षा मन्त्रालय - सदस्य

(ग) सहसचिव, कानून, न्याय, संविधान सभा तथा् संसदीय मामिला मन्त्रालय - सदस्य

(घ) सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय - सदस्य

(ङ) सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य

(च) महानिर्देशक, महिला तथा बालबालिका विभाग - सदस्य

(छ) प्रहरी नायव महानिरीक्षक, महिला तथा बालबालिका निर्देशनालय, प्रहरी प्रधान कार्यालय - सदस्य

(ज) एकल महिलाको क्षेत्रमा कार्यरत गैरसरकारी, सामुदायिक वा सहकारी संस्थाहरूमध्ये समितिले तोकेको संस्थाबाट प्रतिनिधित्व हुने गरी कम्तीमा दुई जना महिला - सदस्य

(झ) मन्त्रालयको सहसचिव (महिला विषय हेर्ने - सदस्य -सचिव उल्लेखित बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ । मनोनीत सदस्यले आफ्नो पद अनुरुप काम नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।सदस्यबाट हटाउनु अघि मन्त्रालयले निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

**समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने समेतको व्यवस्था रहेको छ ।**

(क) कोषको रकम उपयोग गर्ने सम्बन्धमा वार्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने, गराउने,

(ग) एकल महिलालाई कोषको रकम उपलब्ध गराउने सम्बन्धमा आवश्यक मापदण्ड बनाई लागू गर्ने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए, नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) एकल महिलाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(च) एकल महिलाको पहिचान सम्बन्धी आवश्यक मापदण्ड निर्धारण गर्ने,
(छ) एकल महिला सम्बन्धी अन्य काम गर्ने वा गराउने ।

**कोषको लेखा र लेखापरीक्षण:**
(१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।
(२) कोषको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ ।
(३) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।
प्रतिवेदन पेश गर्ने: समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ । प्रतिवेदनमा अन्य कुराको अतिरिक्त समितिले वर्ष भरिमा सञ्चालन गरेको कार्यक्रम, विभिन्न स्रोतबाट प्राप्त रकम, एकल महिलाको लागि कार्यक्रम सञ्चालन गर्दा हुन गएको खर्च, गत आर्थिक वर्षमा खर्च नभई बाँकी रहेको रकम, कार्यक्रमबाट भएको उपलब्धि तथा भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरू समावेश गर्नु पर्नेछ ।

कोषको सचिवालय: कोषको सचिवालय मन्त्रालयमा रहनेछ ।
अधिकार प्रत्यायोजन: समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त भएका अधिकारहरूमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

कोष खारेज हुन सक्ने:: (१) कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा नेपाल सरकारले सो कोष खारेज गर्न सक्नेछ ।
(२) उपनियम (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम नेपाल सरकारमा स्वतः हस्तान्तरण हुनेछ ।

# अध्याय - दुई
# कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहाारलाई निवारण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक को रुपमा यस ऐनको जन्म भएको हो । सुरक्षित, स्वच्छ तथा मर्यादित वातावरणमा काम गर्न पाउने प्रत्येक व्यक्तिको अधिकारलाई सुनिश्चित गर्दै कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निवारण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले, नेपालको अन्तरिम संविधान, २०७३ को धारा ८३ बमोजिम व्यवस्थापिका सांसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।
**"कार्यस्थल" भन्नाले देहायका निकाय संस्था वा फर्म सम्झनु पर्छ र सो शब्दले त्यास्तो निकाय, संस्था वा फर्मको कार्यसम्पादनको क्रममा प्रयोग हुने स्थल समेतलाई जनाउँछ :**
१. सरकारी निकाय,
२. नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्था,
३. प्रचलित कानून बमोजिम स्थापना भएको निकाय वा संगठिन संस्था,
४. कुनै व्यवसाय, कारोबार वा सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरको वा दर्ता भएको फर्म, निकाय वा संगठित संस्था ।
**यौनजन्य दुर्व्यवहार गरेको मानिने :**
१. कसैले माफ्नो पद, शक्ति वा अधिकारको दुरुपयोग गरि, कुनै किसिमको दवाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरि कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा देहायका कुनै कार्य गरे वा गराएमा यौनजन्य दुर्व्यवहार गरेको मानिनेछ :
क) यौनजन्य आशयले शरीरको कुनै अंगमा छोएमा वा छुने प्रयास गरेमा,
ख) अश्लिल तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रव्य, दृश्य, अन्य सुचना प्रविधि, साधन, बस्तु वा सामाग्री प्रयोग वा प्रदशन गरेमा,
ग) लेखेर, बोलेर वा इशाराले खश्लील तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा,
घ) यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा,
ङ) यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा
२. उपदफा (१) को खण्ड (क) , (ख) वा (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक, सुचनामूलक, अनुसन्धानमूलक, उपचार वा बचाउको सिलसिलामा गरिएको कुनै पनि काम कारबाहीलाई यौनजन्य दुर्व्यवहार गरेको मानिनेछैन ।
**गुनासोको सुनुवाई:**
कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित कर्मचारी,सेवाग्राही वा निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्ति उपर व्यवस्थापक समक्ष पन्ध्र दिनभित्र लिखित वा मौखिक रुपमा गुनासो गर्न सक्नेछ

। यसरी प्राप्त गुनासोमा व्यवस्थापकले सो सम्बन्धमा तुरुन्त छानवीन गर्नु पर्नेछ । यसरी छानबीन गर्दा आरोपित व्यक्तिले गुनासो गर्ने कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको देखिएमा व्यवस्थापकले देहायको कुनै वा सबै कार्य गर्न वा गराउन लगाउन सक्नेछः

- ✓ दुबै पक्ष मञ्जुर भएमा पीडित र आरोपित व्यक्तिबीच मेलमिलाप गराइदिन,
- ✓ आरोपित व्यक्तिलाई पीडितसंग माफी मगाउन,
- ✓ आरोपित व्यक्तिलाई त्यस्तो काम पुनःनगर्न सचेत गराउन,
- ✓ आरोपित व्यक्तिबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराइदिन
- ✓ आरेपित व्यक्तिलाई सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारवाहि गर्न ।

**उजुरी दिन सक्ने :**
कसैले कुनै कर्मचारी वा सेवाग्राहिलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित कमैचारी,सेवाग्राही वा निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्ति उपर यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित कर्मचारी,सेवाग्राही वा निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्ति उपर यौनजन्य दुर्व्यवहार भए गरेको मितिले नव्वे दिनभित्र प्रमाण सहित उजूरी सुन्ने अधिकारी समक्ष उजूरी दिन सक्नेछ । कुनै व्यवस्थापकले दफा ६ बमोजिम गरेको गुनासो निर्धारित अवधिभित्र टुंगो नलगाएमा त्यस्तो अवधि समाप्त भएको मितिले र सो दफा बमोजिम व्यवस्थापकले गरेको सनर्णय उपर कुनै पक्षले चित्त नबुझाएमा त्यस्तो निर्णय भएको मितिले सत्तरी दिनभित्र पीडित कर्मचारी,सेवाग्राहि वा निजका तर्फबाट जोसुकै वा आरोपित व्यक्तिले उजूरी सुन्ने अधिकारी समक्ष उजूरी दिन सक्नेछ । कुनै व्यवस्थापकले यस ऐन बमोजिमको दायित्व वा अन्य व्यवस्था पालना नगरेमा वा दफा ९ वा ११ बमोजिम उजूरी सुन्ने अधिकारी वा निरीक्षण वा अनुगमन गराउने निकाले दिएको निर्देशनको पालना नगरेमा सरोकारवाला व्यक्तिले उजूरी सुन्ने अधिकारी समक्ष उजुरी दिन सक्नेछ ।

**सजाय :**
१) कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको ठहरेमा निजलाई कसुरको प्रकृति हेरी छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।
२) कुनै व्यवस्थापकले यस ऐन बमोजिमको दायित्व वा अन्य व्यवस्था पालना नगरेको ठहरेमा निजलाई पच्चिस हजार रुपैयासम्म जरिवाना हुनेछ ।
३). दफा ९ वा ११ बमोजिम उजूरी सुन्ने अधिकारी वा निरीक्षण वा अनुगमन गर्ने गराउने निकायले दिएको निर्देशन कुनै व्यवस्थापकले पालना नगरेमा निजलाई पच्चिस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।
४) यस दफा बमोजिम सजाय पाएको व्यक्तिले त्यसो सजाय हुने कार्य पुन : गरेमा निजलाई पटकै पिच्छे दोब्बर सजाय हुनेछ ।
५) कसैले यस ऐन बमोजिम जानी जानी झुट्टा उजुरी दिएको ठहरेमा निजलाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।
६) यस दफा बमोजिम कुनै कर्मचारी वा व्यक्तिले सजाय पाएमा उजुरी सुन्ने अधिकारीले त्यसको जानकारी सम्बन्धित निकायलाई गराउनु पर्नेछ ।

**पुनरावेदनः**
यस ऐन बमोजिम उजुरी सुन्ने अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको मितिले पैतिस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**तालिमको पाठ्यक्रममा समावेश गर्ने :** तालिम दिने प्रत्येक निकायले यौनजन्य दुव्यवहार र सोको निवारण सम्बन्धी विषयलाई तालिमको पाठ्यक्रममा समावेश गर्नु पर्नेछ ।

# अध्याय - तिन
# घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ तथा नियमावली २०६७
# घरेलु हिंसाविरुद्धको कानुनी व्यवस्था

**घरेलु हिंसा**

- कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना ।
- गालीगलौज तथा भावनात्मक चोट पुर्‍याउने कार्य समेत ।
- घरेलु हिंसा -कसूर र सजाय) ऐन २०६६ लागू
- यसले घरेलु हिंसालाई अपराध मानेको ।

घरेलु सम्बन्ध भन्नाले विबाहको आधारमा बनेको सम्बन्ध, धर्मसन्तानको आधारमा बनेको सम्बन्ध ,वंशजको आधारमा बनेको सम्बन्ध ,संयुक्त परिवारको सदस्य, आश्रित वा कामदार लाई बुझिन्छ ।

**शारीरिक यातना**

- कुटपिट गर्ने, थुनामा राख्ने, शारीरिक चोट पुर्‍याउने कार्य शारीरिक अंगभंग ठहर्ने बाहेक

**मानसिक यातना**

- शारीरिक यातनाको डरधाक देखाउने वाधम्की देखाउने ,त्रासपूर्ण व्यवहार गर्ने ,गाली गलौज गर्ने ,झुठा बात लगाउने ,घरबाट निकाला गर्ने ,मानसिक चोट पुग्न सक्ने कार्य

**यौनजन्य यातना**

- यौनप्रकृतिको दूर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुर्‍याउने ,सुरक्षित यौनस्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य

**आर्थिक यातना**

- सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न रोक ,रोजगारी वा आर्थिक स्रोत साधनमा पहुँच वा प्रयोगमा बन्चित गर्ने कार्य

**उजुरी सम्बन्धी व्यवस्थाः**

- घरेलु हिंसा भएको, भइरहेका वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले उजुरी गर्न सक्दछ,उजुरी लिखित वा मौखिक दुवैरुपमा दिन सकिन्छ घरेलु हिंसाको कसुर भए गरेको मितिले ९० दिनभित्र उजुरी दिनुपर्दछ घरेलु हिंसाको सम्बन्धमा अदालत र अन्य उजुरी सुन्ने निकायमा समेत उजुरी दिएमा अदालतमा दिएको उजुरी उपर मात्र कारबाही हुन्छ अदालतबाहेक एकभन्दा बढी उजुरी सुन्ने निकायमा उजुरी दिएमा पीडितले रोजेको कुनै एक निकायको उजुरी उपरमात्र कारबाही हुन्छ पीडित र अन्य व्यक्ति दुवैको उजुरी परेमा पीडितले दिएको उजुरी उपर मात्र कारबाही हुन्छ

  हिंसा भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जो सुकैले उजुरी दिन सकिने मौखिक वा लिखित कुनै पनि प्रक्रियाले कसुर भए गरेको ९० दिनभित्र

**उजुरी सुन्ने निकाय**

- प्रहरी कार्यालय अन्तर्गत महिला तथा बालबालिका सेवा केन्द्र वा प्रहरी चौकी
- स्थानीय तह
- राष्ट्रिय महिला आयोग
- जिल्ला अदालत

**राष्ट्रिय महिला आयोगमा भएको उजुरीसम्बन्धी कारबाही**

- राष्ट्रिय महिला आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा राष्ट्रिय महिला आयोग ऐन २०६३ र राष्ट्रिय महिला आयोग नियमावली, २०६५ बमोजिम कारबाही गर्नुपर्छ

**प्रहरी कार्यालय वा स्थानीय निकायमा उजुरीको कार्यवाही**

- २४ घण्टाभित्र पीडक झिकाउने र अटेर गरे प्रहरीद्धारा पक्राउ
- घाउजाँचसम्बन्धी व्यवस्था
- मुद्धाको गाम्भिर्यता हेरि पीडितले चाहेमा मेलमिाप गराउन सक्ने

**उजुरी गर्ने व्यक्ति र पीडितको सुरक्षा**

- ✓ उजुरी दिंदा जा उजुरीको कारबाहीको सिलसिलामा पीडकबाट वा निजसँग आश्रित अन्य कुनै व्यक्तिलाई थप शारीरिक चोटपटक वा मानसिक यातना हुन सक्ने सम्भावना भएमा त्यसको पर्याप्त र विश्वसनीय आधार खुलाई सुरक्षाको लागि उजुरी सुन्ने निकायले त्यस्तो व्यक्तिको सुरक्षाको लागि नजिकको प्रहरी कार्यालयमासमक्ष लेखी पठाउनुपर्दछ ।
- ✓ यस्तो अवस्थामा
- ✓ पीडित वा निजसँग आश्रित व्यक्तिलाई अस्थायीरुपमा सुरक्षित स्थान वा सेवा केन्द्रमा बस्ने व्यवस्था मिलाउने
- ✓ पीडकबाट थप शारीरिक चोटपटक वा मानसिक यातना हुन नपाउने व्यवस्था गर्ने

**उपचार खर्च**

पीडित व्यक्ति मानसिक वा शारीरिक रुपमा असक्त भएको कारणले अस्पतालमा उपचार गराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च व्यहोनुपर्दछ । तर पीडकको आर्थिक अवस्था कमजोर भएमा र खर्च गराउन सक्ने अदालतलाई लागेमा सेवा केन्द्रबाट पीडितले त्यस्तो उपचार रकम पाउने गरी अदालतले आदेश गर्न सक्छ ।

**क्षतिपूर्ति**

घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडक र पीडितको आर्थिक तथा सामाजिक हैसियतसमेतलाई विचार गरी अदालतले पीडकबाट मनासिव माफिकको क्षतिपूर्ति भराइदिन सक्नेछ ।

**घरेलु हिंसामा हुने सजाय**

- ३ देखि २५ हजारसम्म सजाय वा ६ महिना कैद वा दुवै
- मतियारलाई मुख्य कसुरदारको आधार सजाय
- पुनः कसुर गरेमा दोब्बर
- सार्वजनिक जवाफदेही पदधारण गर्ने व्यक्तिलाई १० प्रतिशत थप
- औषधी उपचार र क्षतिपूर्तिको व्यवस्था
- सेवा केन्द्र र कोषको व्यवस्था

**सेवा केन्द्र**

पीडितलाई तत्काल् सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाका लागि नेपाल सरकारले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्दछ । साथै सेवा केन्द्रको स्थापना र सञ्चालन नेपाल सरकारको स्विकृति लिई कुनै संस्थाले समेत गर्न सक्दछ । सेवा केन्द्रले देहाय बमोजिमको मापदण्ड पूरा गरेको हुनु पर्दछ ।

- न्यूनतम आधारभूत सुविधा सहितको भौतिक संरचना,
- न्यूनतम स्वास्थ्य सेवा तथा सुरक्षाको व्यवस्था,
- पीडितको लागि आवश्यकतानुसार मनोविमर्श सेवा,मनोबैज्ञानिक सेवा र कानूनी सहायता उपलब्ध गराउने व्यवस्था,
- पीडितलाई आर्थिक सहायता उपलव्ध गराउन सक्ने क्षमता,
- मन्त्रालयले तोकेका अन्य मापदण्ड ।

**सेवा कोषः**

सेवा केन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारले एक सेवा कोष स्थापना गर्नेछ । सेवा कोषमा देहाय बमोजिमका रकम रहने छन् ।

- नेपाल सरकारबाट प्राप्त रकम ,
- कुनै स्वदेशी वा विदेशी संघ,संस्था वा व्यक्तिबाट प्राप्त रकम,
- अन्य स्रोतबाट प्राप्त रकम ।

सेवा कोषमा जम्मा भएको रकम देहायका कार्यमा खर्च गरिनेछ :

- सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्न,
- पीडितको सुरक्षा तथा औषधि उपचार गर्न,
- पीडितलाई कानुनी सहायता प्रदान गर्न,
- पीडित र पीडकलाई आवश्यकतानुसार मनोविमर्श तथा मनोबैज्ञानिक सेवा प्रदान गर्न,
- घरेलु हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गर्न,
- घरेलु हिंसा सम्बन्धी अन्य आवश्यक कार्यमा खर्च गर्न ।

# अध्याय - चार
# देवानी र फौज्दारी मुद्दाको कार्यविधि तथा कानून उल्लंघनमा उपचार र उपचार उपलब्ध गराउने निकायहरु

देवानी कानुन त्यस्तो कानून हो ,जुन सामान्य नागरिकहरु देखि लिएर उच्च तहका व्यक्तिहरु संगको प्रत्यक्ष रुपमा जोडिएको हुन्छ । सामान्य रुपमा कानूनलाई सारवान र कार्यविधि कानून समेत गरी दुई भागमा विभाजित गरिएको पाइन्छ ।फौजदारी कानून ले जटिल अपराधहरु संग सम्बन्धीत रहन्छ यसमा कैद र जरीवानाको विषयहरु समेटिएको हुन्छ ।सारवान कानूनले अधिकारको उद्घोष गर्दछ भने कार्यविधि कानूनले उपचारका लागि अपनाइने कार्यविधि सम्बन्धमा उपाय र तौरतरिका बताउछ ।सारवान र कार्यविधि कानूनमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ जबकि एकर्कालाई अलग गर्न सकिदैन । कार्यविधि कानूनमा विशेषतः नालिश वा उजूरीको दायरी, समाह्वान, प्रतिवाद, सबूत संकलन, निर्णय र कार्यान्वयन सम्बन्धी व्यवस्था गरिएको हुन्छ । देवानी मुद्दाको कार्यविधि र फौज्दारी मुद्दाको कार्यविधिमा फरक हुन्छ । कार्यविधि कानून सारवान कानुनको साध्य (:भबलक)को रुपमा रहेको हुन्छ ।मुद्दा भन्ने शव्दले दुई पक्षको बीच मुख नमिलेको कुरामा इन्साफ गरी ठहऱ्याउनु पर्ने खास विवादको विषयलाई संकेत गरेको मान्नु पर्छ ।मुद्दा मामिला भन्नाले कुनै पक्ष विपक्ष बीच विवाद उत्पन्न भई न्यायिक वा अर्ध न्यायिक निकायबाट सबूत प्रमाणको मूल्यांकन गरी निष्कर्ष निकाल्ने प्रकृयालाई जनाउँछ ।

**देवानी मुद्दाको कार्यविधि र यसको प्रयोग**

- सामान्यतः कसैको सम्पत्ति, हक अधिकारमा कुनै व्यक्तिबाट हनन भएमा सो हकको प्रचलनको लागि उठाएको कारवाही
- देवानी मुद्दामा मुख्यतः हक र अधिकारको प्रश्न समावेश भएको हुन्छ ।
- सम्पत्ति र पदको हक सम्बन्धी विवाद देवानी मुद्दा अन्तर्गत पर्दछ ।
- देवानी मुद्दामा पनि विषयवस्तु हेरी राज्यलाई सरोकार पर्ने वा राज्य विरुद्ध वा व्यक्ति विरुद्ध दुबै किसिमको हुन्छ ।
- जग्गा दपोट, तिरो दपोट जस्ता आदि मुद्दाहरु राज्य विरुद्धका ।
- देवानी मुद्दामा हनन भएको हक अधिकार हनन गर्ने व्यक्तिबाट प्रचलन गराइदिने काम हुन्छ ।
- देवानी मुद्दामा हक पुग्ने व्यक्तिले कानूनले तोकेको हदम्यादभित्र नालिश उजूर दिनुपर्ने हुन्छ ।
- देवानी मुद्दामा उपचारका लागि प्रायजसो काम कारवाही भएको वा आफू बसोबास गरेको जिल्ला भित्रको अदालतमा नालिश दिनुपर्ने हुन्छ ।
- देवानी मुद्दा अन्तिम भएपछि वण्डा छुट्याउने, विगो भराउने, चलन चलाउने, सम्पत्ति भराई दिने जस्ता विषय प्राथमिकतामा रहेको हुन्छ ।

**फौज्दारी मुद्दाको कार्यविधि र यसको प्रयोग**

- फौज्दारी मुद्दामा मूलतः अपराधको प्रश्न (त्तगभकतष्यल या ऋचषभ ) समावेश भएको हुन्छ ।
- अपराध प्रमाणित भएमा दण्ड सजाय गर्ने व्यवस्था हुन्छ ।
- फौज्दारी मुद्दा -अपराध)मा बदनियतलाई अपराधको मूल तत्वको रुपमा हेरिन्छ ।
- फौज्दारी मुद्दामा आपराधिक प्रवृत्तिको बाहुल्यता रहने गर्दछ ।
- फौज्दारी मुद्दा विषयवस्तु र अपराधको गम्भिरता अनुसार राज्य वा समाज वा व्यक्ति विरुद्धको हुन सक्छ ।
- फौज्दारी मुद्दामा कसूरको प्रकृति अनुसार जरिवाना वा जन्मकैदसम्मको सजाय हुन सक्छ ।
- फौज्दारी मुद्दा अन्तर्गतको अपराध भएकोमा अवस्था अनुसार सम्बन्धित व्यक्ति वा अन्य जोसुकैले तोकिएको हदम्यादभित्र अपराधको सूचना सम्बन्धित प्रहरी कार्यालयमा दिन सक्ने अवस्था रहन्छ ।
- फौज्दारी मुद्दामा क्षतिपूर्ति वा घाउ खर्चको प्रश्न उठेमा सोही मुद्दाबाट भराई दिइन्छ ।

**कानून उल्लंघनमा उपचार र उपचार उपलब्ध गराउने निकायहरु**

- सामान्यतः कानून भन्दा माथि कोही हुदैन भन्ने मान्यता अनुसार कसैले कानूनको उल्लंघन गरेमा त्यसको उपचार कानूनमा व्यवस्था गरिएको हुन्छ ।
- कसैको कानूनी हक अधिकारमा कसैबाट उल्लंघन हुने पुगेमा सो को उपचारका लागि सम्बन्धित व्यक्तिले न्याय खोजेर जान पाउने कुरा कानूनमा नै उद्घोष गरिएको हुन्छ ।
- आजको विश्वमा दण्डरहित समाज वा कानूनको परिकल्पना कुनैपनि राष्ट्रले गर्न सक्ने अवस्था रहेको छैन ।
- कानूनले अधिकार उद्घोष गरेपछि त्यसको संरक्षण र उपचारको माध्यम समेत औल्याइदिनु पर्ने मान्यता रही आएको छ ।
- यदि कानून उल्लंघनमा उपचारको व्यवस्था नहुने हो भने समाज अराजक हुने निश्चित नै छ ।
- संविधान र कानून बमोजिम कानून उल्लंघन गरेको अवस्थामा सो उपचार उपलब्ध गराउने निकायको रुपमा न्यायिक र अर्ध न्यायिक निकाय रहेका हुन्छन ।

➢ जस्तै अदालत, न्यायाधिकरण, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, वन कार्यालय, भूमिसुधार कार्यालय जस्ता निकाय उपचार उपलव्ध गराउनका लागि संविधानमा नै व्यवस्था गरिएको हुन्छ ।

मुलुकमा कानून र व्यवस्था कायम गरी सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार र सुविधा एवं आर्थिक हित कायम राख्न तथा आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी विभिन्न जात, जाति वा सम्प्रदायहरू बीचको सुसम्बन्ध कायम राख्नको लागि मुलुकी ऐन तथा अन्य कानूनमा रहेका देवानी सम्बन्धी व्यवस्थालाई संशोधन र एकीकरण समेतमुलुकी देवानी (संहिता) ऐन, २०७४ आगामी २०७५ भदौ १ गते देखि लागू हुनेगरी आएकोछ । त्यसैगरी मुलुकमा कानून तथा व्यवस्था कायम गरी सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार, सुविधा, आर्थिक हित कायम राख्न, विभिन्न धार्मिक तथा साँस्कृतिक समुदायबिचको सुसम्बन्ध तथा शान्ति कायम गर्न, फौजदारी कसूर निवारण र नियन्त्रण गर्न र तत्सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल फौजदारी कसूर सम्बन्धी संहिताको व्यवस्था गर्न आवश्यक भएकोले, मुलुकी अपराध (संहिता) ऐन, २०७४ पनि २०७५ भदौ १ गते देखि लागू हुने व्यवस्था सहित आएको छ ।

# अध्याय - पाँच
## नागरिकता र महिला सम्बन्धीत भएका व्यवस्थाहरु:
## नेपालको नागरिक ठहर्ने

यो संविधान प्रारम्भ हुदाका बखत नेपालमा स्थायी बसोवास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ । संविधान प्रारम्भ हुनुभन्दा अघि बंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति ञकुनै व्यक्तिको जन्म हुदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति । धारा ११ को उपधारा ५ मा नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ । उपधारा ४ नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ । उपधारा ६ मा नेपाली नागरिकसंग वैवहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ ।
उपधारा ७ विदेशी नागरिकसंग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोवास गरेको र निजले विदेशी मुलुकको अंगिकृत नागरिकता प्राप्त गरेको रहेनछ भने निजले संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ । तर नागरिकता प्राप्त गर्दाको बखत निजका आमा र बाबु दुबै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ ।

**धारा १२ वंशीय आधार तथा लैगिंक पहिचान सहितको नागरिकता:**

यो संविधान बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैगिंक पहिचान सहितको नेपालको नागरिकताको प्रमाण पत्र पाउन सक्नेछ ।

नेपाल नागरिकता ऐन, २०६३

बंशजको नाताले नेपाली नागरिकता प्राप्ती: कुनै व्यक्तिको जन्म हुदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ ।

विदेशी नागरिक संग विवाह गर्ने नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानको हकमा अंगीकृत नागरिकता दफा ५ बमोजिम हुनेछ ।

**दफा ५ अंगिकृत नेपाली नागरिकता प्राप्ती:**

➢ नेपाली नागरिक संग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा तोकिएको अधिकारी समक्ष तोकिएको ढांचामा

निवेदन दिनु पर्नेछ । त्यसरी निवेदन दिदां नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्धको र आफुले विदेशी नागरिकता त्याग्ने कारबाही चलाइको निस्सा पनि साथै पेश गर्नु पर्नेछ ।

- विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट नन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले वदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिए बमोजिम अंगीकृत नागरिकाता प्रदान गर्न सकिनेछ ।

उपदफा ९ २० बमोजिम अंगिकृत नागरिकता प्राप्त गर्न चाहने व्यक्तिले देहायका कागजात संलग्न गरी तोकिएको अधिकारिसमक्ष निदेदन दिनु पर्नेछः(

- आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- नेपालमा जन्म भई स्थायी बसोबास गरेको व्यहोरा खुल्ने सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सिफारिस,
- बाबुको नागरिकताको आधारमा कुनै विदेशी मुलुकको नागरिकता नलिएको निस्सा ।

नागरिकताको प्रमाणपत्र प्राप्तिको लागि निवेदन दिनु पर्नेः दफा ३ बमोजिम वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र बर्ष उमेर पूरा भएको व्यक्तिले तोकिएको अधिकारीसमक्ष देहायका कागजातका प्रतिलिपि संलग्न राखी निवेदन दिनु पर्नेछः ।

- बाबु वा आमा वा आफ्नो वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र, तर, विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाको हकमा यो व्यवस्था लागु हुने छैन ।
- जन्मस्थान र नाता खुल्ने गरि गाउँपलिका वा नगरपालिकाले गरिदिएको सिफारिस । दफा ४ बमोजिम जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर भएको व्यक्तिले तोकिएको अधिकारीसमक्ष देहायका कागजातको प्रतिलिपि संलग्न राखी निवेदन दिनुपर्नेछः ।
- निजको जन्म नेपालमा भएको र नेपालमा स्थायी रुपमा बसोबास गर्दै आएको व्यहोरा खुल्ने गरि सम्धन्धित गाउँपालिका वा नगरपालिकाले गरिदिएको सिफारिस,
- आफ्नो वा परिवारको नामको जग्गाधनी दर्ता प्रमाणपूर्जा वा मोहियानी हकको प्रमाणपत्र वा घरधुरी प्रमाणपत्र वा निर्वाचन आयोगले तयार गरेको मतदाता नामावलीमा निजको बाबु वा आमाको नाम समावेश भएको प्रमाण
- उपदफा ९१०  वा ९२० बमोजिम निवेदन प्राप्त भएपछि तोकिएको अधिकारीले प्राप्त प्रमाणका आधारमा छानविन गरी निजलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनेछ ।
- कुनै व्यक्तिले उपदफा ९१०  वा ९२० बमोजिमका प्रमाणपत्रहरु निवेदनसाथ पेश गर्न नसकेको अजिथामा तोकिएको अधिकारीले स्थलगत सर्जमिन र निवेदकलाई चिन्ने सोही वडामा बसोबास गर्ने कम्तीमा तीनजना नेपाली नागरिकताको प्रमाणपत्र लइसकेको व्यक्तिले सर्जमिनस्थलमै गरेको सनादतको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।
- उपदफा ९४० बमोजिम स्थलगत सर्जमिन गर्दा निवेदक नेपालमा जन्म भई निरन्तर रुपमा स्थायी बसोबास भएको तथ्य स्पष्ट रुपमा उल्लेख भएको हुनु पर्नेछ ।
- उपदफा९३० वा ९४०  बमोजिम छानविन गर्दा कुनै निवेदन नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य नदेखिएमा तोकिएको अवधिभित्र सोही व्यहोराको निर्णय गरी निजलाई सोको जाकारी दिनु पर्नेछ ।

**नागरिकताको प्रमाणपत्र प्राप्तीको लागि निवेदन दिनु पर्ने**

वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने स्रोह वर्ष उमेर पूरा भएको व्यक्तीले तोकिएको अधिकारी समक्ष निवेदन पेश गर्नु पर्ने छ । नागरिकता प्राप्तिको लागि निवेदन  ऐनको अनुसूचि ७ मा उल्लेख भए बमोजिम निम्नानुसारको ढाचामा पेश गर्नु पर्ने छ । म ईश्वरको नाममा शपथ लिन्छु र सत्यनिष्ठपूर्वक प्रतिज्ञा गर्दछु कि नेपाल राज्य, प्रचलित संविधान र कानूनप्रति बफादार रही श्रद्बा एवं निष्ठापूर्वक नेपाली नागरिकको रुपमा आफ्नो कर्तव्य पालना गर्नेछु ।

# अध्याय - छ
# नेतृत्व र अनुयायित्व

**नेतृत्वको अर्थ** :
सामूहिक उद्धेश्य प्राप्तीका लागि व्यक्ति अथवा सामूहका क्रियाकलापलाई प्रभावित पार्ने कार्यलाई नेतृत्व भनिन्छ । यो जुनसुकै परिस्थितिमा अरुहरुको प्रवृत्ति र बानी व्यहोरालाई एउटा आकारमा ल्याउने प्रवृत्ति पनि हो ।
नेताको कार्यभार आफ्ना मानिसहरुलाई जहाँ छन् त्यहाँबाट जहाँ गएका छैनन त्यहाँ लैजाने हो । (Leadership is taking people from where they are to where they have not been.) - Henry Kissinger

त्यसैगरी अर्का विद्वान Warren Bennis / Burt Nanus भन्दछन्, 'अगुवा भनेको असर पार्ने हो, दिशा, मार्ग, कार्य, विचारमा प्रदर्शन हो ।' फलतः सङ्कटमा मोचन, सुस्तिमा प्रगति, चिन्तनमा परिप्रेक्ष्य प्राप्त हुन्छ । त्यसैगरी व्यजल ए Kotter ले 'नेतृत्व परिवर्तनको मेलो हो' भनेका छन् ।
सफलता मिल्ला, नमिल्ला तर पहल परिवर्तनको हुनुपर्दछ । अन्यथा नेतृत्व हुँदैन जसोतसो दैनिकी धान्ने नेतृत्व होइन, दैनिकी बदल्ने नेतृत्व हो ।

**नेतृत्वका स्वाभाविक क्रियाकलापः**
दिशा निर्देशन , सहकर्मीको गोलबन्दी र अभिप्रेरणा नेतृत्वका मुख्य क्रियालप हुन ।

**दिशा निर्देश**
परिकल्पना (Vision) सँगै साकार पार्ने रणनीतिको विकास दिशा निर्देशन (Setting a direction) हो । नेतृत्व दिशा निर्देशनबाट प्रारम्भ हुन्छ । नेतृत्वको दिशा निर्देशन पक्षले योजना उत्पादन गर्दैन; परिकल्पना र रणनीति सिर्जना गर्दछ' । नेतृत्व सङ्गठनको रणनीतिक अभिमुखीकरणमा प्रकट हुन्छ ।

**ख. सहकर्मीको गोलबन्दी**
सहकर्मीलाई तत्पर पार्ने अनि एकै दिशालाई अघि सार्ने अग्रणीका गतिविधि नै गोलबन्दी हो । गोलबन्दीमा सहकर्मीमाझ परिकल्पनाका साथै रणनीतिको सञ्चार, सन्देशलाई विश्वसनीय तुल्याउने प्रयास र सशक्तीकरणको अनुभूतिसमेत पर्दछन् । गोलबन्दी सङ्गठनको कार्य होइन; सञ्चारको चुनौती हो ।

**ग. अभिप्रेरणा**
गोलबन्द सहकर्मीले पनि अप्ठेरो परे हार मान्न सक्तछन् । नेताले अपनत्व, आत्म-सम्मान, प्राप्तिको अनुभूतिजस्ता मानवीय संवेदनालाई प्रज्वलन गर्दछ । नेतृत्व गर्नु भनेको कामलाई अर्थपूर्ण पार्नु पनि हो, जहाँ समर्पणको आव्हान हुन्छ ।

नेतृत्वका विभिन्न शैली (Style) मध्ये दुई मुख्य छन् ।
आदेशात्मक र सहभागितात्मक, **आदेशात्मक** शैलीमा नेताले निर्देशन गर्दछ र कार्यकर्ताले पालना गर्दछन् । आदेशात्मक शैलीमा नेताले अर्काको कुरै सुन्दैन भन्ने भने होइन । सुन्दछ तर आफूलाई जसको कुरो चित्त बुझ्दछ त्यसै भन्दछ । कसैको कुरा पनि चित्त बुझेन भने आदेशात्मक नेताले आफूलाई जे चित्त बुझ्दछ उसै गर्न का निम्ती सहमति जुटाउदछ । आदेशात्मक शैलीमा उ प्रस्तुत हुन्छ ।
आदेशात्मक शैलीमा – नेताले जानेको हुन्छ; ,निर्णय नगर्नुभन्दा गलत निर्णय गर्नु बेस हुन्छ र पालनाका लागि अनुशासन चाहिन्छ भन्ने मान्यता अन्तरनिहित हुन्छन् ।

**सहभागितात्मक** शैलीमा नेताले कार्यकर्ताको विचार बुझ्दछ र सम्मति कायम गर्दछ, जुन साझा निर्देशन हुन्छ । सहभागितात्मक शैलीमा नेता बोल्दै बोल्दैन भन्ने पनि होइन । बोल्दछ तर आफूले भनेकै ठीक हो भन्दैन । सहकर्मीले भनेको कुरो पो ठीक हो कि भनेर सहभागितात्मक नेता खुल्ला रहन्छ । सामूहिक निर्णय फलदायी हुने कुरा मा नेताले विश्वास गरेको हुन्छ ।
सहभागितात्मक शैलीमा –
सबैजनाले जानेका हुन्छन्; छलफलबाट टुङ्गोमा पुगिन्छ र पालनाका लागि स्वामित्व चाहिन्छ भन्ने मान्यता छिपेका हुन्छन् ।

**नेतृत्वमा अपेक्षित गुणहरुलाइ देहाय अनुसार उल्लेख गर्न सकिन्छ ।**

- सपना देख्न मनपराउने ।
- 'गर्न सकिन्छ' भन्ने भावना भएको ।
- इच्छाशक्ती /निर्णय क्षमता/धैर्यता ।
- परिस्थिति अनुरुप आफ्नो कार्यनीति र कार्यशैलीमा परिवर्तन गर्ने लचकता
- अवैयक्तिक महत्वाकांक्षा राख्ने ।
- सहकार्यलाई प्राथमिकता दिदै सहभागितात्मक मुल्यमा विश्वास गर्ने ।
- गरेर गर्न सिकाउने ।
- विपन्नतम सदस्यमा ध्यान दिने ।
- विषयवस्तुको ज्ञान भएको ।
- खुसीले अनुयायित्वमा फर्कने ।

**अनुयायित्व**

- Kissinger का अनुसार 'आफ्ना मानिसहरु' नेताका आफन्त होइनन्; नेतालाई पछ्याउने कार्यकर्ताका पङ्ति हुन् ।
- साथी, सहकर्मी, समर्थक – नेताका अनुयायी (Followers) हुन्छन् ।

- पछि लाग्ने कोही नभए अगुवा होइन्न; बटुवा होइन्छ ।
- अनुयायीको भूमिका नै अनुयायित्व हो । समर्थनको अर्थ सम्मतिमा सीमित हुँदैन । आवश्यकीय विरोध पनि समर्थन नै हो ।

**अनुयायित्व भूमिका**

- अघि लाग्नेले बाटो बिराएको खण्डमा पछि लाग्नेले बाटो देखाउँदछ ।
- नेता झुक्किएको, अलमल वा आशङ्कामा परेका बेला घच्घच्याउने जिम्मा समर्थककै हो ।
- नेतृत्वलाई पछ्याउने अनुयायित्व सच्याउने भूमिकामा अप्रत्यक्ष्य नेतृत्व हुन्छ ।
- असल नेतृत्वका लागि असल अनुयायित्व चाहिन्छ
- नेतृत्व अनुयायित्वको हाराहारी विकसित हुन्छ । अनुयायित्व कर्तव्यविमुख भएर स्वार्थ, हजुरी, बेवास्तामा झऱ्यो भने नेतृत्व बडप्पन, अलङ्कार, कृपावादमा दिग्भ्रमित भै हाल्दछ ।
- अनुशासित अनुयायित्वमा भने नेतृत्वलाई निष्ठामा अविचलित रहन चुनौती मिल्दछ । समर्थकहरुको विवेकबाट नेतृत्व सिञ्चित हुन्छ ।
- अनुयायित्वको विकासबाटै नेतृत्वको पनि विकास हुन्छ ।

सहभागिताका तीन आयाम : सहभागितात्मक भूमिका प्रत्येक अनुयायीको निम्नानुसारका विषयमा रहनु पर्दछ ।
योगदान गर्नमा , निर्णय गर्नमा , लाभ लिनमा
सत्य बोल्ने अनुयायी र त्यस्तो सत्य सुन्ने नेता भए वेजोड हुन्छ भन्ने भनाई विद्वान वारेन वेनिस को भनाई छ
Followers who tell the truth, and leaders who listen to it, are an unbeatable combination. -Warren Bennis

**निष्कर्ष तथा निचोडः**

दैनिकी धान्ने नेतृत्व होइन; दैनिकी बदल्ने नेतृत्व हो । देखेको गर्ने नेतृत्व होइन; गरेर देखाउने नेतृत्व हो । त्यस्तै, सदस्यलाई बाटो देखाउने नेतृत्व होइन; सदस्यले देखाएको बाटो लाग्ने नेतृत्व हो

## अध्याय - सात
## नेपालको संविधानमा भएका महिला अधिकार सम्बन्धी व्यवस्थाहरु र राष्ट्रिय महिला आयोगको काम , कर्तव्य र अधिकार

नेपालको संविधान(२०७२)मा महिलालाई समान अवसर,पहिचान,पहुंच र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि विभिन्न प्रावधान राखिएका छन् ।
धारा ३८. मा रहेको महिलाका मौलिक हकहरु :
१.प्रत्येक महिलालाई लैङ्गीक भेदभाव विना समान वंशीय हक हुनेछ ।
२. प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
३.महिला विरुद्ध धार्मिक,सामाजिक,सांस्कृतिक परम्परा,प्रचलन वा अन्य कनै आधारमा शारीरिक,मानसिक,यौनजन्य,मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पिडितलाई कानुनबमोजिम क्षतिपूर्ती पाउने हक हुनेछ ।
४.राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागि हुने हक हुनेछ ।
५.महिलालाई शिक्षा,स्वस्थ्य,रोजगारी र सामाजिक शुरक्षामा सकरात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
६. सम्पत्ती तथा पारिवारिक मामिलामा दम्पत्तीको समान

**राज्यका नीतिहरुः**

**सामाजिक न्याय तथा समावेशी नीति**

१.असहाय अवस्थामा रहेका एकल महिलालाई सीप,क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने,
२.जोखिममा परेका,सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना,संरक्षण, शसक्तिकरण गरी स्वावलम्बी बनाउने,
३. प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,
४.बालबच्चाको पालन पोषण,परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रुपमा मूल्यांकन गर्ने,
६.मुक्त कमैया,कम्लहरी, हरवा, चरवा, हलिया, भूमिहिन, सुकुम्बासीहरुको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै प’नःस्थापना गर्ने,
७. .सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग,क्षेत्र र समँदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने

**सङ्घीय व्यवस्थापिका**

- ✓ समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको सभामुख र उपसभामुख तथा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष फरक फरक लिङ्गको हुनुपर्ने ।
- ✓ सङ्घीय संसद र प्रदेशसभामा निर्वाचनहुने क'ल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी सुनिश्चित गरिएको ।
- ✓ राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला निर्वाचन हुने र मनोनित गर्दा कम्तीमा एक जना महिला समावेश गर्नु पर्ने ।

सभामुख र उपसभामुख तथा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष फरक फरक लिङगको हुनुपर्ने ।

प्रदेश व्यवस्थापिका:

- ✓ समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेशसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिदां जनसंख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ ।
- ✓ प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ ।
- ✓ प्रदेश सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रदेश सभामुख वा प्रदेश उपसभामुखमध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ ।

**स्थानीय कार्यपालीका र व्यवस्थापिका**

- ✓ गाउउँसभाको निर्वाचनको अन्तिम परिमाण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँसभाका सदस्यहरुले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य समेत गाउं कार्यपालीकाको सदस्य हुने छन् ।
- ✓ नगरसभाको निर्वाचनको अन्तिम परिमाण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगरसभाका सदस्यहरुले आफ''मध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य हुने छन् ।
- ✓ जिल्ला सभाले कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ ।
- ✓ गाउँसभा र नगरसभामा प्रत्येक वडाबाट कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुनेछ ।

**विविध:**

- ✓ राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समूदायको हुने ।
- ✓ राष्ट्रिय महिला आयोग,समावेशी आयोग लगायतका विभिन्न आयोगहरुको व्यवस्था ।
- ✓ राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदुत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।
- ✓ संवैधानिक निकाय र अन्य निकायका पदमा समावेशी सिद्धान्तका आधारमा नियुक्त गरिने ।

**राष्ट्रिय महिला आयोगको काम कर्तव्य र अधिकारहरु**

राष्ट्रिय महिला आयोगको गठन २०५८ सालमा भएको हो । महिला हक ,हितको संरक्षण र संबद्धन गरी विकासको मूलप्रवाहमा महिलालाई प्रभावकारी रुपमा समाहित गर्न र महिला अधिकार एवं लैङ्गीक न्याय गरी विकासको मूलप्रवाहमा ल्याइ महिला अधिकार एवं लैङ्गीक न्याय कायम गर्ने अभिप्रायले महिला आयोग ऐन २०६३ लागू भएको छ । नेपालको संविधान ले महिला आयोगलाइ संबैधानिक आयोगको रुपमा व्यवस्था गरेको छ ।

- ✓ महिलाको हक हितसंग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने
- ✓ महिलाको हक हितसंग सम्बन्धीत कानुन वा नेपाल पक्ष भएको अन्तराष्ट्रिय सन्धि वा संभ्कौता अर्न्तगत दायित्व कार्यन्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यन्वयनको उपाय सहित नेपाल सरकारलाइ सुभ्काव दिने
- ✓ महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा,अनुगमन,तथा मूल्यांकन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाइ सिफारिस गर्ने
- ✓ लैङ्गीक समानता,महिला सशक्तिकरण तथा महिलासंग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन,अनुसन्धान गरी त्यस्ता कान'नमा गनुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने ।
- ✓ महिला अधिकार संग सम्बन्धीत नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा संभ्कौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुभ्काव दिने ।
- ✓ महिला हिंसा वा सामाजिक कुरितिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा बञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।

राष्ट्रिय महिला आयोगले आफ्नो काम,कर्तव्य ,अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

- ✓ राष्ट्रिय महिला आयोगको अन्य काम,कर्तव्य,अधिकार तथा अन्य व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

# अध्याय - आठ
# नेपालको संविधान र बालअधिकार

संविधान राष्ट्रको मूल कानून हो । मूल कानूनका आधारमा नै राज्यका कानून,नियम,नीति तथा कार्यक्रमहरु बनेका हुन्छन् । संविधान संग बाझिने कानून अमान्य हुन्छन् । संविधानमा व्यक्ति,समूदाय तथा समूहको अधिकारका बारेमा र अधिकार उल्लङ्घन भएमा कसरी सो अधिकार प्राप्त गर्ने भन्ने बारे मा लेखिएको हुन्छ । सामान्यतया कुनै पनि व्यक्ति तथा समूहको आधारभूत अधिकारलाई संविधानको मैलिक हक र कर्तव्यका बारेमा उल्लेख गरिएको छ । संविधानको धारा १६ देखि ४८ सम्म गरी ३३ वटा धाराहरुमा मौलिक अधिकार र कर्तव्यको व्यवस्था गरिएको छ ।यसबाट व्यक्ति,समूदाय तथा समूहको राज्यसंगको प्रत्यक्ष सम्बन्ध स्थापित हुन्छ । साथै,संविधानमा राज्यका प्रमुख अङ्गहरु सरकार,संसद र अदालत तथा स्थानीय सरकार,सेना,प्रहरी आदि संयन्त्रहरुको गठन प्रकृया र कार्यहरुको बारेमा उल्लेख भएको हुन्छ ।

नेपालको संविधान,२०७२ संविधानसभाबाट मिति २०७२ भदौ३० गते पारित भएको थियो । २०७२ असोज १ गते संविधान सभाका अध्यक्षबाट प्रमाणीकरण भई मिति २०७२ असोज ३ गते नेपालका तत्कालीन राष्ट्रपतिबाट औपचारिक रुपमा घोषणा भएको हो ।

नेपालको संविधान २०७२ का विशेषताहरुः

- ✓ संविधानले नेपाललाई संघीय राज्य व्यवस्थालाई स्वीकारेको छ ।
- ✓ राष्ट्रप्रमुखको रुपमा राष्ट्रपति रहने र सरकार प्रमुखको रुपमा प्रधानमन्त्री रहने व्यवस्था रहेको छ ।

नेपालको संविधानमा बालअधिकारका मूलभूतः सिद्धान्तहरुसहित बालअधिकारका आधारभूत मान्यताहरुलाई स्पष्ट रुपमा अंगीकार गरिएकोले बालअधिकारको दृष्टिकोणबाट यो संविधान अत्यन्तै प्रगतिशील देखिन्छ ।संविधानको धारा ३९ अन्तर्गत बालबालीकाको हक शीर्षकमा १० वटा उपधारामा बालबालीकाको विकास,संरक्षण,सहभागिता लगायतको हकको प्रत्याभूति गरिएको छ । नेपालको संविधानमा राज्यको निर्देशक सिद्धान्त,नीति तथा दायित्व अन्तर्गत सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति अन्तर्गत बालबालीकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिने भन्ने व्यवस्था उल्लेख भएको छ ।

धारा ३९ः बालबालीकाको हक

- ➢ प्रत्येक बालबालीकालाई आफ्नो पहिचान सहित नमाकरण र जन्मदर्ताको हक हुनेछ ।
- ➢ प्रत्येक बालबालीकालाई परिवार तथा राज्यबाट शिक्षा,स्वस्थ्य,पालन पोषण,उचित स्याहार,खेलकुद,मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।
- ➢ प्रत्येक बालबालीकालाई प्रारम्भीक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।
- ➢ कुनै पनि बालबालीकालाई कलकारखाना ,खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाउने छैन ।
  कुनै पनि बालबालीकालाई बालविवाह,गैरकानून ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।
- ➢ कुनै पनि बालबालीकालाई सेना,प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार,उपेक्षा वा शारीरिक,मानसिक,यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।
- ➢ कुनै पनि बालबालीकालाई घर,विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक,मानसिक,यौनजन्य वा अन्य कुनै पनि प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।
- ➢ प्रत्येक बालबालीकालाई बालअनुकुल न्यायको हक हुनेछ ।
- ➢ असहाय,अनाथ,अपाङ्गता भएका ,द्धन्दपीडित,विस्थापित एवं जोखिममा रहेका बालबालीकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।
- ➢ उपधारा ४,५,६ र ७ विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडीत बालबालीकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**बालबालीका संग सम्बन्धीत अन्य धाराहरुः**

**धारा ११**(४)

नेपालभित्र फेला परेका पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ ।

**धारा २९**

- ➢ प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ ।
- ➢ धर्म,प्रथा,परम्परा,संस्कार,प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन।
- ➢ कसैलाई पनि बेचविखन गर्न,दास वा बाँधा बनाउन पाइने छैन ।
- ➢ कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन ।
- ➢ उपधारा ३ र ४ विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडीतलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**धारा ३१.शिक्षा सम्बन्धी हक**

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुंचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

**धारा:३५ स्वास्थ्य सम्बन्धी हक हुनेछ ।**

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवा बाट वञ्चित गरिने छैन ।
- प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।
- प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुनेछ ।

**धारा: ३८ महिलाको हक**

प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वस्थ्यसम्बन्धी हक हुनेछ ।

**धारा:४३ सामाजिक शुरक्षाको हक**

आर्थिक रुपले विपन्न ,अशक्त र असहाय अवस्थामा रहेका,असहाय महिला,अपाङ्गता भएका ,बालबालीका,आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

**धारा ५१.राज्यका नीतिहरु**

**श्रम र रोजगारसम्बन्धी नीतिः**

बालश्रम लगायत श्रमशोषणका सबै रुपको अन्त्य गर्ने ।

सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिः

# अध्याय - नौ

# नेपालमा मानव बेचबिखनको अवस्था, यस विरुद्ध नीतिगत र योजनागत प्रयासहरुः

- मानव बेचबिखन तथा ओसारपसारको वर्तमान अवस्था
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि भएका व्यवस्थाहरु
- मानव बेचबिखन तथा ओसारपसारको विरुद्धको क्षेत्रमा मन्त्रालय र राष्ट्रिय समितिबाट भएका पहलहरु
- लैंगिक हिंसाको एक स्वरुप
- विश्वव्यापी रुप ग्रहण गरिरहेको गंभीर सामाजिक अपराधिक समस्या
- अपराधिक समुहको व्यवस्थित नेटवर्क मार्फत संचालित अपराधिक फाईदाजन्य व्यवसाय

**विशेषतः यौनजन्य शोषणको लागि हुनेगरेको मानव बेचबिखन विश्वव्यापी समस्याको रुपमा रहेको**

- मानव बेचबिखन रुपी व्यापारबाट विश्वव्यापी रुपमा बार्षिक करीब ३२ अरब अमेरिकी डलर आर्जन हुने गरेको
- विश्वव्यापीरुपमा हुने मानव बेचबिखन मध्ये ७५-८० प्रतिशत बेचबिखन यौनजन्य शोषणको लागि हुने गरेको
- विश्वभरमा करीब २ करोड ७० लाख वयस्क र १ करोड ३० लाख बच्चाहरु बेचबिखनमा पीडितको रुपमा रहेको
- मानव बेचबिखनको फेरिदो आयाम तथा रुपहरु शारीरिक अंगहरु (मृगौला, कलेजो, रगत) को तस्करी
- करीब १७ प्रतिशतलाई Forced Labor को रुपमा राखिने गरेको
- ३ जना मध्ये २ जना पीडित महिला तथा बालबालिका हुने गरेको

**नेपालमा मानव बेचबिखन**

**विगतमा**

सीमापारी भारतीय शहरहरुमा यौन व्यवसायमा प्रयोग र यौन शोषणका लागि गरिने मानव बेचबिखन तथा ओसारपसार

**हाल**

- चीनको सीमावर्ती क्षेत्रमा हुने बेचबिखन
- आन्तरिक बेचबिखन (मनोरन्जन उद्योगमा काम गर्नको लागि)
- भारत बाहेक तेस्रो मुलुकहरु श्रम आप्रवासनको क्रममा

- ➢ मानव अंगको प्रत्यारोपणका लागि
- ➢ मागंने बनाउने, बधुवा मजदुर बनाउने
- ➢ लागु औषध तथा हातहतियार ओसारपसार गर्न प्रयोग गर्नका लागि

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति को गठन

(क) सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय — अध्यक्ष
(ख) सहसचिव, श्रम मन्त्रालय — सदस्य
(ग) सहसचिव, गृह मन्त्रालय — सदस्य
(घ) सहसचिव, परराष्ट्र मन्त्रालय — सदस्य
(ङ) सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय — सदस्य
(च) प्रहरी नायव महानिरीक्षक, नेपाल प्रहरी — सदस्य
(छ) मानव बेचबिखन तथा ओसापसार विरुद्धको क्षेत्रमा कार्यरत संस्था वा व्यक्तिहरु मध्येबाट यथासम्भव समावेशी सिद्धान्तका आधारमा मन्त्रालयले मनोनीत गरेको तीन जना — महिला सदस्य
(ज) मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेको दुई जना महिला — सदस्य
(झ) सहसचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय — सदस्य–सचिव

(२) उपनियम (१) को खण्ड (छ) र (ज) बमोजिमका सदस्यहरुको पदावधि चार वर्ष हुनेछ ।

(३) उपनियम (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च) र (झ) बमोजिमको सदस्यमा सम्बन्धित निकायले उपलब्ध भएसम्म महिलालाई मनोनयन गर्नु पर्नेछ ।

सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
अध्यक्ष
(ख) सहसचिव, श्रम मन्त्रालय — सदस्य
(ग) सहसचिव, गृह मन्त्रालय — सदस्य
(घ) सहसचिव, परराष्ट्र मन्त्रालय — सदस्य
(ङ) सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय — सदस्य
(च) प्रहरी नायव महानिरीक्षक, नेपाल प्रहरी — सदस्य
(छ) मानव बेचबिखन तथा ओसापसार विरुद्धको क्षेत्रमा कार्यरत संस्था वा व्यक्तिहरु मध्येबाट यथासम्भव समावेशी सिद्धान्तका आधारमा मन्त्रालयले मनोनीत गरेको तीन जना — महिला सदस्य
(ज) मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेको दुई जना महिला — सदस्य
(झ) सहसचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
सदस्य–सचिव

(२) उपनियम (१) को खण्ड (छ) र (ज) बमोजिमका सदस्यहरुको पदावधि चार वर्ष हुनेछ ।

(३) उपनियम (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च) र (झ) बमोजिमको सदस्यमा सम्बन्धित निकायले उपलब्ध भएसम्म महिलालाई मनोनयन गर्नु पर्नेछ ।

मानव बेचबिखन र ओसारपसारलाई नियन्त्रण गर्न विद्यमान कानुनी व्यवस्थाः

**मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४**

**ऐनको उद्देश्य**

- ➢ मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न,
- ➢ त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण तथा पुर्नस्थापना गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न ।

**यस भित्र ३० वटा दफा,५ वटा परिच्छेद,रहेका छन् ।**

- ➢ नेपाल भित्र वा नेपाल बाहिर बसी नेपाली नागरिक विरुद्ध यस ऐन बमोजिमको कसुर गर्ने जुनसुकै व्यक्तिको हकमा समेत लागु हुने
- ➢ मानव बेचबिखन र ओसारपसार गरेको मानिने : दफा ४ (परिभाषा)
- ➢ मानव बेचबिखनः
- ➢ कुनैपनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,
- ➢ कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- ➢ प्रचलित कानुन बमोजिम बाहेक मानिसको अंग झिक्ने,
- ➢ वेश्यागमन गर्ने ।
- ➢ ओसारपसारः
- ➢ किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,
- ➢ वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपन्च मिलाई जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितीको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आंफुसंग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउंबाट अर्को ठाउंमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने ।

**मन्त्रालयवाट भएका नीतिगत प्रयासहरुः क्रमश...**

- ➢ राष्ट्रिय पुनर्स्थापना कोषको रकम आवश्यकता अनुसार परिचालन

- जिल्लामा गै.स.स. सगंको सहकार्यमा संचालित पुनर्स्थापना गृह संचालनको लागि अनुदान
- उद्धार तथा स्वदेश फिर्तीका लागि आ.व. २०६५/०६६ देखि निरन्तर रूपमा दिल्लीस्थित नेपाली दूतावासलाई प्रत्येक वर्ष रकम उपलब्ध गराउँदै आएको
- आ.व. २०६९/०७० देखि कलकोता स्थित महावाणीज्यदुतावासलाई रकम उपलब्ध गराउँदै आएको
- आ.व. २०७१/०७२ बाट थाईल्याण्ड स्थित राजदूतावासमा रकम उपलब्ध गराईएको
- आ.व. २०७२/०७३ बाट यू.ए.ई स्थित राजदूतावासमा रकम उपलब्ध गराईएको

- "लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केहि नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ को दफा १७ (१क)"मा उल्लेख भए बमोजिमको अदालतको अन्तिम निर्णय पश्चात पुनर्स्थापना कोषबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिने व्यवस्था कार्यान्वयनको लागि जिल्लामा महिला तथा बालबालिका कार्यालयमा निवेदन पर्न आएमा जिल्लास्थीत तत्काल उद्धार कोषवाट प्रक्रिया पुरा गरी रकम उपलब्ध गराई मन्त्रालयमा रहेको पुनर्स्थापना कोषबाट सोधभर्ना माग गर्ने (२०७२।०९।१६)
- मानव बेचबिखन तथा ओसारपसार जस्तो नियन्त्रणका लागि भारत र चीनको सीमा जोडिएका जिल्लाहरुमा निगरानी वढाउनका लागि यस क्षेत्रमा संलग्न सम्पूर्ण सरकारी तथा गैर सरकारी निकायसंग समन्वय गर्न तथा एउटै सीमा नाकामा दुई भन्दा बढी गैर सरकारी संस्थाहरुको निगरानी डेस्क नराख्नुको साथै क्रमस अन्य नाकामा निगरानी डेस्क विस्तार गर्न पहल गर्न जिल्ला समितिलाई निर्देशन पठाउने। (२०७२।१०।२१)
- नेपाल सरकारको सहयोगमा संचालनमा रहेका पुनर्स्थापना केन्द्रमा पीडित तथा प्रभावितलाई राख्न महिला तथा बालबालिका कार्यालयले सिफारिस गर्दा जिल्ला प्रहरी कार्यालयमा घटना दर्ता अनिवार्य रुपमा गर्नु पर्ने व्यवस्था हुन जिल्ला समितिमा दिर्नेशन पठाउने। (२०७२।१०।२१)
- मानव बेचबिखन तथा ओसारपसारवाट पीडित तथा प्रभावितहरुलाई उद्धार गरी स्वदेश फिर्ति गर्दा विदेश स्थीत कुटनैतिक नियोगहरुले अनिवार्य रुपमा नेपाल प्रहरीमा सूचना दिई प्रहरीको समन्वयमा फिर्ता गर्ने तथा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा जानकारी गराउने व्यवस्था हुन परराष्ट्र मन्त्रालय मार्फत सबै नियोगमा निर्देशन पठाउन पत्राचार गर्ने। (२०७२।१०।२१)
- विदेशी नागरिकहरुसंग विवाह गरि सम्बन्धित देशमा पतिसंग जान चाहने नेपाली महिलाहरुसंग सम्बन्धित विषयमा गृह मन्त्रालयवाट भएको निम्न बमोजिमको निर्णयको साथै विदेश जानका लागि इच्छुक महिलाहरुलाई दलालहरुले भीसा लाग्ने सव भन्दा सहज उपायको रुपमा विदेशी संग विवाह गर्ने भनि फकाउने प्रवृत्ति व्यापक रहेको र विवाह गरेर विदेश गए पछि महिलाहरुलाई जवरजस्ती उक्त व्यक्ति संगै बस्न बाध्य बनाउने, श्रम तथा यौन शोषण हुने गरेको घटनालाई आफ्ना नियमित कार्यक्रम कार्यक्रम मार्फत सचेता फैलाउन परिपत्र गर्ने। (२०७२।१०।२१)
- विवाह दर्ता ऐन २०२८ अनुसार नेपाली महिलाले विदेशी पुरुषसंग विवाह दर्ता गरे पश्चात पति रहेको सम्बन्धित मुलुकमा जान चाहेको अवस्थामा देहाय बामोजिमको कागजात पेश गरेको अधारमा मात्र निजलाई अध्यागमन कार्यालयले प्रस्थान अनुमति दिने निर्णय-
  - ✓ निज विदेशी पतिको घर ठेगानाको वर्तमान अवस्था, अर्को विवाह गरे नगरेको र निज विवाहित महिलाको सामाजिक सुरक्षाको प्रत्याभूति सम्बन्धमा सम्बन्धित राजदूतावासले गरिदिएको च्भ। ऋयलाष्ठकबतष्यल ‍िभततभच अध्यागमन विभाग मार्फत बुझि पेश गर्ने।
  - ✓ निज नेपाली महिलाको बाबु, आमा/अभिभावकले निज महिला विदेशी नागरिकसंग विवाह गरि आफ्नो पतिको देशमा जान आफ्नो मञ्जुर रहेको भनी स्थानीय निकायको रोहबर गरिदिएको मञ्जुरीनामा।
  - ✓ विवाह दर्ता प्रमाणपत्र।

## अध्याय - दश
## बाल अधिकारका सिद्धान्तहरु

उमेर,परिपक्वता,परिवारको स्थिति,वातावरण,सक्षमता,अनुभव र उनीहरुले पाएका अवसर,सामाजिकिकरणका आधारमा बालबालीकाको परिभाषामा विविधता हुन्छ । १८ वर्ष भन्दा कम उमेरका सबै बालक वा बालीका हुन् ।

बाल बचाउ संस्थाकी संस्थापिका तथा बाल अधिकार अबधारणाकी जन्मदात्री एगलैण्टन जेब हुन । सन् १९२३ मा एग्लैन्टाइन जेवले शुत्रपात गरेको बालअधिकारको अवधारणाले ६६ वर्षपछि मात्र मूर्त रुप लियो ।१९५९ संयुक्त राष्ट्र संघबाट १० बुंदे "बालअधिकारसम्बन्धी विश्व-घोषणापत्र" जारी भयो सन् १९८९ नोभेम्बर २० का दिन संयुक्त राष्ट्रसंघ महासभाले बालअधिकार सम्बन्धी महासन्धि पारित गर्‍यो । सन् २०००मा बालअधिकार सम्बन्धि महासन्धिका २ वटा ऐच्छिक सन्धिपत्र बन्यो ।उक्त बालअधिकार सम्बन्धी महासन्धिलाई नेपालले १४ सेप्टेम्बर, १९९०मा अनुमोदन गरीसकेको छ । महासन्धीका ५४ धारा मध्ये धारा १ देखि ४० सम्म बालअधिकार सम्बन्धी व्यवस्था छ । नोभेम्बर २० लाई अन्तर्राष्ट्रिय बालअधिकार दिवसका रुपमा मनाउन थालियो । वि.सं.२०१३ सालबाट शुरुवात योजनाबद्ध विकासको थालनीसंगै नेपालले बालबालीकाको शिक्षा,स्वास्थ्य लगायत केही बालकेन्द्रीत कल्याणकारी कार्यको पहल गरेको देखिन्छ ।२०७२ असोज ३ गते संविधान सभाबाट जारी गरिएको नेपालको संविधानले बालबालीकाको विकास,संरक्षण,सहभागिता र बाँच्न पाउने कुरालाई मौलिक कहका रुपमा अंगीकार गर्दै बालबालीकाको सर्वोत्तम हितको व्यवस्था गरेको छ ।

**बाल अधिकारका सिद्धान्तलाइ निम्नअनुसार उल्लेख गरिएको छ ।**

**भेदभाव गर्न नहुने:**
विना अपबाद सम्पूर्ण अधिकारहरु सम्पूर्ण बालबालिकालाई उपलब्ध हुनेछ भन्ने सिद्धान्त र तिनिहरुलाई कुनै पनि किसिमको भेदभावबाट जोगाउनु पर्ने राज्यको कर्तव्य हुनेछ। राज्यले कुनै पनि अधिकारको हनन् गर्नु हुँदैन, बरु ती अधिकारहरुको प्रबर्द्धनको लागि सकारात्मक कार्य गर्नुपर्दछ ।

**बालबालिकाको सर्वोत्तम हित:**
बालबालिकाको सम्बन्धमा गरिने सम्पूर्ण क्रियाकलापहरुले उनीहरुको सर्वोत्तम हितलाई मध्य नजर राख्नेछन् । बाबु आमा वा अन्य जिम्मेवार मानिसहरुले बालबालिकाको हितमा काम गरेनन् भने राज्यले त्यस्ता बालबालिकालाई पर्याप्त स्याहार संभार को व्यवस्था गर्नु पर्ने छ । राज्यले तिनीहरुलाई जिम्मेवरी बोध गराई आआफ्नो दायित्व पालन गर्न सक्षम बनाउँनुपर्दछ ।

**दीर्घ जीवन र विकास:**
प्रत्येक बालबालिकाको बाँच्न पाउने जन्मसिद्ध अधिकार छ । राज्य पक्षले बालबालिकाको दीर्घ जीवन र विकासको लागि यथासम्भव प्रयास गर्ने अठोट गर्नेछ । प्रत्येक परिवार र अभिभावकले बालबालिकाको दीर्घ जीवन र समुचित विकासको निम्ति सुबिधा पुर्‍याउने अठोट गर्ने दायित्व बुझ्नुपर्छ ।

**बालसहभागिता:**
बालबालिकालाई आफ्नो जीवनसंग सम्बन्धित कुनै पनि कुरा वा कार्यविधि सम्बन्धमा विचार प्रकट गर्न पाउने र त्यस विचारको उचित मान्यता र कदर पाउनु पर्ने र निर्णय लिंदा सहभागी हुन पाउने अधिकार छ । महासन्धिमा उल्लेखित बालअधिकारलाई सजिलोसंग बुझ्नका लागि ४ समूहमा राखी व्याख्या गर्न सकिन्छ: बांच्न पाउने अधिकार ,संरक्षणको अधिकार, विकासको अधिकार ,सहभागिताको अधिकार ।

**बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धीमा उल्लेखित मुख्य विषयहरु:**
यस महासन्धीमा जम्मा ५४ धारा हरु रहेका छन् ।

- धारा १ देखि४० बाल अधिकारको व्यवस्था
- धारा ४१ राष्ट्रिय वा अन्तर्राष्ट्रिय मध्ये उत्कृष्टलाइ अवलम्वन गर्न पाउने ।
- धारा ४२ राज्यले प्रचार प्रसार गर्नपर्ने

धारा ४३ देखि ५४ कार्यान्वयन, अनुगमन, मूल्यांकन तथा प्रतिवेदन । महासन्धीका धाराहरुमा उल्लेखित विषयहरुको संक्षिप्त स्वरुप:

धारा१: बालबालीकाको उमेर
अठार वर्ष भन्दा कम उमेरका व्यक्तिलाई बालबालीका मानिन्छ तर कुनै देशको कानुनमा वयस्कको उमेर अठार वर्षभन्दा कम तोकिएको छ भने कानुनमा तोकिएअनुसार मानिने छ ।

धारा २ पक्षपात गर्न पाइदैन
बालबालीका वा उनका आमाबाबु वा बालबालीकाका बैधानिक अभिभावक/संरक्षक जुन सुकै जात,रंग,लिंगको भए पनि तिनले जुन भाषी वा धर्म माने पनि तिनका राजनीतिक वा अन्य विचारहरु जे भए पनि तिनीहरु जुन राष्ट्र वा समाजमा जन्मेको भए पनि उनीहरुलाई ती कुराका आधारमा पक्षपात गर्न पाइदैन। राज्यले उक्त कुराको जिम्मा लिनु पर्दछ ।

धारा ३ बालबालीकाको हितलाइ प्राथमिकता
बालबालीकाको सम्बन्धमा गरिने सबै प्रकारका काम उनीहरुको उच्चतम हितलाई ध्यानमा राखेर गरिनु पर्नेछ । आमाबाबु वा अन्य जिम्मेवार व्यक्तिले बालबालीकाको हितमा काम गरेन भने त्यस्ता बालबालीकाको स्याहार संभारको व्यवस्था गर्ने जिम्मा राज्यले लिनु पर्छ ।

धारा ४: अधिकारहरुको कार्यान्वयन

यस महासन्धीमा उल्लेखित सबै अधिकारहरु उपभोग गर्ने गराउने कुरा सुनिश्चित गर्न राज्यले व्यवस्था गर्नुपर्छ।

धारा ५ मातापिताको भूमिका

महासन्धीले स्वीकार गरेका अधिकारहरु उपभोग गर्न बालबालीकालाई उनका आमाबाबु र परिवारका सदस्यहरुले दिने परामर्श र सहयोगलाई राज्यले मान्यता दिनु पर्छ।

# अध्याय - एघार

## बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२

बालमैत्री एवं लैगिंक समानतायुक्त समाजको निर्माण गर्ने दिशामा योगदान पुऱ्याउने। बाल विवाहमुक्त वातावरणमा बालबालीकाको अधिकारको सुनिश्चितत गर्ने। सन् २०३० सम्ममा नेपालमा बाल विवाह अन्त्य गर्ने।

- ✓ बाल विवाह अन्त्यका लागि विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन र आवश्यकतानुसार कानुनको संशोधन एवं परिमार्जन गर्ने।
- ✓ आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बाल विवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।
- ✓ बाल विवाह विरुद्धमा बालक, किशोर तथा पुरुषहरुको सहभागिता सुनिश्चत गर्ने।
- ✓ बाल विवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, सांस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोर किशोरी , अभिभावक, शिक्षक,धार्मिक , राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरुको क्षमता विकास गरी परिचालन गर्ने।
- ✓ विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मुल्यांकन गर्ने।
- ✓ नेपाल सरकार तथा विकासका साझेदार संस्थाहरुको सहकार्यमा बाल विवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न संस्थागत क्षमता अभिर्बद्धि गर्ने।

**अन्तराष्ट्रिय र क्षेत्रीय प्रतिबद्धताः**

विश्वव्यापी रुपमा बाल विवाहलाई विकास लक्ष्य को प्राप्तीका लागि एक बाधकको रुपमा पहिचान गरी दिगो विकासका लक्ष्यहरुको कार्यसूचीमा बाल विवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ। सन् २०१३ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिबाट बाल विवाह तथा जबरजस्ती हुने विवाह रोकथाम तथा उन्मूलनको सबलीकरणःचुनौती,उपलब्धी,उदाहरणीय अभ्यास र कार्यान्वयनमा रहेका समस्याहरु विषयक प्रस्ताव र यसपछि सोहि वर्षको डिसेम्बरमा संयुक्त राष्ट्रसंघको ६८ औं साधारण सभाबाट बाल विवाह तथा जबरजस्ती हुने विवाह

विषयक प्रस्ताव पारित गरिएपछि बाल ववाह विरुद्धका कार्यक्रमहरु विश्वव्यापी रुपमा उच्च प्राथमिकतामा परेका छन् ।

**राष्ट्रिय कानुनी व्यवस्था तथा नीतिः**
नेपालको संविधानको धारा ३९ को उपधारा ५ ले कुनैपनि बालबालीकालाई बाल विवाह,गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाईने गरी बालबालीकाको हकको रुपमा स्थापित गरेको छ ।यी कार्यहरुलाई संघीय कानून बमोजिम दण्डनीय हुने गरी प्रतिबन्ध लगाएको छ र त्यस्तो कार्यबाट पीडित बालबालीकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितता गरिएको छ ।
पछिल्लो पटक केहि नेपाल कानूनलाई संशोधन तथा खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७२ ले मुलुकी ऐन,२०२० मा संशोधन गरी विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकेको छ ।उक्त कानुनी व्यवस्थाको उल्लघंन गरेमा तीन वर्षसम्म कैद र दश हजार रुपैयासम्म जरिवाना गर्न सक्ने व्वव्स्था समेत गरिएको छ । बालबालीका सम्बन्धी राष्ट्रिय नीति,२०६९ ले बाल विवाहलाई बालबालीकाको हक अधिकार प्रचलनका लागि बाधकको रुपमा पहिचान गरेको छ ।नीतिको रणनीति नं.८.९ मा बाल विवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरुको सहकार्यमा समुदायस्तरका संघ संस्थाहरुलाई परिचालन गर्ने,बाल विवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्थाका साथै बाल विवाह रोक्ने कार्यका लागि स्थानीय निकायलाई थप जिम्मेवारी दिइने कुरा उल्लेख गरिएको छ ।
वर्तमान स्थितिः
नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण,२०११ ले नेपालमा २० देखि २४ वर्ष उमेर समूहका ४१ प्रतिशत महिलाहरुको विवाह १८ वर्ष पुग्नु अगावै भएको उल्लेख गरेको छ । नेपालमा बाल विवाहको दर विकास क्षेत्र,बसोबास क्षेत्र,आर्थिक सामाजिक अवस्था,जातजाति,धर्म,समूदाय तथा शैक्षिक अवस्थाको विविधता र अन्य भिन्नताहरुका आधारमा फरक फरक रहेको छ । शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरुको सामान्यतया कम उमेरमा विवाह हुने गरेको पाईएको छ । राष्ट्रसंघीय जनसङ्ख्या कोषका अनुसार ग्रामीण क्षेत्रमा बसोबास गर्ने मध्ये ४३ प्रतिशत र सहरमा बस्ने मध्ये २७ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै विवाह गर्छन् । अशिक्षा र कम आयस्रोत भएका परिवारका बालीकाहरु बाल विवाहको बढी जोखिममा रहेको पाईएको छ । प्रवेशिका वा सो भन्दा धेरै पढेका महिलाहरुको विवाह गर्ने उमेर २२ वर्ष रहेको देखिन्छ भने विद्यालय नगएका महिलाहरुको विवाह गर्ने उमेर १७ वर्ष भएको देखिन्छ ।

**राष्ट्रिय रणनीतिका सिद्धान्तहरुः**
समानताको अधिकार ,बालबलीकाको सर्वोत्तम हित,बाल बचाउ र विकास,संरक्षण,अर्थपूर्ण सहभागिता,राज्यको दायित्व ।
बालबालीका बिशेषतः
बाल विवाहको जोखिममा रहेका र विवाहित बालिकाहरुलाई राज्यबाट प्रदान गरिने सेवा, सुविधा तथा अवसरहरुको उपभोगका लागि सामना गर्नुपर्ने कठिनाई तथा चुनौतीहरु सम्बोधन गरी समतामूलक पहुंच सुनिश्चित गर्ने ।

बाल विवाहको अन्त्य गर्ने राष्ट्रिय रणनीति कार्यान्वयनमा महिला , बालबालीका तथा समाज कल्याण मन्त्रालयले नेतृत्व दायी भूमिका निर्वाह गर्नेछ र रणनीति कार्यान्वयनको लागि राष्ट्रिय कार्ययोजना तयार गरिनेछ ।
रणनीति तथा कार्ययोजनाको कार्यान्वयन , सरोकारवाला सरकारी , विकासका साझेदार , गैशस , नागरिक समाज संगको समन्वय एवं अनुगमन तथा मूल्यांकनका लागि केन्द्रीय स्तरको कार्यान्वयन , समन्वय र अनुगमन तथा मूल्यांकन समिति रहनेछ ।

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानव अधिकारको दृष्टिकोणबाट आफूले रोजेको व्यक्तिसंग विवाह गर्न पाउने र आफ्नो जीवन साथि चुन्ने अधिकार प्रत्येक व्यक्तिको मानव अधिकार को विषय हो । नेपालको मुलुकी ऐनमा विवाहको लागि कानुनी उमेर २० वर्ष तोकेको छ । विद्यमान संविधानले बाल विवाहलाई पहिलो पटक बाल अधिकार हननको विषयको रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेको छ ।

# अध्याय - बाह्र
# नेपालमा महिला विकास कार्यक्रमको अवधारणा र मुल्यांकन तह

“ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम“ को रुपमा आ.व. २०३९।०४० मा शुरु भएको महिला विकास अभियान कार्यक्रमहरुबाट प्राप्त उपलब्धी, अनुभव र समसामयिक आवश्यकताका आधारमा २०५२ असोज ६ गते “ महिला तथा समाज कल्याण मन्त्रालय“ को स्थापना भयो । महिला तथा समाजका विभिन्न वर्गको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्दै दिगो शान्ति एवं विकासमा उनीहरुको भूमिकालाई सशक्त बनाउने कार्यमा संलग्न महिला तथा समाज कल्याण मन्त्रालयको नाम बालबालिकालाई अझ उच्च प्राथमिकता दिने हेतुले २०५७ मा मन्त्रालयको नाम परिवर्तन गरी “महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय“ नामाकरण गरियो ।साविकमा ७५(हालको७७) वटै जिल्लामा महिला तथा बालबालिका कार्यालय मार्फत मन्त्रालयले आफ्ना कार्यक्रमहरु संचालन गर्दै आई रहेको हो ।

अनभिज्ञ, विपन्न, विभेदित – ग्रामीण नेपालका लाखौं महिला भातभान्छा, सुसार र खेतीपातीको अनन्त दिनचर्याभन्दा पर जीवनको अर्थ खोजिरहेका प्रतीत हुन्छन् । महिला तथा बालबालिका विभागको महिला विकास कार्यक्रम उनीहरूलाई परिवर्तनका अभिकर्ताको रूपमा आफै स्थापित हुन सघाउने खालको हो । आम धारणाविपरीत लघु वित्तको कार्यक्रम यो होइन । प्राकृतिक स्रोतको जगेर्नापट्टि यसको खासै लेनादेना छैन । गरिबी–केन्द्रित हस्तक्षेप पनि यसलाई मान्न मिल्दैन ।

यो त पूर्णतया अघि विकासका नियमित अवसर गुमाएकाहरूको अहिले विकास गर्ने कार्यक्रम हो जसले गर्दा महिलाहरू सशक्त हुन्छन् घरायसी गतिशीलता फेरिन्छ, संरक्षणका मूल्यहरूको पुनरुत्थान हुन्छ र सम्पन्नताले गरिबीलाई पाखा लगाउँदछ । अरू थुप्रै परिलाभहरू पनि मिल्दछन् । कार्यक्रमको प्रत्यक्ष उद्देश्य भने महिलाको सशक्तीकरण नै हो ।

अघि २०३८ सालमा महिला विकास शाखा खडा भएपछि कार्यक्रम पनि त्यही नै नामले चलाइयो । उप्रान्त महिला विकास कार्यक्रम ध्वजाजस्तै भएको छ, जसअन्तर्गत विभागका समस्त गतिविधिहरू सञ्चालन गरिन्छन् । ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम नामक लामै चलेको आयोजना अन्तर्गतको क्रियाकलाप स्तरको कारणले पनि होला प्रारम्भमा त्यसै आयोजनाको नामबाट पनि यो कार्यक्रम चिनिन्थ्यो ।

झन्डै साढे तीन दशकपछि कार्यक्रम देशव्यापी भएको छ । महिला बिकास कार्यकमका लक्षित महिलाहरु भन्नाले ग्रामीण क्षेत्रका २० वर्षमाथिका विपन्न महिला जो कहिल्यै विद्यालय नगएका वा गएता पनि विद्यालय शिक्षा सम्म पनि उत्तीर्ण गर्न नसकेका शैक्षिक रुपमा बञ्चित र आफ्नो जग्गा वा आम्दानीको नियमित स्रोतबाट वर्ष दिन खान नपुग्ने परिवारका आर्थिक रुपमा वञ्चित पर्दछन् ।

कार्यक्रममा १० लाख बढी महिला प्रत्यक्षतः सहभागी छन् । सबभन्दा मुस्किलले पुगिने समूहसम्म पुग्न सकेको भनेर कार्यक्रम कहलिएको छ । हस्तक्षेपको ढाँचा र सशक्तीकरण पहुँच कार्यक्रमका त्यत्तिकै उल्लेखनीय पक्ष हुन् । साङ्गठनिक सिकाइको प्रकाशमा कार्यक्रमको रचनामा सालबसाली परिवर्तन पनि गर्ने गरिन्छ ।

**महिला विकास कार्यक्रमको मूल्याङ्कनका तह**

**आयाम र प्राथमिकता**

लक्ष्यित महिलाको न्यूनतम सशक्तीकरणको स्तर हासिल गर्ने गरी महिला विकास कार्यक्रममा देहायबमोजिम तीनवटा आयाम र पाँचवटा प्राथमिकता रहनेछन् :
मूलप्रवाहीकरण, समावेशीकरण सशक्तीकरण लक्ष्यित महिलाको वैयक्तिक, आर्थिक, सामाजिक सशक्तीकरणमा न्यूनतम स्तर देहायबमोजिम निर्धारण गरिएको छ :

- **लैङ्गिक समता** : छेकबारजन्य चलनको अवज्ञा, व्यावहारिक लैङ्गिक आवश्यकताको संवोधन, पारिवारिक एवं सामुदायिक सकारात्मक कार्य (Affirmative Actions);
- **प्रजनन स्वस्थता** : प्रजनन स्वास्थ्यको प्राथमिक ज्ञान, समस्या बताउने अनि उपचार गराउने तत्परता, पारिवारिक असंवेदनशीलताको अवस्थामा छिमेकी संवेदनशीलता;
- **जीवनोपयोगी शिक्षा** : आफूलाई व्यक्त गर्ने, अर्काका कुराको परख गर्ने, निर्णय लिने आत्मविश्वास;
- **पुगीसरी सम्पन्नता** : वर्षैभरि खान पुग्ने आयस्रोत, भैपरि आए दुई महिनाको निर्वाह खर्च धान्न सक्ने बचत, विद्यालय तहसम्मको शैक्षिक एवं स्वदेशमा उपलब्ध आवश्यकीय उपचार खर्च बेहोर्न सक्ने हैसियत र
- **संस्थागत सहभागिता** : बाहिरी सञ्चार, विस्तारित साथ, आवश्यकताअनुसार नेतृत्व वा अनुयायित्व ९ँर्यायिधभचकजष्ड० बहन गर्ने सक्रियतासहित सामुदायिक सङ्गठनको सदस्यता ।
- उल्लेखित पृष्ठभूमिमा राजनीतिक पुनःसंरचना संगै सामाजिक शुरक्षा तथा महिला बिकास को क्षेत्र समाहित रहेको प्रदेश मन्त्रालयको रुपमा सामाजिक विकास मन्त्रालय रहेको छ ।
- प्रदेश सरकार (कार्यविभाजन) नियमावली,२०७४ अनुसार सामाजिक विकास मन्त्रालय सामाजिक शुरक्षा तथा महिला विकास शाखा अर्न्तगतका कार्यहरु निम्नानुसार रहेका छन् ।
- ३३. महिला हकसम्बन्धी प्रादेशिक नीति,कानून,मापदण्ड तथा योजना तर्जुमा,कार्यान्वयन र नियमन,

- ३४.लैङ्गीक हिंसा,मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धी,संझौता र प्रतिबद्धताको कार्यान्वयन,निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,
- ३५.महिला सशक्तिकरण तथा लैङ्गीक समानतासम्बन्धी अध्ययन,अनुसन्धान
- ३६.लैङ्गीक उत्तरदायी बजेट र लैङ्गीक परीक्षण,
- ३७.बाल बालीकाको हकहित संरक्षणसम्बन्धी प्रादेशिक नीति,कानून,मापदण्ड तथा योजना तर्जुमा,कार्यान्वयन र नियमन, अध्ययन,अनुसन्धान,बालमैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना,
- ३८.प्रदेशस्तरमा ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति र अशक्त,बालबालीकाका र महिलासम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन
- ३९.समाजकल्याण र संघसस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन
- ४५.सामाजिक सुरक्षासम्बन्धी प्रादेशिक नीति,कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन,कोष व्यवस्थापन,नियमन,राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासंग सम्पर्क, समन्वय र सहकार्य, महिला विकास कार्यक्रम देहायका विचारबाट सचांलीत रहेको छ ।

परिकल्पना : सपना समतामय सम्पन्न समुदाय ध्येयः खोजी सार्थक अभिकार्यका लागि विपन्न महिलाको साथ मूल्य स्वावलम्बन ,एकता ,सहभागिता ,समता ,इमान ,स्थानीयता ,छर्लगंता ,भूलसहनशीलता समग्रतामा मूलप्रवाहीकरण, सशक्तिकरण र समावेशीकरण जस्ता रणनीतिको आधारमा समतामय सम्पन्न समुदाय निर्माण गर्न विभिन्न विपन्न वर्गका लागि समयको प्रवाहसंगै सार्थक पहल गर्ने उद्देश्यपूर्तिका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय स्थापना भएको हो । यसरी नै जिल्ला स्तरमा यस कार्यालयबाट नियमित नीति र नियमको आधिनमा रहि कार्य सम्पादन गरि रहेको छ ।

# अध्याय - तेह्र
# महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९

महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि महिलाहरुको मानवअधिकार संरक्षण गर्ने अन्तराष्ट्रिय अधिकारपत्रको रुपमा रहेको छ । यो महासन्धिले महिला विरुद्ध हुने भेदभाव उन्मुलन गर्ने उद्धेश्य लिएको छ। यो महासन्धि संयुक्त राष्ट्र संघको महासभाद्धारा १८ डिसेम्बर, १९७९ मा पारित भई ३ सेप्टेम्बर, १९८१ देखी लागु भएको हो । नेपालले २२ अप्रिल १९९१ (२०४८ को चैत ५) मा अनुमोदन गरेको हो । यसमा ३० धाराहरु रहेका छन् । संयुक्त राष्ट्र संघको वडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध लगायतका अन्तर्राष्ट्रिय स्तरमा भएका मानव अधिकारसम्बन्धी लिखतहरुको व्यवस्था थियो परम्परागत रुपमा महिलाविरुद्ध रहेका भेदभाव पूर्णतः उन्मूलन नभएकोले सन् १९६७ मा संयुक्त राष्ट्र संघको महासभाले **"महिला विरुद्धको सबै प्रकारका भेदभाव उन्मूलन"** सम्बन्धी एक घोषणापत्र पारित गरेको थियो ।

संयुक्त राष्ट्र संघको घोषणापत्र तथा प्रस्तावहरु राज्यलाई कानूनीरुपमा बाध्यात्मक हुने नभई नैतिक बन्धन एवं निर्देशनात्मक प्रकृतिका हुने हुँदा अन्तर्राष्ट्रिय कानूनी लिखतको रुपमा एक महासन्धिको आवश्यकता महसुस गरियो । सन् १९७४ मा यस्तो मस्यौदा गर्ने कार्य प्रारम्भ गरी सन् १९७७ मा सो मस्यौदालाई अन्तिम रुप दिइयो । सन् १९७९ को डिसेम्बर १८ मा संयुक्त राष्ट्र संघ महासभाले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि **(Convention on the Elimination of All Forms of Discrimination against Women)** लाई पारित गऱ्यो ।नेपालले यस महासन्धिलाई २२ अप्रिल १९९१ मा कुनै शर्त विना अनुमोदन गरेको छ ।

**महिला सम्बन्धी महासन्धि किन ?**

- महिलाविरुद्धको भेदभावलाई सही र स्पष्टरुपमा परिभाषित गर्न।
- समानताको सिद्धान्तमा आधारित महिलाका नैसर्गिक तथा प्राकृतिक अधिकारको प्रत्याभूति गर्न ।
- महिलाविरुद्ध हुने सम्पूर्ण भेदभावमाथि पूर्ण प्रतिबन्ध लगाउन ।
- संयुक्त राष्ट्र संघबाट भएका महिला अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय लिखतहरुलाई एकै ठाउँमा समेटेर व्यापक प्रावधान बनाउन ।

- जुनसुकै सामाजिक, आर्थिक तथा राजनीतिक पृष्ठभूमि भएका मुलुकहरुमा पनि सबै स्थानमा महिला अधिकार एकै अर्थमा कार्यान्वयन गर्न सकिने गरी कानूनी व्यवस्था गर्न,
- विभिन्न मुलुकहरुमा कानूनीरुपमा महिला समानताको व्यवस्था भए पनि व्यवहारमा भेदभावपूर्ण अवस्था कायमै रहेकोले अन्तर्राष्ट्रिय स्तरमा समानताको प्रतिबद्धता जाहेर गर्न र राष्ट्रिय स्तरमा अन्तर्राष्ट्रिय दायित्वको निर्वाह गर्न ।
- महिलालाई पुरुषसरह परिवार, समाज, राष्ट्र र विश्व हितमा सहभागी हुन मौका प्रदान गर्न ।
- महिला समानता कानूनी रुपमा मात्र नभएर वास्तविक रुपमा व्यवहारमा उतार्न ।
- महिलाको मानव अधिकारलाई वैधानिक मान्यता दिएको एक महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेज
- राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक क्षेत्रमा लिङ्गको आधारमा पुरुष र महिलाबीच रहेका सबै प्रकारका भेदभाव, असमान व्यवहार, अभ्यास, प्रचलनहरुलाई अन्त्य गर्ने प्रमुख उद्देश्य
- महिलाका मानव अधिकारलाई संरक्षण गर्नका लागि कानूनतः बाध्यात्मक हुने सिद्धान्तहरु अंगीकार

**महिला विरुद्धको भेदभाव**

कुनै पनि विषयमा (राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरु कुनै विषय), कुनै पनि क्षेत्रमा (सार्वजनिक वा नीजि क्षेत्र)जे जस्तो वैवाहिक स्थिति रहेको भए तापनि (अविवाहित, विवाहित, विधवा वा सम्बन्ध बिच्छेद भएकी), अधिकारको मान्यतामा वा उपभोग गर्नमा वा प्रयोग गर्नमा, गरिने भिन्नता वा बहिष्कार वा प्रतिबन्ध हो

**भेदभावलाई पहिचान गर्ने तत्वहरु**

१. प्रत्यक्ष वा अप्रत्यक्ष
२. मनसाययुक्त वा विना मनसाय
३. कानूनी वा वास्तविक
४. सार्वजनिक क्षेत्र वा नीजि क्षेत्र
५. वर्तमान वा ऐतिहासिक/संरचनात्मक

*Convention on Elimination of All Forms of Discrimination Against Women* (CEDAW) मा व्यबस्था भएको महिलाका अधिकारहरु

**बेचबिखन तथा वेश्यावृत्तिको लागि गरिने यौन शोषण विरुद्धको अधिकार ।**

- महिलाको किनबेचन विरुद्धको अधिकार,
- वेयावृत्तिको लागि गरिने यौनशोषण विरुद्धको अधिकार)

**सार्वजनिक तथा राजनीतिक जीवनमा सहभागिताको अधिकार**

- मतदान गर्न पाउने समान अधिकार
- निर्वाचनको लागि योग्य हुने समान अधिकार
- सार्वजनिक पद धारण गर्ने तथा नीति निर्माणमा संलग्न हुने समान अधिकार
- संगठनमा सहभागी हुन पाउने समान अधिकार

**अन्तर्राष्ट्रिय तहमा सहभागी हुन पाउने अधिकार**

- अन्तर्राष्ट्रिय सभा सम्मेलनहरुमा प्रतिनिधित्व गर्न पाउने समान अधिकार
- अन्तर्राष्ट्रिय संघ संगठनमा भाग लिन पाउने समान अधिकार

**राष्ट्रियता सम्बन्धी अधिकार**

- राष्ट्रियता प्राप्त गर्ने, परिवर्तन गर्ने वा धारण गर्ने समान अधिकार ।
- पतिको राष्ट्रियता जेजस्तो भएतापनि महिलाले आफ्नो इच्छाअनुसारको राष्ट्रियता धारण गर्न पाउने अधिकार ।
- सन्तानलाई राष्ट्रियता दिलाउने सम्बन्धमा समान अधिकार ।

**शिक्षा सम्बन्धी अधिकार**

- अध्ययन गर्न र उपाधि पाउने समान अधिकार
- छात्रवृत्ति सम्बन्धमा समान अधिकार
- खेलकूद तथा शारीरिक शिक्षामा भाग लिन पाउने समान अधिकार
- परिवार नियोजनसम्बन्धी सूचना/जानकारी पाउने अधिकार

**रोजगारीको अधिकार**

- रोजगारीमा समान अवसरको अधिकार
- रोजगारी स्वतन्त्ररुपमा चयन गर्न पाउने अधिकार
- समान पारिश्रमिक तथा सुविधाको अधिकार
- पुरा तलब सहितको प्रसूति विदाको अधिकार
- गर्भवती महिलालाई हानिकारक काममा लगाउन नपाउने अधिकार

**स्वास्थ्य सम्बन्धी अधिकार**

- परिवार नियोजन लगायत स्वास्थ्य, स्याहार, सेवा विना कुनै भेदभाव प्राप्त गर्ने अधिकार
- गर्भवती समय, प्रसूती समय र प्रसूति पश्चात्को समयमा चाहिने आवश्यक सेवाहरु प्राप्त गर्न पाउने अधिकार
- गर्भवती समय र स्तनपानको समयमा पर्याप्त पोषण प्राप्त गर्न पाउने अधिकार

**आर्थिक तथा पारिवारिक लाभको अधिकार**

- पारिवारिक लाभ उपभोगमा समान अधिकार
- बैंकको कर्जा वा अन्य प्रकारको ऋण प्राप्त गर्न पाउने अधिकार
- धितो-बन्धकी राख्न पाउने अधिकार तथा खेलकूद,, सांस्कृतिक र मनोञ्जनात्मक गतिविधिमा सहभागिता हुन पाउने समान अधिकार ।

**ग्रामीण महिलाको अधिकार**

- औपचारिक तथा अनौपचारिक तालिम र शिक्षा प्राप्त गर्ने अधिकार ।
- स्वरोजगारीका लागि स्वावलम्बन समूहहरु तथा सहकारी संस्थाहरु गठन गर्न पाउने अधिकार ।
- सबै सामुदायिक क्रियाकलापमा भाग लिन पाउने अधिकार ।
- आवास, सरसफाई, विद्युत्, यातायात, खानेपानी तथा संचारसम्बन्धी व्यवस्थाहरु उपभोग गर्न पाउने अधिकार ।

**कानूनी समानताको अधिकार**

- कानूनको दृष्टिमा समानताको अधिकार
- करार सम्पन्न तथा सम्पत्ति संचालन गर्न पाउने समान अधिकार
- अदालत तथा न्यायधिकरण समक्ष हुने कार्यविधिमा समान व्यवहारको अधिकार
- घुमफिर गर्ने तथा वासस्थान छान्न पाउने स्वतन्त्रता सम्बन्धी समान अधिकार

**विवाह तथा पारिवारिक सम्बन्धको अधिकार**

- जीवन साथी स्वतन्त्र रुपले छान्न पाउने समान अधिकार
- वैवाहिक जीवनको समान अधिकार,
- सम्बन्ध विच्छेदको समान अधिकार,
- सम्पत्तिमा पति-पत्नी दुवैको समानताको अधिकार ।
- पारिवारिक नाम, पेशा र वृत्ति चयन गर्न पाउने अधिकार ।
- सन्तान कति जन्माउने, कहिले जन्माउने भन्ने कुरा निर्धारण गर्न पाउने अधिकार ।
- सन्तानको संरक्षकत्व ग्रहण गर्न पाउने अधिकार ।

# अध्याय - चौध
# महिलाका कानूनी अधिकारहरु : कर छुट र अन्य छुट सम्बन्धी व्यवस्था समेत

**१. पारिश्रमिक आयमा छुटः**

महिलाको पारिश्रमिक आयमा १० प्रतिशत छुट हुने व्यवस्था छ ।

**२.आयकरमा छुटः**

महिला , दलित र अपांगता भएका व्यक्ति हरु मध्ये कम्तीमा ३३ % समेतलाइ समावेश गरि १०० भन्दा बढि नेपाली नागरिकहरुलाई वर्षभरि प्रत्यक्ष रोजगार दिने उद्योगलाइ सो वर्षको आयमा लाग्ने करमा २० % छुट हुने व्यवस्था छ ।

**३. उद्योग दर्तामा छुटः**

महिला को नाममा उद्योग दर्ता गर्दा लाग्ने दर्ता दस्तुरमा ३५% छुट दिइने व्यवस्था छ ।

**४. उद्यमशीलता विकास**ः

महिलालाई उद्यमी बन्न प्रोत्साहन गर्न, महिलाको नाममा उद्योगको स्थापना, सञ्चालन, प्रर्वद्धन एवम् प्रविधि विकासमा सहयोग पु¥याउने विना धितो कर्जा प्रवाह गर्न महिला उद्यमशीलता विकास कोष स्थापना भएको छ । सो कोषबाट एक आर्थिक वर्षमा रु. ५ लाखसम्म ६ प्रतिशतको व्याजदरमा कर्जा प्रवाह हुने व्यवस्था छ ।

**५.घर-जग्गा रजिष्ट्रेशन दस्तुरमा छुट :**

जुनसुकै प्रकारबाट महिलाको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखितको रजिष्ट्रेशन दस्तुरमा २५ प्रतिशत छुट हुने व्यवस्था छ । साथै हिमाली क्षेत्रमा तोकिएको स्थानको घर-जग्गाको स्वामीत्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त नाममा लिखित गर्न चाहेमा सो लिखितमा जम्मा एकसय रुपैंया मात्र रजिष्ट्रेशन दस्तुर लाग्ने छ ।

**६. पति-पत्नी दुवैको नाममा जग्गा दर्ता :**

जग्गा दर्ता गर्ने निर्णय गर्दा विविहित व्यक्तिको हकमा पति-पत्नी दुवैको संयक्त नाममा दर्ता गर्ने व्यवस्था छ ।

**७. लैङ्गिक हिंसाका पिडितहरुलाई सहायता :**

लैङ्गिक हिंसाबाट पिडितलाई देहायबमोजिमको राहत तथा आर्थिक सहायताको व्यवस्था छ ।

(क) पिडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा यातायात र खाना खर्चबापत प्रतिदिन रु. २५०।-ले बढीमा रु. ३,०००।-

(ख) औषधि उपचार खर्चबापत बढीमा रु. २,०००।-

ग) कानुनी सहायता मनोवैज्ञानिक उपचार वा मनोपरामर्शका लागि रु. ५,०००।- मा नबढ्ने गरी लागेको यथार्थ खर्च ।

घ) व्यवसाय सञ्चालन गर्न बीउ पूँजीको रुपमा वस्तु तथा नगद गरी बढीमा रु. २०,०००।-

ङ) पुनस्थापनाका लागि बढीमा रु. ५,०००।- ।

च) सञ्चालक समितिले तोकेको कामका लागि बढीमा रु. १०,०००।-

छ) माथिका रकमहरु अपर्याप्त ठहरिएमा राहत समितिले बढीमा रु. २,०००।- सम्म थप गर्न सक्ने ।

ज) पिडितलाई गम्भीर तथा मानवीय क्षति हुने देखिएमा पछि अनुमोदन गराउने गरी सञ्चालक समितिको अध्यक्षले रु. ५०,०००।- मा नबढ्ने गरी मनासिव माफिकको रकम

**८. एकल महिला सुरक्षा सहायता :**

एकल महिलाका लागि उद्धार राहत, औषधि उपचार, कानुनी सहायता, शिक्षा र सीपमूलक तालिमका लागि जिल्लास्तरीय समितिको निर्णयबाट देहायबमोजिमको सहयोगको व्यवस्था छ ।

क) जिल्लास्तरीय समितिले तोकेबमोजिम तत्काल उद्धार,राहत तथा पुनस्थापनाका लागि बढीमा रु. ५,०००।- ।

ख) घरैमा बसी उपचार गराउदा आतेजो भाडा, परीक्षण तथा औषधिवापत रु. २,०००।- सम्मको बीलबमोजिमको रकम ।

ग) अस्पताल भर्नाभई उपचार गराउँदा यातायात, परीक्षण, औषधीका अतिरिक्त बिरामी र कुरुवा एकका लागि प्रविव्यक्ति प्रतिदिन रु. ३००।- ले ६५,०००।- सम्मको बीलबमोजिमको रकम ।

ङ) कानुनी सहायताअन्तरगत यातायाय, कानुनी दै-दस्तुर, सेवावापत बढीमा सामान्य अवस्थामा रु. ५,०००।- र विशेष अवस्थामा विशेष निर्णयबाट बढीमा थप रु. २५,०००।- सम्म बीलबमोजिमको रकम ।

च) सीप तथा उद्यमशीलता तालिममा रु. ५,०००।- र अन्य तालिममा रु. १५,००।- गरी प्रतिव्यक्ति बढीमा जम्मा रु. ६५,००।- ननाघ्ने

(छ) केन्द्रिय समितिको लिर्णायले एकल महिलाको हक र अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थालाई बढीमा रु ५०,०,००० ।

(ज) स्वरोजगार अर्न्तगत जिल्लास्तरीय समितिको अनुसार प्रतिपरिवार बढीमा रु २५,००० ।

**९.मानब बेचविखान तथा ओसारप्रसारबाट पीडितलाई सहायताः**

मानब बेचविखान तथा ओसारप्रसारबाट पीडितलाई देहायअनुसारको सहयोगको व्यवस्था छ ।

(क) पुनर्स्थापना केन्द्ध स्थापना र सञ्चालन गरी पीडितहरुलाई राख्ने व्यवस्था ।

(ख) केन्द्धमार्फत औषधि उपचार र परामर्श सेवा ।

(ग) कसुरदारबाट जरिवानाको ५० प्रतिशतमा नघट्ने गरी क्षतिपुर्ति भराईदिने व्यवस्था छ । यदि कसुरद्धार निम्न आर्थिक हैसियतको वा अन्य कुनै कारणबाट क्षतिपूर्ति पाउँने व्यवस्था नभएमा पुनर्स्थापना केन्द्धबाट क्षतिपूर्ति भराइदिने ।

**१०. घरेलु हिंसाका पीडितहरुलाई सहायता :**

घरेलु हिंसाका कारण शारीरिक वा मानसिक यातना पुगेकोमा उपचार गराउँदा लागेको खर्च र हिंसाबाट अशक्त भै अस्पतालमा उपचार गराउँदा लागेको सम्पुर्ण खर्च पीडकले व्यहोर्नुपर्ने व्यवस्था छ ।

**.घरेलु हिंसाका पीडितहरुलाई जिल्ला सेवा केन्द्धबाट उपलब्ध हुने सहायता देहायअनुसार छ ।**

(क) पीडितले औषधि उपचारार्थ सुरक्षित अल्पकालिन आश्रयमै बसी उपचार गराउँदा यातायात भाडा,परीक्षण तथा औषधिबापत रु .२,००० । सम्म ।

(ख) अस्पताल भर्ना भै उपचार गराउँदा यातायात , परीक्षण तथा औषधिका अतिरिक्त ५ दिन सम्मको विरामी र कुरुवाको लागि प्रतिव्यक्ति प्रतिदिन रु.३००० । ले बढीमा रु.६,५०० सम्म ।

(ग) विशेष अवस्थामा विशेष निर्णबाट बढी थप रु. ४,००० । सम्मको याथर्थ खर्च ।

(घ)कानुनी उपचारका लागि एक जाना साथी समेत अदालत आतेजातेको भाडा , दस्तुर र सेवाबापत सामन्य अवस्थामा प्रतिव्यक्ति रु. २,५००० । तथा विशेष अवस्थाको विशेष निणर्यबाट थप रु.२,००० । सम्मको यथार्थ खर्च ।

(ङ) अल्पकालीन आश्रयमा रहँदासम्म प्रतिदिन फुटकर खर्च रु. १५ ।

(च) फिर्ता सप्रेशण गर्दा साथीसमेतको मितव्ययी भाडा तथा बीचमा बास बस्न नपरे प्रतिव्यक्ति यात्रु खर्च रु.५० । र बास बसन पर्ने भए प्रतिव्यक्ति प्रतिदिन रु ३०० ।

(छ) अल्पकालीन आश्रयमा रहँदा खानेकुराकालागि साथीसमेतको दैनिक रु. ३०० ।

(ज) मनोसामाजिक विमर्श प्रधान गर्न प्रतिव्यक्ति रु. १,००० । सम्म ।

११.बोक्सीको आरोपबाट पीडितलाई सहायता : बोक्सीको आरोपबाट पीडित भएको व्यक्तिलाई देहायअनुसार सहायता दिने व्यवस्था छ ।

(क( पीडित व्यक्ति शारीरिक वा मानसिक रुपमा अशक्त भई उपाचार गराउँन परेमा निजलाई उपचार गराउँदा लागेको र कुरुवा राख्या भएको सम्पुर्ण खर्च पीडकले व्यहोर्नु पर्ने । पीडकको आर्थिक अवस्था कमजोर भएमा सो खर्च लैंगिक हिंसा निवारण कोषबाट सोधभर्ना हुने ।

ख) पिडकबाट पीडितलाई क्षतिपूर्ति दिने । पिडकको आर्थिक अवस्था कमजोर छ भने अदालतलाई लागेमा उक्त क्षतिपूर्ति नेपाल सरकारले बेहोर्ने गरी आदेश दिने ।

ग) पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न आवश्यक भएमा पीडितलाई सेवाकेन्द्रमा राख्ने ।

प्रसुति बिदाः महिला निजामती कर्मचारी सुत्केरी भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन तलवी प्रसूति बिदा, शिशु स्याहार भत्ता एवं पुरुष निजामती कर्मचारीको पत्नी सुत्केरी भएमा त्यस्तो कर्मचारीले सुत्केरीको अघीपछि गरी १५ दिन तलवी प्रसूति स्याहार बिदा पाउने व्यवस्था रहेको छ । निजामती सेवामा आरक्षणः निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिता द्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्ट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसमध्ये महिलाको ३३ प्रतिशत आरक्षण गरिएको छ ।

# अध्याय - पन्ध्र
# मानव अधिकारको अवधारणा र राज्यको दायित्व

मानवअधिकारका बारेमा कुरा त धैरैले गर्दछन् तर यसकालागि काम थोरैले मात्र गर्दछन् । **-मार्क टोइन**

**मानव अधिकार**

- वस्तवमा मानव अधिकारको उत्पत्ति कहिले र कहाँ भयो भनेर यकीन गर्न कठीन छ ,
- क्रिश्चियन धर्मावलम्बीले मानव अधिकारको विकास पश्चिमी क्रिश्चियन सभ्यतामा रहेको भन्ने
- हिन्दू र बुद्धिजम्ले पनि आ आफ्नो धर्मबाट नै मानव अधिकारको अवधारणाको विकास भएको मान्ने ,
- त्यस्तै अवधारणा ईश्लाम धर्मको पनि रहेको ।

**मानव अधिकारका आधारभूत सिद्धान्तहरु**

- विश्वव्यापकता
- विभाजन गर्न नसकिने
- अन्तरसम्बन्धित
- समानता
- भेदभावरहितता न्याय

- मानव अधिकार भन्नाले व्यक्तिका प्रकृति प्रदत्त, विश्वव्यापी, अहरणीय, नैसर्गिक अधिकारहरु हुन जुन मानव जिवनका लागी अत्यन्तै आवश्यक र महत्वपुर्ण हुन्छ ।
- ति अधिकारहरु मानवको जिवन स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छन् जसको पुर्ण प्रत्याभुतिको निम्ति राज्यले अर्न्तराष्ट्रिय रुपमा विभिन्न किसिमका सन्धि सम्फौताहरु मार्फत सहमति जनाएको हुन्छ । जनताहरुको निम्ति नागरिक अधिकारको रुपमा संविधान वा मुल कानुनमै व्यवस्था गरिएको हुन्छ ।
- यस्ता अधिकारहरुको पुर्ण प्रत्याभुतिको निम्ति व्यक्तिले राज्य वा संसार विरुद्धको समेत अधिकार राख्दछ ।

- मानवअधिकार विश्वको जुनसुकै कुनामा बसेको मानिसले उपभोग गर्न पाउँदछ । ठुलो देश सानो देश, धनी-गरीब भनेर अधिकारलाई कमबेसी गर्न पाइदैन । संसारभरकै सानो जात, ठुलो जात, पुरुष-महिला, कालो-गोरो,

धनी-गरीब आदिको आधारमा भेदभाव नगरी उपभोग गर्न पाउने भएकाले यो विश्वव्यापी अधिकार हो ।

- ❖ मानिसले मानवजस्तै भएर अर्थात सुख, सम्मान र शान्तिपुर्वक बाँच्नका लागि कुनै पनि अधिकारलाई कटौती गर्न हुदैन । जस्तै, मानिसले खान लगाउन पाएन भने, बस्न पाएन भने उसले शिक्षा प्राप्त गर्न पनि सम्भव हुदैन । त्यसैले यी अधिकारहरु एकअर्कासित सम्बन्धित छन् । यिनलाई विभाजन गरेर हेर्न मिल्दैन । त्यसैले भनिन्छ - रोटी विनाको स्वतन्त्रता र स्वतन्त्रता विनाको राटी दुवै निरर्थक छन् । त्यसैले मानव अधिकारलाई विभाजन गर्न मिल्दैन, यो अविभाज्य छ ।
- ❖ मानिसलाई सम्मानपुर्वक बाँच्न नभई नहुने सबै कुराहरु मानवअधिकार भित्र पर्दछन् ।

  "मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासंग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धि अर्न्तराष्ट्रिय सन्धिसम्झौतामा निहित अधिकार सम्झनु पर्दछ ।"

**मानव अधिकार आयोग ऐन २०५३ , मानव अधिकारका आधारभुत मान्यताहरु :**

- जन्मसिद्ध अधिकार
- अहरणीय अधिकार
- समानताको अधिकार
- स्वतन्त्रताको अधिकार
- विभेदबाट संरक्षणको अधिकार
- जन अनुमोदन
- कानूनको शासनको ग्यारेन्टी

**मानव अधिकारको संरक्षणका लागि भएका ऐतिहासिक प्रयासहरु**

- Petition of Rights, १६२८ र राजाले संसदको सहमती बेगर कर वा ऋण उठाउन नपाउने, मनोमानी किसिमले गिरफ्तार गर्न र बन्दी बनाउन नपाइने, शान्तिको समयमा सैनिक कानूनको प्रयोग अबैधानिक हुने आदि ।

- Habeas Corpus Act, 1640 & 1649 : कानून विपरित थुनामा राख्न नपाइने, नागरिकलाई संसदको स्वीकृती बेगर कर तिर्न बाध्य नपारिने, राजाले आफ्नो इच्छा अनुसार जमानतको रकम तोक्न नपाउने आदि ।
- Bill of Rights, 1689 : कानूनको अगाडी समानता, संसदबाट पारित कानूनको सर्वोच्चता, कुनैपनि व्यक्तिलाई क्रुर र अमानवीय यातना दिन नहुने, व्यक्तिगत सम्पत्ती सम्बन्धी अधिकार हुने आदि ।
- अमेरिकी स्वतन्त्रताको घोषणा, १७७६ : जीवनको स्वतन्त्रता, सम्पत्तीको स्वतन्त्रता, कानूनको पश्चातदर्शी असर विरुद्धको अधिकार, विचार र अभिव्यक्तिको स्वतन्त्रता, गैरकानूनी थुना विरुद्धको अधिकार आदि ।

**मानव अधिकार किन ?**

**जनताको मौलिक अधिकार संरक्षण गर्नका निम्ति**

२) जनतालाई राज्य प्रतिको उत्तरदायित्व बोध गराउनका निम्ति
३) एउटा व्यक्तिले अर्को व्यक्तिको अधिकारलाई सम्मान गर्नका निम्ति
४) विभिन्न निकायहरुलाई उनीहरुको उत्तरदायित्व बोध गराउनका निम्ति
५) सिमान्तीकृत मानिसहरुलाई समावेशीकरण गर्नका लागि सरकारलाई दबाब दिनका निम्ति
६) राज्यबाट गरिने सम्पुर्ण किसिमका भेदभावहरु घटाउनका निम्ति
७) मानव अधिकार सँस्कृति विकास गर्नका निम्ति
८) राजनितिक क्षमादानलाई हटाउनका निम्ति
९) विधिको शासन विकास गर्नका निम्ति
१०) दण्डहीनता कम गर्नका निम्ति

**अधिकार र कर्तव्य**

अधिकार र कर्तव्य एउटै सिक्काका दुई पाटाहरु हुन् । यद्धपी राज्यको उत्तरदायित्व भनेको जनताको मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन पुरा भएको सुनिश्चित गर्नु हो तर जनताका पनि राज्यको उत्तरदायित्वलाई पुरा गर्न सहयोग गर्ने कर्तव्य रहेको हुन्छ । अन्य व्यक्तिको अधिकारको सम्मान र राज्यप्रणालीको सम्मान नगरीकन कसैले आफ्नो अधिकार प्रयोग गर्न पाउदैन । जनताले पुरा गर्नुपर्ने केही कर्तव्यहरु

१) कर तिर्ने कर्तव्य
२) विधिको शासनलाई पालना गर्ने कर्तव्य
३) अरुको अधिकारलाई सम्मान गर्ने कर्तव्य
४) सिमान्तिकृत व्यक्तिहरुलाई न्याय प्रदान गर्ने कर्तव्य
५) जातिय भेदभाव अन्त्य गर्ने कर्तव्य
६) परिवारप्रतिको कर्तव्य पुरा गर्ने दायित्व

**मानव अधिकार प्रति राज्यको दायित्व**

- मानव अधिकारको सम्मान गर्ने
- मानव अधिकारको संरक्षण गर्ने

- मानव अधिकारको परिपुर्ति गर्ने

**महिला अधिकारको व्यवस्था गरिएका कानूनहरु**

- मुलुकी ऐन २०२० जवस्जस्ती करणीको महल, अंश वण्डको महल, लोग्ने स्वास्नीको महल, बिहावारीको महल, अपुतालिको महलमा उल्लेख गरिएको छ ।
- घरेलु हिसां ( कसुर र सजाय ) ऐन २०६६
- सार्वजनिक (अपराध तथा सजाय) ऐन २०२८
- गाली र वेइज्याती ऐन २०१६
- राष्टियता सम्वन्धी अधिकार
- रोजगारीको अधिकार
- राजनीतिक जिवनमा सहभागिताको अधिकार
- वेचविखन तथा शोषण विरुद्धको अधिकार
- स्वास्थ्य सम्वन्धी अधिकार
- आर्थिक तथा पारिवारीक लाभको अधिकार
- विवाह तथा पारिवारिक सम्वन्धको अधिकार

# अध्याय - सोह्र
# मुलुकी ऐन महिला अधिकार संग सान्दर्भीक कानुनी व्यावस्था भाग

परिच्छेद ११ मा विवाह सम्बन्धी कसुर उल्लेख भएको छ । जस अनुसार

**मञ्जुरी विना विवाह गर्न नहुने**

विवाह गर्ने व्यक्तिहरुको मञ्जुरी विना कसैले कसैलाई विवाह गर्न वा गराउन हुदैन ।

**हाडनातामा विवाह गर्न नहुने**

कसैले परम्परा अनुसार चली आएको अवस्थामा बाहेक हाडनाता करणीमा सजाय हुने नातामा विवाह गर्न वा गराउन हुदैन ।

**बाल विवाह गर्न नहुने**

विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन । उल्लेखित विपरित को विवाह स्वतः बदर हुनेछ ।यस्तो कसुर गर्ने व्यक्तिलाइ तीन वर्ष सम्म कैद र तीस हजार रुपैया सम्म जरिवाना हुनेछ ।

**विवाहमा लेनदेन गर्न नहुने**

**बहुविवाह गर्न नहुने**

**परिच्छेद १८ मा उल्लेख भए अनुसार**

**जवर्जस्ती करणी गर्न नहुने : -(क) कसैले जवर्जस्ती करणी गर्न हुदैन ।**

(२) कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा मन्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबर्जस्ती करणी गरेको मानिनेछ ।

स्पष्टिकरणः करकाप,अनुचित प्रभाव, डर,त्रास,झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ,

होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

गुदद्धार वा मुखमा लिङ्ग पसाएमा, गुदद्धार,मुख वा योनीमा लिङ्ग केहि मात्र पसेको भएमा ,लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जवर्जस्ती करणी गरेको मानिनेछ ।

(३) जबर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी देहाय बमोजिम कैद हुनेछ :

(क) दश वर्षभन्दा कम उमेरकी बालिका भए सोह्र वर्षदेखि बीस वर्षसम्म,

(ख) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरको बालिका भए चौध वर्षदेखि सोह्र वर्षसम्म ।

(ग)चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरको बालिका भए वाह्र वर्ष देखि चौध वर्ष सम्म ।

(ध) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्ष भन्दा कम उमेरको महिला भए दश वर्षदेखि वाह्र वर्ष सम्म ।

(ड) अठार वर्ष वा अठार बर्षभन्दा बढी उमेरको महिला भए सात वर्षदेखि दश वर्ष सम्म ।

४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैबाहिक सम्वन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जवरजस्ती करणी गरेमा पांच बर्ष सम्म कैद हुनेछ ।

तर देहायको अबस्थालाइ् वैवाहिक सम्बन्ध कायम रहेको मानिने छैन :

(क) पसिंग मानो छुट्टिई अंश मुद्धा चलेको ,

(ख) पतिसंग अडंस लिई छुटै बसेको,

(ग) पतिसंग सम्वन्ध विच्छेद मुद्धा चलेको ।

**हाडनातामा करणी गर्न नहुने** : (१) कसैले आफ्नो जात वा कुलमा चली आएको चलन,परम्परा वा मामन्यता अनुसार विवाह गर्न नहुने नाताको व्यक्ति हो भन्ने जानीजानी त्यस्तो व्यक्तिसंग करणी लिनु दिनु हुदैन ।

**थुनामा रहेको व्यक्तिसंग करणी गर्न नहुने** : (१) कैद वा थुनामा रहेको कुनै ब्यक्तिसंग सरकारी कर्मचारीले करणी गर्न वा करणी गर्न अरु कसैलाई संयोग पारी मिलाई दिई करणी गराउन हुदैन ।

**आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसंग करणी गर्न नहुने** : (१) कसैले आफुले संरक्षण वा सुरक्षा लिएको वा आफ्नो हेरविचारमा रहेको कुनै व्यक्तिसंग करणी गर्न वा करणीकरणी गर्न अरुलाई सहयोग गर्न वा होस ठेगानमा नरहेको वा शारीरिक वा मानसिक रोग लागी उपचार वा पुनर्स्थापन गर्ने कुनै संस्थामा राखिएको कुनै व्यक्तिसंग त्यस्तो संस्थाका पदाधिकारी वा कर्मचारीले करणी गर्नु हुदैन ।

**कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसंग करणी गर्न नहुने** :

(१) सरकारी वा निजी कार्यालयमा कार्यरत वा कुनै पेशागत सेवा वा व्यवसायिक कामको लागि सम्पर्कमा आएको वा रहेको कुनै व्यक्तिसंग त्यस्तो कार्यालयमा काम गर्ने कर्मचारी बा त्यस्तो सेवा उपलव्ध गराउने व्यक्तिले कार्यालयको काम गर्दा वा त्यस्तो सेवा उपलव्ध गराउंदा वा गराउने स्थानमा करणी गर्न वा करणी गर्न अरुलाई सहयोग गर्न हुदैन ।

उल्लेखित बमोजिमको कसुर गर्ने व्यक्तिलाइ चार वर्ष सम्म कैद र चालीस हजार रुपैयांसम्म जरिवाना हुनेछ र त्यस्तो करणी यस ऐन वा अन्य कानुन अनुसार पनि कुार हुने रहेछ भने सो बमोजिम हुने सजायमा यस ऐनमा उल्लेखित थप सजाय हुनेछ ।

**यौन दुर्व्यबहार गर्न नहुने** : -क) कसैले कसैलाइ् यौन दुर्व्यवहार गर्न वा गराउनु हुदैन ।

बालयौन दुरुपयोग गर्न नहुने : क) कसैले बालयौन दुरुपयोग गर्न वा गराउन हुंदैन ।

(२) कसैले करणीका आशयले बालबालिकालाई अस्वाभाबिक रुपमा एकान्तमा लगेमा,यौन सम्वन्धी निजको अड.ग छोएमा ,वा समातेमा,यौन सम्वन्धी आफ्नो अड.ग निजलाई छुन वा समाउन लगाएमा वा निजसंग अन्य कुनै किसिमको यौनजन्य अस्वाभाबिक ब्यवहार गरेमा ,बालयौन दुरुपयोग गरेको मानिनेछ ।

(३) उपदफा(१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैंयासम्म जरिवाना हुनेछ ।

**अप्राकृतिक मैथुन गर्न नहुने** (१) कसैले कसैको मन्जुरी बिना अप्राकृतिक मैथुन गर्नु वा गराउनु हुदैन ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि बालबालिकाले दिएको मन्जुरीलाइ् मन्जुरी मानिने छैन ।

उल्लेखित बमोजिमको कसुर गर्ने व्यक्तिलाइ तीन वर्षसम्म कैद र तीस हजार रुपैया सम्म जरिवाना हुनेछ ।

**मुलुकी ऐन महिला अधिकार संग सान्दर्भीक कानुनी व्यवस्था भाग ६**

विवाह सम्बन्धी व्यवस्था विवाह भएको मानिने : कुनै पुरुष र महिलाले कुनै उत्सव,समारोह,औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाइ् पति पत्नीको रुपमा स्वीकार गरेमा बिवाह भएको मानिनेछ ।

विवाह अनतिक्रम्य सामाजिक बन्धन हुने : (१) बिवाह पुरुष र महिला बीच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नको लागि कायम भएको उक स्थायी,अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानूनी बन्धन हुनेछ ।

(२) उपदफा(१) बमोजिमको बैवाहिक बन्धन दफा ८२ बमोजिम अन्त्य नभए सम्म कायम रहनेछ ।

बिवाह गर्ने स्वतन्त्रता: (१) प्रत्येक ब्यक्तिलाई कानूनको अधीनमा रही विवाह गर्ने,परवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता हुनेछ ।

(२) विवाह जुनसुकै किसिमबाट भएको भए तापनि त्यस्तो बिवाह सार्वजनिक गर्नु वा गराउनु पर्नेछ ।

(३) प्रत्येक व्यक्तिको पारिवारिक जीवन अनतिक्रम्य हुनेछ ।

विवाह हुन सक्ने : (१) यस परिच्छेदको अधीनमा रही देहायका अवस्थामा पुरुष र महिला बीच विवाह हुन सक्नेछ

क) पुरुष र महिलाले एक अर्कालाई पति पत्नीको रुपमा अस्वीकार गर्न मन्जुर गरेमा ,

(ख) कानून बमोजिम पुरुष र महिला हाडनाताले करणीम सजाय हुने नाताको नभएमा,

(ग) पुरुष र महिला दुवैको बैवाहिक सम्वन्ध कायम रहेको अबस्था नरहेमा,

(घ) बीस वर्ष उपेर पुरा भएमाम ।

(२) उपदफा (१) को खण्ड(ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो जातीय समुदाय वा कुलमा चली आएको चलन अनुसार विवाह,गर्न हुने नाता सम्वन्धमा विवाह गर्न वा गराउन कुनै बाधा पर्ने छैन ।

**विवाह गर्न गराउन नहुने** : (१) कसैले पनि दफा ७० बमोजिम बिवाह हुन सक्ने अवस्था नरहेको पुरुष वा महिलासंग विवाह गर्न वा गराउन हुदैंन ।

(२) कसैले पनि देहायका कुनै अबस्थाको पुरुष वा महिलालाई झुक्याई विवाह गर्न वा गराउ हुदैन :

(क) शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु -एच.आई.भी.) वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको,

(ख) यौनाङ.ग नभएको,नपुङ.सक भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भैसकेको ,

(ग) पूर्ण रुपमा बोल्न वा सुन्न नसक्ने,पूर्ण रुपमा दृष्टिबिहीन वा कुष्ठ रोगी भएको,

(घ) होस ठेगानमा नरहेको,

(ङ.) विवाह भैसकेको ,

(च) गर्भवती भएको ,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजाय पाएको ।

३) उपदफा (२) बमोजिम झुक्याई विवाह गर्ने वा गराउनेबाट मनासिब क्षतिपूर्ति दाबी गर्न सक्नेछ ।

**विवाह बदर हुने :** (१) देहायको अवस्थामा भएको विवाह स्वतः बदर हुनेछ

(क) पुरुष वा महिलाको मन्जुरी नभई भएको विवाह,

(ख) हाडनाता करणीमा सजाय हुने नाताका व्यक्तिहरु बीच भएको विवाह ।

(२) उपदफा(१) बमोजिम भएको विवाह प्रारम्भ देखि नै अमान्य हुनेछ ।

(३) उपदफा (१) को खण्ड -ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७० को उपदफ(२) बमोजिम भएको विवाह बदर हुने छैन ।

**विवाह बदर गराउन सक्ने** : (१) देहायका अवस्थामा भएको विवाह त्यस्तो विवाह नर्गे कुनै व्यक्तिले मन्जुर नगरेमा बदर गराउन सक्नेछ :-

(क) दफा ७० को उपदफा(१) को खण्ड (घ) बमोजिम विवाह गर्ने उमेर पुरा नभएमा

(ख) दफा ७१ को उपदफा (२) बमोजिम झुक्याई विवाह गरे वा गराएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विवाहको परिणाम स्वरुप कुनै महिला गर्भवती भएमाम वा निजबाट शिशु जन्मिएमा निजको मन्जुरी भएमाम मात्र विवाह बदर हुन सक्नेछ ।

**<u>शारीरिक सम्पर्कबाट शिशु जन्मेमा विवाह भएको मानिने</u>** :

(१) दफा ६९ को उपदफा(२)मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पुरुषसंगको शारीरिक सम्पर्कवाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा त्यस्तो पुरुष र महिला बीच स्वतः विवाह भएको मानिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थाममा पुरुषसंगको शारीरिक सम्पर्क बाट शिशु जन्मिएको भए पनि सोही कारणले पुरुष र महिला बीच स्वतः विवाह भएको मानिने छैन ।

(क) जबरजस्ती करणीको कारणले महिलाले गर्भधारण गरी शिशु जन्मिएमा,

(ख) दफा ७० को उपदफा(२) बमोजिम विवाह गर्न हुने नाता सम्बन्धमा बाहेक हाडनाता करणीमा सजाय हुने नाताका पुरुषसंगको शारीरिक सम्पर्क बाट महिलाले गर्भधारण गरी शिशु जन्मिएमा ।

**विवाह दर्ता गर्नु पर्ने** :- (१) पति तथा पत्नीले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारी समक्ष निवेदन दिई आफ्नो विवाह दर्ता गराउनु पर्नेछ ।तर दफा ७४ को उपदफा (१) को अवस्थामा पति र पत्नी दुवैले वा कुनै एक जनाले विवाह दर्ता गराउन निवेदन दिन सक्नेछ ।

२.नेपाल बाहिर बसोबास गरेका पति तथा पत्नीले आफू रहे बसेको मुलुकमा रहेको नेपालको राजदुतावास वा महावाणीज्य दूताबासमा विवाह दर्ताको लागि निवेदन दिन सक्नेछन् यसरी विवाह दर्ताको लागि निवेदन पर्न आएमा सम्बन्धित अधिकारीले निवेदन परेको मन्ध्र दिनभित्र आफ्नो कार्यलयमा रहेको विवाह सम्बन्धी अभिलेखमा विवाह दर्ता गरी नेपाल सरकारले तोकिदिएको ढांचामा निवेदकलाई विवाह दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

**विवाहित महिलाको थर प्रयोग सम्बन्धी व्यवस्था:**

विवाहित महिलाल विवाह पछि बाबु वा आमाले प्रयोग गरेको थर वा निजको पतिको थर वा दुबै थर प्रयोग गर्न सक्नेछन् ।

# अध्याय - सत्र
# लैङ्गीक हिंसाको अर्थ ,प्रकार र कारणहरु

लैङ्गिक विभेदमा आधारित हिंसा भनेको  के हो ?
लैङ्गिक विभेदमा आधारित हिंसा भन्नाले कुनै पनि व्यक्तिलाई उसको लिङ्गको आधारमा सामाजिक लैङ्गिक विभेदबाट निर्देशितभई गरिएकोहुन्छ। यस्ता कार्यहरूभित्र शारीरिक, मानसिक, यौनिक रूपले पीडादिने वा पीडा पुऱ्याउने खालका सम्पूर्ण व्यवहारहरू पर्दछन्। साथै त्यस्ता कार्यहरू गर्नका लागि डर धम्कीजस्ता व्यवहारहरू, व्यक्तिको आधारभूत स्वतन्त्रता खण्डित गर्ने किसिमका कार्य वा व्यवहार पर्दछन्।"
लिङ्गकै आधारमा गरिने हिंशालाई लैङ्गीक हिंसा भनिन्छ अथार्त महिला ,पुरुष वा तेश्रो लिङ्गकै कारणले मात्र समाजमा गरिने हिंसालाई लैङ्गीक हिंसा भनिन्छ।

**लैगिक बिभेदमा आधारित हिंसाको अबस्थाः**

**जन्म पूर्व :**

- भ्रुण जांच गरि हत्या - गर्भपतन
- आमालाई स्याहार सुसारमा लापरवाहि

**जन्मेपछि**

- महिला शिशुको हत्या
- खानपिन र स्याहार सुसारमा लापरवाहि  (आमा बच्चा दुबैलाई) र कुपोषणले ग्रस्त स्वास्थ्य उपचारमा लापरवाहि

**स्कूल जाने उमेरमा :**

- बाल हिंसा, बाल शोषण, शिक्षाबाट बञ्चित
- खानपिन र स्याहार सुसारमा लापरवाहि
- स्वास्थ्य उपचारमा लापरवाहि

**किशोर अबस्थामा**

- जबरजस्ती बेश्याबृतिमा लगाउने
- महिला बेचबिखन, मानसिक तनाब
- इच्छा बेगर जबरजस्ती बिबाह गर्न लगाउने
- बलात्कार(सबै उमेर),यताउता जानमा बन्देज

**बिबाह पश्चात :**

- बैबाहिक बलात्कार, घरेलु हिंसा, हत्या
- बेश्याबृति
- ईच्छा बेगर पनि गर्भ रहनु  पर्ने
- बिभिन्न यौन रोगहरुको सामना
- ईच्छा लागेको खान लाउन नदिने
- बिधुवा

**बुढेशकालमा :**

- मानसिक तनाब
- खानपिन र स्याहार सुसारमा लापरवाही
- स्वास्थ्य उपचारमा लापरवाहि
- कष्टपुर्ण जिन्दगि जिउन बाध्याता
- पेन्सनमाथि कब्जा

**लैगिंक बिभेदमा आधारीत हिंसाका कारणहरु**

- असमान शक्तिसम्बन्ध नै लैगिंकतामा आधारीत हिंसाको मुख्य कारण हो (धेरै पढेको, धेरै धन भएको, माथि सम्मको पहुँच भएको, पद तथा ओहदा भएको अर्थात अरुलाई कँज्याउनका लागी आबश्यक सबै श्रोत साधन र हैसियत भएको अबस्था नै शक्ति सम्पन्नताको अबस्था हो । जुन महिलाहरुको तुलनामा पुरुषमा बढी रहेको कुरा परम्परागत रुपमै देखिदै आएको  महिला र पुरुषबीच रहेका विभेदपूर्ण मुल्यमान्यता, ब्यबहारहरु
- विभेदपूर्ण कामको विभाजन
- स्रोत र साधनहरुमाथि असमान पहुच र नियन्त्रण
- महिलाको शरीर, उत्पादन र गतिसिलतामाथिको नियन्त्रण
- महिलाले गर्ने कामको क्षेत्र र हिडडुलमा नियन्त्रण

**लैगिंक बिभेदमा आधारीत हिंसाका प्रकारहरु**

१. सामाजिक हिंसा
२.यौनिक हिंसा
३.मानसिक हिंसा
४.साँस्कृतीक हिंसा
५.शाररिक हिंसा

**सामाजिक हिंसा**

- बालबिबाह, अनमेलबिबिाह, अनिच्छित बिबाह
- बोक्सि लगायतका बिभिन्न अरोप, कुटपिट
- बहुबिवाह
- छुवाछुत आदी ....

**यौनिक हिंसा :**

- जबरजस्ति करणी वा बलात्कार वा अनिच्छित यौन ब्यबहार
- यौन शोषण, प्रलोभन वा बाध्यतापुर्ण यौन ब्यबहार
- फोटो, पोष्टर वा फिल्महरुको प्रयोग
- बस तथा अन्य सबारीमा गरिने दुर्ब्यबहारपुर्ण यौनिक कृयाकलाप
- बाटोघाटो तथा सार्बजनीक ठाउ‘‘मा गरिने यौनजन्य जिस्काईहरु

**मानसिक हिंसा :**

भेदभाव, अपशब्द तथा गालिगलौज गर्ने, धम्काउने, अरुका अगाडी होच्याउने, हेला तथा तिरस्कार गर्ने, ब्यांग्य गर्ने वा नवोल्ने साथै ईच्छ्या बिपरितका कामहरु गर्ने र मनपर्ने बस्तु तथा मानिसको प्रयोग गरी मनमा पिडा पुर्‍याउने कार्यहरु ।

**शारीरिक हिंसाः**

शारीरिक हिंसा भन्नाले शरीरमा चोटपटक लाग्ने, हाड भाचिंने, शरीरको भित्री अंगमा चोट लाग्ने, गर्भवती भए गर्भ तुहिने, रगत बग्ने आदि हुन्छ । कहिले काही महिलाको प्राणसमेत जान्छ ।

**साँस्कृतीक हिंसा**

- झुमा, कुमारी, देउकी तथा बादी प्रथा देखी बोक्सीको आरोप, बालबिबाह, बहुबिवाह र रजस्वला तथा सुत्केरी अबस्थामा गरिने छुवाछुत लगायतका ब्यबहारहरु ।
- सामाजिक तथा सँस्कृतीको नाममा महिलाहरुलाई पाखा पार्ने र नियन्त्रणमा राख्ने यो एउटा माध्यामहो ।

**लैंगिकतामा आधारित हिंसा रोकथामको लागि बिभिन्न पक्षहरुको भूमिका**

**ब्यक्तिको भूमिका**

- आफ्नै भित्र हुने हिंसा र दुर्ब्यबहारलाई रोक्ने ।
- हिसाबाट पीडित ब्यक्तिलाई सहयोग गरेर ।
- हिंसाको बारेमा मूकदर्शक नबनी यस्को बिरुद्ध सक्रिय सहभागिता जनाएर
- हिंसा गम्भिर समस्याको रुपमा महसूस गरेर ।

**एकजना पूरुषको भूमिका**

- हिंसा गर्नु पुरुषको जन्मजात गुण होइन यो त उसले अरुबाट सिकेको कुरा हो भन्ने कुरालाई आत्मसात गरेर ।
- महिलाहरुको कुरालाई पनि सुन्ने र सम्झने प्रयास गरेर ।
- महिलाहरुलाई घरपरिवार भित्र, कार्यस्थल र सार्बजनिक ठांउहरुमा सुरक्षा दिन प्रयास गरेर ।
- अरु पुरुषहरुलाई पनि पुरुषत्व भनेको अरुलाई नियन्त्रण गर्ने शक्ति हो भन्ने किसिमको भाबनाबाट बाहिर ल्याउने प्रयास गरेर ।

**समुदायको भूमिका**

- समुदायमा बिद्यमान सबै किसिमका हिंसाहरुको पहिचान गर्ने ।
- महिला र बालिका बिरुद्व रहेका सास्कृतिक मूल्य र मान्यताहरुलाई परिवर्तन गरेर ।
- हिंसा पिडितलाई न्याय दिलाउन न्यायको ढोकासम्म पुग्न सहयोग गरी र दोषीलाई सजाय दिलाएर ।
- पितृसत्तात्मक सोंचको परिवर्तन गरेर ।

**सरोकारवालाको दायित्व**

- महिला अधिकार तथा महिला हिंसा विरुद्धमा वकालत गर्ने ।
- समुदायमा चेतनाको अभिवृद्धि गर्ने ।
- महिला अधिकारको संरक्षण र संवर्द्धनका लागि सरकारलाई दवाव दिने ।
- समाजमा रहेको सबै महिला विरुद्धको  भेदभाव अन्त्यका लागि एकवद्ध भइ काम गर्ने आदी ।

**राज्यको भुमिका**

- राज्यमा बिद्यमान सबै किसिमका हिंसाहरुको पहिचान गरी कडाइका साथ कानून कार्यन्वयन गरेर ।
- महिला र पुरुषबीच भएका बिभेदपूर्ण नीतिगत ब्यबस्था (असमान कानुन) लाई परिमार्जन गरेर ।
- स्रोत र साधनमाथि असमान पहुच र नियन्त्रणलाई हटाएर ।

# अध्याय - अठार
# लैङगिक उत्तरदायी बजेटभाग १

सरकार र स्थानीय निकायबाट गरिने सबै प्रकारका सेवा प्रवाह र विकासका कार्यहरू जनताको सर्वाङ्गीण हितलाई केन्द्रमा राखी समष्टिगत रूपमा सञ्चालन गरिँदै आएको छ । विगतमा आवधिक/वार्षिक योजनाहरू तर्जुमा गरी कार्यान्वयन गरिएका विकास क्रियाकलापहरूबाट महिला र पुरुषहरूमा अपेक्षित रूपमा सम–विकास नभई उनीहरूबीचमा भिन्नता बढ्दै गएको पाइएको छ । यसका कारणहरू विश्लेषण गर्दा महिला र पुरुषबीचमा समाजले निर्धारण गरेका जिम्मेवारीहरूले धेरै ठूलो विभाजन रेखा कोरेको र सोही बमोजिम महिला र पुरुषको मानसिकता एवं आवश्यकता र चाहना पनि भिन्दा भिन्दै विकास भएर गएको देखिन्छ । एकातिर ती भिन्न आवश्यकता र चाहना अनुसारको कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा समस्या रहेको छ भने अर्कोतर्फ महिलाको क्षमता विकासमा पर्याप्त प्रयासहरू भई नसकेको वर्तमान सन्दर्भमा उपलब्ध अवसरहरूलाई पनि महिलाहरूले आफ्नो फाइदाको निम्ति उपयोग गर्न सकिरहेका छैनन् ।

महिलाहरू पुरुषको तुलनामा शिक्षा स्वास्थ्य लगायतका आधारभूत जीवनोपयोगी सुविधाबाट पछि परेको विश्वव्यापी आँकलनकाबीच सन् १९९५ मा संयुक्त राष्ट्रसंघले चीनको वेइजिङ्गमा आयोजना गरेको चौथो विश्व महिला सम्मेलन (वेइजिङ सम्मेलन) मा लैङ्गिक मूलप्रवाहीकरणलाई एक प्रमुख रणनीतिको रूपमा लिई १२ वटा क्षेत्रहरूमा परिवर्तनको प्रतिबद्धता व्यक्त गरेको थियो । सो को पाँच वर्षपछि समीक्षा गर्दा वेइजिङ्ग सम्मेलनले तय गरेका प्रतिबद्धता अनुसार वित्तीय विनियोजन नभएकाले अपेक्षाकृत उपलब्धि हासिल हुन नसकेको निष्कर्ष निकालेको थियो । तत्पश्चात् लैङ्गिक समानता हासिल गर्न बजेटको पनि व्यवस्था गर्नुपर्ने महशुस भई लैङ्गिक उत्तरदायी बजेट तर्जुमा विधिको प्रयोगमा विश्वको ध्यान आकृष्ट भएको हो । हाल विश्वका कतिपय मुलुकहरूमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा विधिको माध्यमबाट स्रोतको विनियोजन सुनिश्चित गर्दै लैङ्गिक समानताको रणनीतिलाई कार्यान्वयन गर्ने प्रयास भैरहेको छ ।

नेपालमा लैङ्गिक उत्तरदायी बजेटको अभ्यास आर्थिक वर्ष २०६४/०६५ देखि नै भएको हो । नेपाल सरकारले सम्पूर्ण वार्षिक बजेटलाई लैङ्गिक दृष्टिले प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ गरी तीन किसिमले वर्गीकरण गरी कार्यान्वयन गर्दै आएको छ । यस कार्यलाई व्यवस्थित गर्न लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, २०६९ अनुरूप लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई स्थानीयकरण गरी लैङ्गिक समानता र महिला सशक्तीकरण सम्बन्धि कार्यक्रमहरू सरकारका सबै तहहरुमा पुग्नु पर्दछ भन्ने मान्यता रहेको छ ।

**संक्षेपमा लैङ्गिक उत्तरदायी बजेट**

- नेपालको संविधान लगायत यसअघिका संविधानहरूले व्यवस्था गरेका समानताको हक
- लैङ्गिक समानताप्रति नेपाल सरकारको प्रतिबद्धता
- विस्तृत शान्ति समझौतापछि विकास भएको समावेशी विकासको अवधारणा
- द्वन्द्वपछि समावेशी विकासले पाएको प्राथमिकता
- वैदेशिक सहायता प्रभावकारिताको एउटा कार्यसूची
- ङमहिला र पुरुष दुवैका आवश्यकतालाई सम्बोधन गर्ने गरी तर्जुमा गरिने बजेट
- नीति, कार्यक्रम, बजेट तथा खर्चमा लैङ्गिक संवेदनशीलतालाई सम्बोधन गर्ने प्रयास
- नतीजा उन्मुख बजेट प्रणालीको एक औजार
- विकासको प्रतिफलको महिला र पुरुषमा समान वितरण गर्ने पहल
- बजेट र कार्यक्रमका सबै पक्षहरूमा महिला तथा पुरुषको सन्तुलित लाभको सुनिश्चित गर्ने प्रक्रिया
- लैङ्गिक समानता, सशक्तीकरण र मूलप्रवाहीकरणको रणनीति
- लैङ्गिक समानताको नीति एवम् समष्टिगत आर्थिक नीतिका बीच सम्बन्ध स्थापित गर्ने महत्वपूर्ण औजार
- ज्याला बिनाका कार्यहरू, विशेषगरी घरायसी कार्यहरूको समेत मौद्रिक रुपान्तरण गरी राष्ट्रिय आयमा तिनको भूमिकाको खोजी गर्ने प्रक्रिया
- सरकारी क्षेत्रमा मात्र सीमित नरही सरकारी स्वामित्वका संस्थानहरू, विकासका साझेदारहरू, गैर सरकारी क्षेत्र र निजी क्षेत्रमा समेत लागु हुने प्रणाली
- यो महिलाका लागि मात्र छुट्टै बजेट निर्माण प्रक्रिया होइन
- महिला र पुरुषका लागि ५० प्रतिशत बजेट बनाउनुपर्ने होइन
- बरु, बजेट तथा कार्यक्रमका सबै पक्षलाई लैङ्गिक संवेदनशीलताको आँखाले हेर्ने प्रक्रिया हो
- महिला र पुरुषका बीचमा रहेका अधिकार, जिम्मेवारी र परिणामहरूको विभेदलाई विश्लेषण गरी योजना, बजेट र कार्यक्रम तर्जुमा गरी खर्च गर्न
- योजना, बजेट र कार्यक्रमहरूको उपलब्धि र प्रभावहरूलाई लैङ्गिक आँखाले मूल्यांकन गर्न
- लैङ्गिक संवेदनशील नीति कार्यान्वयनका लागि पर्याप्त बजेटको व्यवस्था गर्न
- लैङ्गिक समानता र आर्थिक समृद्धिबीच अर्थपूर्ण सम्बन्ध स्थापित गर्न
- पमा ।

# अध्याय - उन्नाइस
# लैङगिक उत्तरदायी बजेटभाग २

- ➢ महिलाको हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको
- ➢ पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने
- ➢ पैतृक सम्पतिमा छोरा र छोरीलाई समान हक हुने
- ➢ महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने
- ➢ महिलालाई समानुपातिक समावेशी सिदान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक

**लैङ्गिक उत्तरदायी बजेट: नेपालको अवस्था**

- छैठौं योजना (२०३७-४२) देखि महिला विकासलाई योजनामा समावेश
- नवौं पञ्च वर्षीय योजना (२०५४-५९) देखि लैङ्गिक समानता तथा महिला सशक्तिकरणद्वारा महिलालाई विकासको मूलप्रवाहमा समाहित गर्ने नीति
- दशौं पञ्च वर्षीय (२०५९-६४) देखि राष्ट्रिय विकासको सबै क्षेत्रमा लैङ्गिक मूलप्रवाहिकरणका गरी लैङ्गिक समानता तथा महिला सशक्तिकरणको आधारमा समतामूलक समाजको स्थापना गर्न. लैङ्गिक बजेट प्रणाली लागु गर्ने"
- लैङ्गिक बजेटलाई संस्थागत गर्न आर्थिक वर्ष २०६२/६३ मा अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखा प्रमुखको संयोजकत्वमा लैङ्गिक उत्तरदायी बजेट लैङ्गिक

- ➢ लैङ्गिक उत्तरदायित्व सम्बन्धित संवैधानिक तथा कानुनी व्यवस्थाहरू
- ➢ संवैधानिक व्यवस्था
- ➢ महिलाको हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको
- ➢ पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने
  - कार्यक्रमहरूको कार्यान्वयनबा6 महिलाहरूमा सकारात्मक परिवर्तन तथा लैङ्गिक समानता सुनिश्चित गर्ने समिति गठन
  - आर्थिक वर्ष २०६४/६५ देखि लैङ्गिक दृष्टिबाट प्रत्यक्ष उत्तरदायी, अप्रत्यक्ष उत्तरदायी र तटस्थ आधारमा बजेटलाई मूल्यांकन गर्ने परिपाटीको विकास
  - तीन वर्षे अन्तरिम योजना (२०६६-६९) देखि लैङ्गिक उत्तरदायी बजेट प्रणाली द्वारा विकासलाई लैङ्गिकीकरण गर्ने ...
  - तीन वर्षे योजना (२०७०-७३) देखि विकासलाई **लैङ्गिकीकरण** गर्ने...

- महिला मन्त्रालयको स्थापना – सन् १९९५, राष्ट्रिय महिला आयोगको स्थापना –सन् २००२
- लैङ्गिक केन्द्रविन्दुहरुको स्थापना – सन् २००२
- राष्ट्रिय कार्य योजना – बेईजिङ्ग कार्यमञ्च कार्यान्वयनको निम्ति लैङ्गिक समानता तथा महिला सशक्तिकरण सन् २००३ र महिला उपर हुने सबै प्रकारका भेद्भाव उन्मूलन गर्ने महासन्धी, सन् २००४

**लैङ्गिक उत्तरदायी बजेट तर्जुमाका सूचकहरु**

योजना तर्जुमा र कार्यान्वयनमा महिलाको सहभागिता को लागि २० अंक महिलाहरूको क्षमता अभिवृद्धि को लागि २० अंक कार्यक्रमहरूमा महिलाका लागि लक्षित लाभ तथा नियन्त्रणको सुनिश्चितता  अन्य लक्षित वर्गका कार्यक्रममा समेत को लागि ३० अंक महिलाहरूका लागि रोजगारीको अवसर को लागि २० अंक महिलाहरूको समयको उपयोगमा गु0ात्मक सुधार तथा कार्यबोझमा कमी को लागि १० अंक ।

लैङ्गिक उत्तरदायी बजे6को वर्गीकर0 विभिन्न सूचकहरूमा प्राप्त अंकहरूको योग ५० वा सो भन्दा ब9ी भए

प्रत्यक्ष उत्तरदायी जुन पहिलो प्राथमिकतामा पर्छ ।

विभिन्न सूचकहरूमा प्राप्त अंकहरूको योग २० वा सो भन्दा बढी र ५० भन्दा कम भए अप्रत्यक्ष उत्तरदायी जुन दोश्रो प्राथमिकतामा रहन्छ । विभिन्न सूचकहरूमा प्राप्त अंकहरूको योग २० भन्दा कम  भए तटस्थ तेश्रो प्राथमिकता रहन्छ.

पहिलो तह

जुन क्षेत्रका लागि कार्यक्रम तर्जुमा गर्न लागिएको हो, सो क्षेत्रको वस्तुस्थिति, महिला तथा पुरुषका अवस्था देखाउने सूचना तथा तथ्यांकको विश्लेषण गर्ने

दोस्रो तह

पहिलो चरणको विश्लेषणलाई सम्बोधन गर्ने, महिला तथा पुरुषको अवस्थामा सुधार हुने र लैङ्गिक पक्षलाई यथेष्ट ध्यान दिइएका कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्ने

तेस्रो तह

छानिएका कार्यक्रमहरूको कार्यान्वयनका लगि पर्याप्त बजेट विनियोजन गर्ने

चौथो तह

कार्यक्रम कार्यान्वयनबाट उद्देश्य अनुसारको उपलब्धिको सुनिश्चितता गर्ने

पाँचौं तह

कार्यक्रमहरूको कार्यान्वयनबाट महिलाहरूमा सकारात्मक परिवर्तन तथा लैङ्गिक समानता सुनिश्चित गर्ने प्रमुख सूचक र उपसूचकहरू
योजना तर्जुमा तथा कार्यान्वयनमा महिला सहभागिता अंक २०
योजना कार्यक्रम तथा बजेट तर्जुमामा महिला सहभागिताको व्यवस्था ४ कार्यान्वयनमा महिला सहभागिताको सुनिश्चितता १२

अनुगमनमा महिला सहभागिताको व्यवस्था ४ अंक
**महिलाहरूको क्षमता अभिबृद्धि मा २० अंक**
नीति निर्णय तथा कार्यान्वयन तहका महिलाहरूको क्षमता अभिवृद्धिको व्यवस्था को लागि ६ अंक
क्षमता अभिवृद्धि कार्यक्रममा महिलाको सहभागिताको व्यवस्था को लागि ७ अंक लैङ्गिक सम्बेदनशील विषयवस्तु /परिवेश को लागि ७ अंक

**कार्यक्रममा महिलाहरूको लागि लाभ तथा नियन्त्रणमा सुनिश्चितता को लागि (अन्य लक्षित वर्गका कार्यक्रममा समेत) को लागि ३० अंक**
महिलाहरुलाई लाभको (लाभान्वित महिलाको) सुनिश्चितता को लागि ८
महिलाहरुलाई लाभको सुनिश्चितताका लागि लैङ्गिक अन्तर, (नबउक० महिलाका विशेष आवश्यकता र अवरोधहरूको पहिचान र सम्बोधन ) को ६ महिलाहरुलाई लाभको सुनिश्चितताका लागि लैङ्गिक मैत्री कार्यान्वयन संयन्त्र तथा बातावरण को लागि ७ अंक लैङ्गिक खण्डिकृत लाभको सुनिश्चितताका लागि बजेटको सुनिश्चितता को लागि २ अंक । लैङ्गिक खण्डिकृत लाभको सुनिश्चितता का लागि लैङ्गिक अनुगमन, परीक्षण तथा प्रभाव मुल्याकंनको व्यवस्था को लागि ७ अंक
**महिलाहरूको लागि रोजगारी र आय आर्जनमा अभिबृद्धि को लागि २० अंक**
रोजगारीको अवसरको उपलब्धता को लागि ८ अंक आय आर्जनका वैकल्पिक वा वृति विकासका अवसर सृजना हुने भएमा **७** अंक समान ज्याला दर को लागि ५ अंक
**महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी को लागि १० अंक**
कार्य सम्पादनमा सहजता र समयको वचत को ४ अंक परम्परागत भूमिका परिवर्तनका लागि दीर्घकालीन परिणाममुखी प्रयास भएमा **६** अंक

# अध्याय - बिस
# लैङ्गिक अवधारणा

लैङ्गिक समानता महिलाको मात्र विषय नभई मानव अधिकारकै विषय हो । देशको समानुपातिक र सन्तुलित विकास गर्न लैङ्गिक समानता आधारशिला हो । लैङ्गिक समानता समग्र राष्ट्र र अर्न्तराष्ट्रिय जगतको मूलभुत सवाल हो ।
लैङ्गिक अवधारणा बुझ्नु अगाडि लिंग र लैंगीकता बारे वुझ्नु पर्ने हुन्छ । जैविक लिङ्ग (Sex) र सामाजिक लिङ्ग (Gender) देश, ठांउ, जातजाती, सस्कृति अनुसार समान परिस्थिति र परिवेशमा पनि समाजले निर्धारण गरेका नीति, नियम, मुल्य, मान्यता तथा सम्बन्धको आधारमा महिला र पुरुषमा गरिने फरक ब्यवहार एवं हेर्ने फरक फरक दृष्टिकोण नै लैङ्गिकता हो अर्को अर्थमा समाज तथा मानव निर्मित नीति नियम एवं प्राकृतिक आधारमा महिला र पुरुष वीच समाजले तय गरेका **भुमिकाहरु** नै लैङ्गिकता हो ।
भने लिंग अथार्त (Sex) भन्नाले प्रकृतिले नै महिला र पुरुषमा गरेको विभेदलाई बुझिन्छ जुन स्थायी हुन्छ परिवर्तन गर्न मुस्किल हुन्छ ।
लैङ्गिकता र विकास (Gender and Development)

- महिला र पुरुष दुवैले गर्न सक्ने कामको सम्वन्धलाई हेर्छ ।
- विकासको असर पुरुष र महिला दुवैमा पर्छ भने उनिहरुले पनि विकासमा असर पार्दछन् भन्ने कुरा हेर्छ ।
- विकासमा महिला पुरुष दुबैले समान रुपले सहभागी बनेको र दुवैले समान रुपमा फाईदा प्राप्त गरेको हेर्न खोज्दछ ।
- महिला तथा पुरुषहरु विकासमा सहभागी भएता पनि फाईदा भने नहुन पनि सक्दछ भन्ने कुरा स्वीकार गर्दछ ।
- महिला र पुरुष वीच भएका असमानताको मुल कारणहरु मनन् गरी ती कारणहरुको समाधानका पक्षहरुमा केन्द्रित हुन्छ ।
- महिला तथा पुरुष बीचको सम्बन्धमा सुधार ल्याई श्रोतमाथिको नियन्त्रण र फाईदामा समानता ल्याउन जोड दिन्छ ।
- महिला र पुरुष दुवैले गर्न सक्ने कामको सम्वन्धलाई हेर्छ ।
- विकासको असर पुरुष र महिला दुवैमा पर्छ भने उनिहरुले पनि विकासमा असर पार्दछन् भन्ने कुरा हेर्छ ।
- विकासमा महिला पुरुष दुबैले समान रुपले सहभागी बनेको र दुवैले समान रुपमा फाईदा प्राप्त गरेको हेर्न खोज्दछ ।

- महिला तथा पुरुषहरु विकासमा सहभागी भएता पनि फाईदा भने नहुन पनि सक्दछ भन्ने कुरा स्वीकार गर्दछ ।
- महिला र पुरुष वीच भएका असमानताको मुल कारणहरु मनन् गरी ती कारणहरुको समाधानका पक्षहरुमा केन्द्रित हुन्छ ।
- महिला तथा पुरुष बीचको सम्बन्धमा सुधार ल्याई श्रोतमाथिको नियन्त्रण र फाईदामा समानता ल्याउन जोड दिन्छ ।

लैङ्गिकताको अवधारणा भित्र समानता र समता पर्दछ ।

**समता (equity) को शाब्दीक अर्थ न्यायोचितता हो ।**

अवसरवाट बन्चित वर्ग वा समुदायलाई न्याय दिएर समान हैसियतमा ल्याउन गरिने विशेष प्रयास नै समता हो । आबश्यकता हेरि थप अबसर दिएर समानता ल्याउन गरिने बिशेष प्रयास नै समता हो ।सामाजिक, आर्थिक तथा राजनीतिक श्रोत साधन र नीति निर्माणमा महिला र पुरुषको न्यायोचित पहुंच र नियन्त्रण कायम गरी निर्णायात्मक तहमा समान सहभागिताद्धारा लैङ्गिक समानता स्थापित गर्ने माध्यम लैङ्गिक समता हो । लैङ्गिक समता नै लैङ्गिक समानता हासिल गर्ने मुख्य तरिका हो । सेवा सुविधा र लाभ बाट बन्चित बर्गलाई सकारात्मक कार्य र सकारात्मक विभेदको रणनीति अपनाउनु लैङ्गिक समता हो । अवसर पाउने र अवसरबाट बंचित बर्ग विचको खाडल कम गर्न न्यायोचित विभेदको रणनीति अपनाउनु लैङ्गिक समता हो ।

**लैङ्गिक समानता**

- पुरुषले प्रयोग गर्ने सवै अधिकारहरु र महिला भएको आधारमा चाहिने आवश्यकता अन्य केहि विषेश अधिकार नभई ती सबै महिला अधिकार वा महिला मानव अधिकार हुन ।
- महिला वा पूरुष भएको कारणले फरक व्यवहार गर्न नपाउनु लैङ्गिक समानता हो ।
- तर समाजमा फरक आवश्यकताको आधारमा गरिएको फरक वा थप सुविधा भने असमानता नभै समानताको लागी विधि र तरिका मात्र हो ।

**लैङ्गिक अवधारणा र नेपालको संविधानः**

**मौलिक हकहरु**

- समानताको हक, कानूनको प्रयोग र कानूनको दृष्टिमा सवै नागरिक समान, कसैलाई विभेद नगरिने व्यवस्था ।
- समानताको हकको प्रतिवन्धात्मक वाक्याशः तर आर्थिक रुपले विपन्न, सामाजिक वा साँस्कृति दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाती, खसआर्य मधेसी थारु किसान मजदुर, उत्पिडित वर्ग, मुस्लिम पिछडा वर्ग, अल्पसंख्यक सिमान्तकृत, लोपोउन्मुख समुदाय, युवा, वालवालिका, जेष्ठनागरिक लैङ्गिक तथा यौनिक अल्पसंख्यक, आपाङ्गता भएका व्यक्ति, अशक्त, वा असहाय, र पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, सशक्तिकरण वा विकासको लागी कानून वमोजिम विशेष व्यवस्था गर्न रोक लगाईने छैन ।

**महिलाका मौलिक हकहरु :**

- .प्रत्येक महिलालाई लैङ्गीक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
- महिला विरुद्ध धार्मिक,सामाजिक,सांस्कृतिक परम्परा,प्रचलन वा अन्य कनै आधारमा शारीरिक,मानसिक,यौनजन्य,मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पिडितलाई कानुनबमोजिम क्षतिपूर्ती पाउने हक हुनेछ ।
- राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागि हुने हक हुनेछ ।
- महिलालाई शिक्षा,स्वस्थ्य,रोजगारी र सामाजिक शुरक्षामा सकरात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- सम्पत्ती तथा पारिवारिक मामिलामा दम्पत्तीको समान हक हुनेछ ।

**शोषण विरुद्धको हक**

- प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ ।
- धर्म प्रथा परम्परा संस्कार प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाईने छैन ।
- मनिसलाई वेचविखन गर्न, दास वा वाँध वनाउन पाईने छैन त्यस्तो कार्य कानून वमोजिम दण्डनीय हुनेछ ।

**सामाजिक न्यायको हक**

आर्थिक,सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला,दलित,आदिवासी जनजाती,मधेशी,थारु,मुस्लिम,पिछडावर्ग,अल्पसंख्यक,सीमान्तीकृत,अपाङ्गता भएका व्यक्ति,लैङ्गीक तथा यौनिक अल्पसंख्यक,किसान,श्रमिक,उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ ।

**सामाजिक सुरक्षाको हक**

आर्थिक रुपले विपन्न अशक्त र असहाय अवस्थामा रहेका एकल महिला अपाङ्ता भएका ,वालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून वमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

**संक्षेपीकरण**

लैङ्गिक समानताले केवल महिलाको असमान अवस्थालाई मात्र नभै समग्रतामा जस्को अवस्था सुधार गर्नुपर्ने अवस्थामा रहका व्यक्तिहरुको सशक्तिकरण गर्ने । हाल सम्मको अवस्था हेर्दा महिलाहरुको अवस्था तुलनात्मक रुपमा पूरुषको भन्दा कमजोर देखिएकोले विश्वमै महिलाहरुको अवस्था सुधारका लागी थप व्यवस्थाले सशक्त पार्न खोजीएको छ । त्यसैले विशेषाधिकार, आरक्षण वा थप अधिकारका रुपमा महिलालाई केहि अधिकारहरु रहेको पाईन्छ । फरक अवस्थालाई फरक तरिकाले संवोधन गर्न खोजीएको मात्र हो यसैलाई असमानता भन्न मिल्दैन ।तर आरक्षण कहिले सम्म भन्ने विषय भने आलोचनावाट मुक्त छैन तापनि आरक्षणको सहि प्रयोग र उपयोग भएमा समतावाट समानता ल्याउने लक्ष पुरा गर्न सकिन्छ ।

# अध्याय - एक्काइस
# लैङ्गिक विश्लेषण (Gender Analysis) के, किन, र यसका औजारहरु (Tools)

लैङ्गिक विश्लेषण के हो ?

समाजमा लैङ्गिक बस्तुस्थितिको लेखाजोखा गर्नका लागि सूचनाको संकलन, लैङ्गिक आवश्यकताको पहिचान, भूमिका, चाहना, विभेद जस्ता विषयको लैङ्गिक दृष्टिले गर्ने विधिलाई लैङ्गिक विश्लेषण भनिन्छ । यसले लैङ्गिक आवश्यकता र फासलाको पहिचान, समस्याको निदान, सुधारका सम्भाव्य उपाय, उपाय कार्यान्वयन पश्चात प्राप्त हुनसक्ने नतिजाको आंकलन र प्रक्षेपण समेत गर्दछ । यस अन्तरगत लैङ्गिक आवश्यकता व्यवहारिक तथा रणनीतिक, भूमिकाजन्य व्यवहार, सामाजिक सम्बन्ध तथा व्यवहार, साधनमा पहुँच तथा नियन्त्रण, चुनौती, समस्या, अवसर र कमीकमजोरी, प्रभाव, फाइदा र नतिजाको विश्लेषण तथा सुधारात्मक उपायको प्रक्षेपण जस्ता कार्य पर्दछन् । यो तथ्यपरक, उद्देश्यपरक, विवेकशीलतामा आधारित र तार्किक हुनु पर्दछ ।

लैङ्गिक विश्लेषण कार्यक्षेत्रका महिला तथा परुषहरुको स्थिति बिश्लेषण गर्ने औजार हो । साथै कार्यकम कार्यान्वयन पछि आएको परिवर्तन हेर्न प्रयोग गरिने अनुगमन औजार पनि हो । यो औजार प्रत्यक दुई दुई बर्षमा प्रयोग गरी हैर्न सकिन्छ । लैङ्गिक विश्लेषणको आधारमा योजना तर्जमा र कार्यान्वयन गर्न सकेमा अवसरवाट बंचित वर्गले न्यायोचित रुपमा अवसर पाई जीवन स्तरमा सधार ल्याउन सकिन्छ ।

लैङ्गिक विश्लेषण किन ?

- महिला तथा पुरुष दुवै निर्णय पक्षमा रही दीगो एवं समानुपातिक आर्थिक विकास गर्न ।
- महिला-पुरुषको व्यवहारिक तथा रणनीतिक आवश्यकताहरु पहिचान गरी समाधानको प्रयास गर्न ।
- कार्यक्रमको हरेक चरण्मा, जस्तैः योजना पहिचान, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा महिला तथा पुरुषको सहभागिता विश्लेषण गरि फासला हटाउन ।

विश्लेषण गर्दा हेरिने कुराहरु

- समुदायमा महिला-पुरुषको भूमिका ।
- महिला र पुरुषवीच कामको विभाजन ।
- महिला-पुरुषको स्रोत, अवसर, साधन र उपलब्धिमा पहुँच र नियन्त्रण ।
- व्यवहारिक तथा रणनीतिक आवश्यकतारु ।

- सामाजिक सम्बन्ध, सामाजिक आथिक सर्न्दभ आदि ।

महिला-पुरुष सामाजिक सम्बन्ध विश्लेषण गर्दा राखिने सूचकका केही उदाहरणहरु

- पारिवारिक संख्यामा परिवर्तन ।
- कामको बाँडफाँड ।
- आयुमा बुद्धि ।
- उत्पादक कार्यमा महिला-पुरुषको संख्या बढ्नु ।
- महिला-पुरुषवीच पुनरुत्पादक (Reproductive) तथा उत्पादक (Productive) भूमिकाको समान  बाँडफाँड ।
- पोषणयुक्त खाना ।
- फुर्सदको समय ।

लैङ्गिक विश्लेषणका औजारहरु

(१) **दैनिक कार्य पात्रो (Daily Activity Calendar):**

दैनिक क्रियाकलाप विवरणको माध्यमबाट लक्षित समुदायका कुनैपनि पहिला र पुरुष, सम्पन्न र विपन्न वर्गका महिला तथा पुरुषले विहान उठेदेखि राती सुत्नुभन्दा अगाडिसम्म के के कार्य   गर्दछन् । भन्नेबारे छुटाछुटै लेखाङ्कन गर्न सकिन्छ । यो लैङ्गिक विश्लेषण्को लागि ज्यादै नै उपयोगी विधि हो जसले निश्चित गाउँ वा समुदायमा विभिन्न वर्ग र उमेरका महिला तथा पुरुषले २४ घटाभित्र अर्थात् एकदिनमा गर्ने कार्यहरु के कस्तो छन् र दैनिक कार्यमा महिला तथा पुरुषको कति समय व्यतित हुन्छ भन्ने बारे पनि देखाउँछ । त्यसका अतिरिक्त यस विधिको प्रयोबाट एकदिन भरिमा निश्चित वर्ग (सम्पन्न तथा विपन्न, शिक्षित तथा अशिक्षित) तथा उमरेका महिला तथा पुरुषलाई कुन समयमा फुर्सत हुन्छ भन्ने बारे तुलनात्मक रुपमा विवेचना गर्न मद्दत पुऱ्याउँछ ।

**उद्देश्य**

समुदायका आदिवासी जनजाति तथा दलित समुदायको महिला तथा पुरुषले दैनिक गर्ने कामको प्रकृति र त्यसमा लाग्ने समय थाहा पाउनुको साथै उनीहरुको फुर्सतको समयको बारेमा पनि जानकारी प्राप्त गर्ने ।

ध्यान दिनुपर्ने कुराहरु :

दैनिक क्रियाकलाप विवरण तयार गर्दा निम्नानुसार प्रश्नहरुको जवाफ खोज्ने प्रयास गर्नु पर्दछ :

१. के महिला तथा पुरुषवीच कार्यभारमा समानता छ ? यदि छैन भने के के फरक छन् ?
२. के पुरुषद्वारा बालवच्चाको स्याहारसुसारमा कुनै योगदान छ ? छैन भने त्यसका प्रमुख कारणहरु के के हुन सक्छन् ?
३. महिला तथा पुरुषले २४ घण्टाभित्रमा कति कति घण्टा काम गर्दछन् ?
४. महिला तथा पुरुषले गर्ने कामको प्रकृति कस्तो छ ?
५. २४ घण्टामा महिला तथा पुरषलाई कति समय फुर्सत हुन्छ ?

(२) घरेलु तथा सामाजिक क्रियाकलाप प्रक्रिया (Activity Profile) विश्लेषण

(समूहका सहभागिहरुसँग छलफल गरी भर्ने : लैङ्गिक भूमिका तथा कार्य विभाजनमा आएका   परिवर्तन अवलोकन)

| क्रियाकलाप | कसले गर्छ<br>१. महिला २. पुरुष ३. बालक<br>४. बालिका | | | | कहाँ | कहिले<br>(महिना) | कति समय<br>(घण्टामा) |
|---|---|---|---|---|---|---|---|
| क. उत्पादन | १ | २ | ३ | ४ | | | |
| - सीप सम्बन्धी | | | | | | | |
| - कृषि | | | | | | | |
| - जोत्ने | | | | | | | |
| - खन्ने | | | | | | | |
| - व्याड लगाउने | | | | | | | |
| - डल्ला फोर्ने | | | | | | | |
| - रोप्ने | | | | | | | |
| - गोड्ने | | | | | | | |
| - काट्ने | | | | | | | |
| - बोक्ने | | | | | | | |
| - थन्काउने | | | | | | | |
| - बीउ छान्ने | | | | | | | |
| - करेसाबारी | | | | | | | |
| - पानी | | | | | | | |
| - किनमेल/बेचविखन | | | | | | | |
| - सेवा | | | | | | | |
| - व्यापार | | | | | | | |
| - पशुपालन | | | | | | | |
| - दुध दुहुने | | | | | | | |
| - घाँस काट्ने | | | | | | | |
| - गोठ सफा गर्ने/गोवर सोर्ने | | | | | | | |
| - स्याहार हाल्ने | | | | | | | |
| - कुँडो दिने | | | | | | | |
| - पशु बाहिर ल्याउने/नुहाउने | | | | | | | |
| - पशु विरामी हुँदा उपचार गर्ने | | | | | | | |
| - पशु किनमेल/बेचविखन | | | | | | | |
| - अन्य खुलाउने | | | | | | | |
| ख पुनःउत्पादन (च्भउचयमगअतष्खभ० | | | | | | | |
| - बालक, बृद्धको स्याहार | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| - खानेपानी संकलन | | | | | | | |
| - दाउरा इन्धन संकलन | | | | | | | |
| - घाँस, पराल, सोत्तर आदि संकलन | | | | | | | |
| - खाना पकाउने, भाडाँ माझ्ने/सरसफाई | | | | | | | |
| - घर, कोठेवारी तथा बगैचा रेखदेख | | | | | | | |
| - लुगा धुने | | | | | | | |
| - अन्य खुलाउने | | | | | | | |
| ग. सामाजिक, राजनैतिक तथा धार्मिक क्रियाकलाप | | | | | | | |
| - विवाह, धार्मिक, सांस्कृतिक उत्सव आदि | | | | | | | |
| - गाउँ, समुदाय बैठक | | | | | | | |
| - सामुदायिक कार्य (सडक, पुल, सिचाई इत्यादि) | | | | | | | |
| - जन्म र मृत्यू भएको बेला | | | | | | | |
| - सामुदायिक उपभोक्ता समूहमा सहभागिता | | | | | | | |
| - स्थानीय प्रतिनिधिका रुपमा सहभागिता | | | | | | | |
| - भोट खसाल्ने काम | | | | | | | |
| - बैठक | | | | | | | |
| - अन्य खुलाउने | | | | | | | |

यो लैङ्गिक विश्लेषणको अत्यन्तै महत्वपूर्ण फारम हो । यसलाई समूहका सहभागीहरुसँग छलफल गरी भर्ने (प्रत्येक जातीय समूहका लागि सम्भव भएसम्म अलग अलग भर्नु पर्दछ) छलफल अगाडि बढाउन निम्न कुराहरु बुझ्नु आवश्यक छ ।

(३) महिला पुरुषको श्रोत साधन र अवसरमा पहुँच र नियन्त्रण बिश्लेषण

(समूह सहभागितासँग छलफल गरी गर्ने ।ः प्रत्येक जातिय समूहका लागि अलग अलग भर्नु पर्दछ । नमुना

| पुरुषको तुलनामा महिलाको सामाजिक तथा राजनैतिक स्थिति | पहुँच (प्रयोग गर्ने क्षमता भएको) | | नियन्त्रण (प्रयोग भएको स्रोत बारे निर्णय लिन सक्ने अधिकार भएको) | |
|---|---|---|---|---|
| ऋ. निर्णय लिने प्रक्रियामा महिलाको भूमिका | महिला | पुरुष | महिला | पुरुष |
| क. घरभित्र-घर खर्च | | | | |
| - घर जग्गाको खरिद तथा बिक्री | | | | |
| - गरगहना किन्न | | | | |
| - ठूला पशु खरिद तथा बिक्री | | | | |
| - साना/पशुपंक्षी खरिद तथा विक्री | | | | |
| - सीपमा आधारित उत्पादन | | | | |
| - अन्न खरिद तथा बिक्री | | | | |
| - आधारभूत आवश्यकताको खरिद (खाना, लुगा तथा अन्य सामग्रीहरु) | | | | |
| - स्वास्थ्यका लागि खर्च | | | | |
| - शिक्षाका लागि खर्च | | | | |
| - अन्य खुलाउने | | | | |
| ख. घर बाहिर | | | | |
| सामुदायिक कार्यहरुमा उपस्थिति | | | | |
| - सामुदायिक उपभोक्ता समूह | | | | |
| - धार्मिक कार्य | | | | |
| - सामाजिक कार्य तथा उत्सव | | | | |
| - सामुदायिक विकास कार्य | | | | |
| - अन्य खुलाउने | | | | |
| सामुदायिक कार्य स्रोतहरु | | | | |
| - जमीन | | | | |
| - भवन वा घर | | | | |
| - मन्दिर | | | | |
| - सामुदायिक वन | | | | |
| - चरन | | | | |
| - सानो नदी/पोखरी | | | | |
| - सामुदायिक धारा, कुवा आदि | | | | |
| - अन्य खुलाउने | | | | |

(४) निर्णय निरुपण क्षमता मापन गर्ने तरिका

महिलाहरुको निर्णय निरुपण गर्ने क्षमताले लैङ्गिक सवाल संबोधन गर्न महत्वपूर्ण भूमिका खेल्दछ । महिलाहरुको निर्णय गर्ने क्षमतामा सुधार आएमा घरमा उनको स्तर पनि सुधार भएको मानिन्छ । त्यसकारण निर्णय गर्नेक्षमता मापन गर्दा महिलाको स्थिति के छ त भन्ने कुरा प्रष्ट हुन आउँछ ।

<u>कस्ले यो विधि प्रयोग गर्न सक्छ</u> ?

महिला तथा बालबालिका हेर्ने स्थानीय तहका कर्मचारी, सामाजिक परिचालक,वडास्तरिय समितीका सदस्यहरु, सहकारी संस्थाका सदस्यहरु तथा साझेदार एन.जि.ओ. कर्मचारी, आदि

<u>कतिको फरकमा गर्ने</u> ?

महिलाहरुको निर्णय गर्ने क्षमतामा कस्तो परिवर्तन आयो वा आएन भनि अभिलेख राखि आवश्यक उपाय अपनाउन बर्षको एक पटक गर्न सकिन्छ ।

<u>कसरी गर्न सकिन्छ</u> ?

- समूह समूह छलफलबाट
- घर छनौट गरी (जनजाती अनुसार फरक फरक घरमा) अन्र्तवार्ता लिएर ।

<u>कसरी फरम्याट प्रयोग गर्ने</u> ?

- ठाउँ अनुसार निर्णय गर्ने क्रियाकलाप फरक फरक हुन सक्छ त्यसकारण प्रश्न गर्दै सम्बन्धित क्रियाकलाप लेख्ने र कसले निर्णय गर्ने गरेको छ । चिन्ह ( √ ) लाउँदै जाने ।

५) व्यावहारीक तथा रणनीतिक आवश्यकता बिश्लेषण

महिला पुरुषको अबस्था तथा स्तर सुधार गर्ने आवश्यकताको बिश्लेषण गरीन्छ ।

# अध्याय - बाइस
## बोक्सीको आरोप -कसुर र सजाय) ऐन,२०७२

यो ऐन २०७२ मंसीर ५ गते प्रमाणीकरण भई कार्यान्वयनमा आएको हो । कुनै व्यक्तिलाई बोक्सा वा बोक्सीको आरोप लगाउने,आरोपित व्यक्तिलाई कुर,अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा कुनै किसिमको यातना दिने जस्तो अमानवीय कार्यलाई दण्डनीय बनाई सामाजिक कुरीति तथा अन्धविश्वासको रुपमा रहेको त्यस्तो कार्य निवारण गर्न र सो कार्यबाट पीडित व्यक्तिको संरक्षण गरी न्याय प्रदान गर्ने उद्धेश्यले ऐन तयार भएको हो ।ऐनमा उल्लेखित महत्वपूर्ण विषयहरुलाइ निम्नानुसार उल्लेख गरिएको छ ।

**दफाः३.बोक्सीको आरोप सम्बन्धी कसूर गरेको मानिने ःउक्त कसुरको सजाय सम्बन्धी व्यवस्था**

१.कसैले कुनै व्यक्ति उपर देहायको कुनै कार्य गर्न वा गराउन हुदैन :

- ✓ बोक्सीको आरोप लगाउने ,यसमा छ महिना देखि दुई वर्षसम्म कैद र पांच हजार देखि वीस हजार रुपैयां सम्म जरिवाना ।
- ✓ बोक्सीको आरोपमा गाली बेइज्यती गर्ने,
    - ○ र बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्य प्रति अपमानजनक व्यवहार गर्ने,लाई एक वर्ष देखि तीन वर्ष सम्म कैद र दश हजार देखि तीस हजार रुपैयां सम्म जरिवाना ।
- ✓ वोक्सीको आरोपमा सामाजिक वहिष्कार गर्ने र बोक्सीको आरोपमा बसोवास गरेको ठाउंबाट निकाला गर्ने, यसमा दुई वर्ष देखि पांच वर्षसम्म कैद र वीस हजार देखि पचास हजार रुपैया सम्म जरिवाना ।
- ✓ धामी,झाकी,टुनामुना,तन्त्रमन्त्र,झारफुक वा यस्तै अन्य कुनै माध्यमद्धारा बोक्सीको आरोप लगाउने,तीन वर्ष देखि सात वर्ष सम्म कैद र तीस हजार देखि पचहत्तर हजार रुपैया सम्म जरिवाना हुने ।
- ✓ बोक्सीको आरोपमा कुनै व्यक्तिलाई कुटपिट गर्ने,खोप्ने ,डाम्ने,पोल्ने वा रासायनिक,विषलु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य क'नै किसिमले यातना दिने,मलमूत्र खुवाउने,चारपाटा मुड्ने,नग्न पारी वा नपारी कुनै ठाउमा घुमाउने वा कुनै किसिमले कुर,अमानवीय वा अपमानजनक व्यवहार गर्ने, यसमा पांच वर्ष देखि आठ वर्ष सम्म कैद र पचास हजार देखि एक लाख रुपैया सम्म जरिवाना को सजाय रहेको छ ।
- ✓ बोक्सीको आरोपमा अंगभंग गर्ने,व्यक्तिलाइ प्रचलित कानुन बमोजिम हुने सजायमा थप दश प्रतिशत सजाय हुने व्यवस्था ऐनले उल्लेख गरेको छ ।
- ✓ बोक्सीको आरोपमा कसैको सम्पत्ति तोडफोड,हिनामिना वा हानी नोक्सानी गर्ने,
- ✓ माथि उल्लेखित कुनै कार्य गर्न उद्योग गर्ने,त्यस्तो कार्य गर्न कसैलाई दुरुत्साहन दिने वा सो कार्य गर्न मद्दत गर्ने,लाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुने व्यवस्था रहेको छ ।
- ✓ कसैले माथि उल्लेखित कुनै कार्य गर्ने वा वोक्सीको आरोप लगाउने कार्यलाई सहयोग पुग्ने उद्धेश्यले कुनै भेला गरे वा गराएमा यस ऐन बमोजिम वोक्सीको आरोप सम्बन्धी कसुर गरेको मानिने व्यवस्था उल्लेख छ ।

२.कसैले उपदफा १ बमोजिमको कुनै कार्य गर्ने वा बोक्सीको आरोप लगाउने कार्यलाई मद्दत पुग्ने उद्धेश्यले कुनै भेला गरे वा गराएमा यस ऐन बमोजिम बोक्सीको आरोप सम्बन्धी कसुर गरेको मनिन्छ ।

**बोक्सीको आरोप सम्बन्धी कसूरको सूचना तथा पीडितको संरक्षण**

**दफा ४ःबोक्सीको आरोप सम्बन्धी कसूरको सूचनाः**

१.कुनै ठाउमा बोक्सीको आरोप सम्बन्धी कसूर भएको,भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाइ यथासक्य छिटो सो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्नेछ ।

२.उपदफा १ बमोजिम कसैले लिखित जाहेरी दरखास्त दिन ल्याएमा तुरुन्तै र मौखिक रुपमा सूचना दिएकोमा प्रहरी कार्यालयले निजको कुरा दरखास्तको रुपमा लेखि निजको सहि छाप गराइ दर्ता गराउनु पर्ने ।

यसरी दरखास्त वा सूचना प्राप्त हुन आएमा प्रहरी कार्यालयले चौबीस घण्टाभित्र पीडकलाई झिकाई वा पकाउ गरी प्रचलित कानून बमोजिम अनुसन्धान तथा तहकीकात गर्नु पर्नेछ ।

**दफा ५ःउपचार तथा घा जांच गराउनु पर्ने :**

१. कुनै पीडित शारीरिक वा मानसिक रुपमा अशक्त भएको देखिएमा प्रहरी कार्यालयले निजलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लगी तत्काल उपचार गराउनु पर्नेछ ।

२.पीडितलनई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा प्रहरी कार्यालयले पीडितको उपचारमा संलग्न चिकित्सकबाट निजको घा जांच वा परीक्षण गराउनु पर्नेछ ।

३. पीडितलाई तत्काल मनोविमर्श सेवा उपलब्ध गराउन आवश्यक देखिएमा प्रहरी कार्यलयले सम्बन्धीत बिज्ञद्धारा निजलाई मनोविमर्श सेवा उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ ।

**दफा १०. अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्ने ।**

१.अदालतले यस ऐन बमोजिम मुद्दाको कारबाहीको क्रममा पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखेमा मुद्दाको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा देहाय बमोजिम गर्न आदेश जारी गर्न सक्नेछ ।

- ✓ पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन,खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,
- ✓ पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,
- ✓ गाली बेइज्जती गर्ने,धम्की दिने वा सअसभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन,
- ✓ पीडित बसेको ठाउ,बाटोघाटो वा कार्यालयमा गई ,कुनै किसिमको सञ्चार माध्यमद्धारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न,
- ✓ पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कार्य गर्न वा गराउन ।

मुद्दाको कारबाहीको क्रममा पीडित परिवारको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई संरक्षण दिन आवश्यक देखेमा अदालतले त्यस्तो व्यक्तिको संरक्षणको लागि उपयुक्त आदेश गरी गर्न सक्नेछ ।

# अध्याय - तेइस
# संघ प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्ध एवं स्थानीय कार्यपालीका सम्बन्धी संबैधानिक व्यवस्थाः

नेपालको संविधान को भाग २० मा संघ,प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धको बारेमा उल्लेख गरेको छ ।

**धारा २३१.संघ र प्रदेश बीचको व्यवस्थापकीय अन्तरसम्बन्धः**

- ✓ संघीय कानून नेपालभर वा आवश्यकता अनुसार नेपालको कुनै क्षेत्रमा मात्र लागू हुने गरी बनाउन सकिनेछ ।
- ✓ प्रदेश कानून प्रदेशभर वा आवश्यकता अनुसार प्रदेशको कुनै क्षेत्रमा मात्र लागू हुने गरी बनाउन सकिनेछ ।

धारा २३२.संघ,प्रदेश र स्थानीय तह बीचको सम्बन्धः

- ✓ संघ,प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता,सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ ।
- ✓ नेपाल सरकारले राष्ट्रिय महत्वका विषयमा र प्रदेशहरु बीच समन्वय गर्नुपर्ने विषयमा प्रदेश मन्त्रिपरिषदलाई यो संविधान र संघीय कानुन बमोजिम आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धित प्रदेश मन्त्रिपरिषदको कर्तव्य हुनेछ ।
- ✓ कुनै प्रदेशमा नेपालको सार्वभौमसत्ता,भौगोलिक अखण्डता,राष्ट्रियता वा स्वाधीनतामा गम्भीर असर पर्ने किसिमको कार्य भएमा राष्ट्रपतिले त्यस्तो प्रदेश मन्त्रिपरिषदलाई आवश्यकता अनुसार सचेत गराउन,प्रदेश मन्त्रिपरिषद र प्रदेश सभालाई बढीमा छ महिनासम्म निलम्बन गर्न वा विघटन गर्न सक्नेछ ।

  माथि उल्लेखित कुनै प्रदेश मन्त्रिपरिषद र प्रदेश सभा सनलम्बन वा विघटन गरेकोमा त्यस्तो कार्य पैंतीस दिन भित्र संघीय संसदका तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन गराउनु पर्नेछ । संघीय संसदबाट अनुपमोदन भएमा त्यस्तो प्रदेशमा छ महिनाभित्र प्रदेश सभाको निर्वाचन हुनेछ ।तर संघीय संसदबाट अनुमोदन नभएमा त्यस्तो निलम्बन वा विघटन सम्बन्धी कार्य स्वतः निष्क्रिय हुनेछ ।
- ✓ नेपाल सरकारले आफै वा प्रदेश सरकार मार्फत गाउ कार्यपालीका वा नगर कार्यपालीकालई यो संविधान र संघीय कानून बमोजिम आवश्यक सहयोग गर्न र निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पानल गर्नु गाउं कार्यपालीका वा नगर कार्यपालीकार्को कर्तव्य हुनेछ ।

**धारा २३३. प्रदेश प्रदेश बीचको सम्बन्धः**

- ✓ एक प्रदेशले अर्को प्रदेशको कानूनी व्यवस्था वा न्यायिक एवं प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नु पर्नेछ ।
- ✓ एक प्रदेशले अर्को प्रदेशसंग साझा चासो,सरोकार र हितको विषयमा सूचना आदान प्रदान गर्न,परामर्श गर्न,आफ्नो कार्य र विधायनका बारेमा आपसमा समन्वय गर्न र आपसी सहयोग विस्तार गर्न सक्नेछ ।
- ✓ एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई आफ्नो प्रदेशको कानुन बमोजिम समान सुरक्षा,व्यवहार र सुविधा उपलब्ध गराउनु पर्नेछ ।

**धारा २३५.संघ,प्रदेश र स्थानीय तह बीचको समन्वयः**

- ✓ संघ,प्रदेश र स्थानीय तह बीच समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानून बनाउनेछ ।
- ✓ प्रदेश,गाउपालीका वा नगरपालीका बीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धीत गाउपालीका,नगरपालीका र जिल्ला समन्वय समितिसंग मनवय गरी त्यस्तो विवादको समाधान गर्न सक्नेछ ।
  उपरोक्त बमोजिम विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधि प्रदेश कानून बमोजिम हुनेछ ।

**भाग १७**

**स्थानीय कार्यपालीका**

स्थानीय तहको कार्यकारिणी अधिकार

- ✓ स्थानीय तहको कार्यकारिणी अधिकार यो संविधान र संघीय कानूनको अधिनमा रहि गाउ कार्यपालिका वा नगर कार्यपालीकामा निहित रहनेछ ।
- ✓ स्थानीय कार्यकारिणी अधिकार अनुसूचि ८ र अनूसूची ९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुनेछ ।
- ✓ यो संविधान र अन्य कानूनको अधीनमा रही गाउंपालीका र नगरपालीकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउ कार्यपालीका र नगर कार्यपालीकाको हुनेछ ।
- ✓ गाउंपालीका र नगरपालीकाका कार्यकारिणी कार्य गाउं कार्यपालीका र नगर कार्यपालीकाको नाममा हुनेछ ।

**धारा २१७.न्यायीक समिति**

कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरुपण गर्न गाउपालीका वा नगरपालीकाले प्रत्येक गाउपालीकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालीकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायीक समिति रहनेछ ।यसरी गठीत न्यायीक समितिमा गाउं सभा वा नगर सभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरु रहनेछन् ।

धारा २२०:जिल्ला सभा र जिल्ला समन्वय समिति

- ✓ जिल्ला भित्रका गाउंपालीका र नगरपालीकाहरुबीच समन्वय गर्न एक जिल्ला सभा रहनेछ ।
- ✓ जिल्ला सभामा जिल्ला भित्रका गाउं कार्यपालीका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालीका प्रमुख र उपप्रमुख सदस्य रहनेछन् ।गाउं सभा र नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तीस दिन भित्र जिल्ला सभाको पहिलो बैठक बस्नेछ ।
- ✓ जिल्ला सभाले एक जना प्रमुख,एक जना उपप्रमुख,कम्तीमा तीन जना महिला र कम्तीमा एक जन दलित वा अल्पसंख्यक सहित बढीमा नौ जन सदीय रहेको जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ ।
- ✓ सम्बन्धीत जिल्लाभित्रको गाउं सभा वा नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख,उपप्रमुख वा सदस्य पदको उम्मेदवार हुन योग्य हुनेछ ।जिल्ला समन्वय समितिको प्रमुख उपप्रमुख वा सदस्य पद स्वतः रिक्त हुनेछ ।
  जिल्ला सभाको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः
- ✓ जिल्लाभित्रका गाउंपालीका र नगरपालीका बीच समन्वय गर्ने ,
- ✓ विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,
- ✓ जिलामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउपालीका र नगरपीका बीच समन्वय गर्ने,
- ✓ प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने ।
  जिल्ला सभाको सञ्चालन ,जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा तथा जिल्ला सभा सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ ।

# अध्याय - चौबिस
# सामाजिक वहिष्करण र समावेशीकरण अवधारणा

सामाजिक बहिष्करण

- राज्य संरचनाको विभिन्न कारणले वा सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक आदि कारणवाट निरन्तर रुपमा राज्यले प्रदान गर्दै आएको सेवा सुविधाबाट वञ्चित भै विकासमा योगदान गर्न नपाएको वा नसकेको जिम्मेवारीबाट टाढा भै विकासमा सहभागी हुनबाट वञ्चित भएको, विकासको कार्यक्रममा सहभागी हुन नसकेको वा नपाएको, र फलस्वरुप विकासको प्रतिफल प्राप्त गर्न नसकेको अवस्थालाई नै वहिष्करण वा वञ्चितीकरण भनिन्छ । यो प्रत्यक्ष वहिष्करण, अप्रत्यक्ष वहिष्करण वा प्रणालीगत वहिष्करणमा पनि हुन सक्दछ । यस्तो किसिमको वहिष्करण समाजको जुनसुकै पक्षमा औपचारिक वा अनौपचारिक तवरबाट पनि हुन सक्दछ ।
- दलित आन्दोलन, मधेसी आन्दोलन र महिला आन्दोलनले राज्य संरचनामा आफूहरु राज्य संयन्त्रवाट प्रणालीगतरुपमा वञ्चित भएको मान्दछन ।


- राज्य संरचनाको विभिन्न कारणले वा सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक आदि कारणवाट निरन्तर रुपमा राज्यले प्रदान गर्दै आएको सेवा सुविधाबाट वञ्चित भै विकासमा योगदान गर्न नपाएको वा नसकेको जिम्मेवारीबाट टाढा भै विकासमा सहभागी हुनबाट वञ्चित भएको, विकासको कार्यक्रममा सहभागी हुन नसकेको वा नपाएको, र फलस्वरुप विकासको प्रतिफल प्राप्त गर्न नसकेको अवस्थालाई नै वहिष्करण वा वञ्चितीकरण भनिन्छ । यो प्रत्यक्ष वहिष्करण, अप्रत्यक्ष वहिष्करण वा प्रणालीगत वहिष्करणमा पनि हुन सक्दछ । यस्तो किसिमको वहिष्करण समाजको जुनसुकै पक्षमा औपचारिक वा अनौपचारिक तवरबाट पनि हुन सक्दछ ।
- दलित आन्दोलन, मधेसी आन्दोलन र महिला आन्दोलनले राज्य संरचनामा आफूहरु राज्य संयन्त्रवाट प्रणालीगतरुपमा वञ्चित भएको मान्दछन ।


- अन्तर्राष्ट्रिय मान्यता अनुसार सबैको समान अधिकार सुनिश्चित गर्न,
- नेपालको संविधानमा व्यवस्था भए अनुसारका सबै प्रकारका समुदायका मानिसका हक अधिकारलाई सम्मान गर्न,
- विकासलाई दिगो र अधिकारमुखी बनाउन,
- समाजमा रहेको सामाजिक, आर्थिक, राजनैतिक विभेद हटाउन,
- जातीय, वर्गीय, लैङ्गिक, भाषिक तथा क्षेत्रीय विभेद हटाउन,
- समाजमा रहेका अन्याय, असमानता तथा द्वन्द्वलाई न्यूनीकरण गर्न,
- अल्पसंख्यक तथा किनारा लगाइएका (सीमान्तकृत) लाई विकासका आयामको मूलप्रवाहमा ल्याउन,
- निर्णय प्रक्रियामा सबैको समान पहुच सुनिश्चित गर्न,

समानुपातिक, समन्यायिक, सन्तुलित दिगो विकास लक्ष प्राप्त गर्न ।

नेपालको संविधान २०७२ ले पनि धेरै हद सम्म सामाजिक समावेशीकरणको अवधारणालाई आत्मसात गरेको देखिन्छ ।

- वर्गिय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र वर्णव्यवस्था जन्य जातपात र छुवाछुत लगायत सवै प्रकारका विभेदको अन्त्य गरी आर्थिक समानता, सम्पन्नता र सामाजिक न्याय सुनिश्चित गर्न समानुपतिक समावेसी र सहभागितामुलक मान्यताको आधारमा समतामुलक समाजको निर्माण गर्ने संकल्प गर्दै,
- विविधतायुक्त विशेषतालाई आत्मसात गरि विविधता विचको एकता, सामाजिक सास्कृतिक ऐक्यवद्धता सहिष्णुता र सदभावलाई संरक्षण एवं प्रवर्द्धन गर्ने, वर्गिय, जातिय, भाषिक, लैगिक र सवै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र *सामाजिक न्याय* सुनिश्चित गर्न <u>समानुपातिक समावेशी र सहभागितामुलक</u> सिद्धान्तको आधारमा समानतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै
- विकासको मूलधारवाट वाहिर भै विकासको अवसर र प्रतिफलवाट समेत अलग हुन पुगेका रहेका वर्गहरुलाई समेट्ने व्यवस्था संविधानको प्रस्तावनाले नै गरेकोछ ।

**समावेशीकरणले जोड दिएका विषय क्षेत्र**

- मधेशी, मुस्लिम एवम् पिछडिएका समुदायको विकास
- दलित समुदायको समावेशीकरण
- आदिवासी जनजाति उत्थान
- दुर्गम र सुगम क्षेत्रको सन्तुलित विकास
- अपाङ्गता भएका व्यक्ति

**<u>सामाजिक समावेशीकरण सम्वन्धी नीति</u>**

- सवै प्रकारको जातीय विभेद उन्मूलन महासन्धि, १९६५,
- Indigenous and Tribal Peoples Convention, 1989 (No. 169) Ratification registered on 14 September 2007

दिगो विकास २०१६–२०३० सम्म

- लक्ष्य नं १: सबै किसिमका गरिवी अन्त गर्ने ( ५ वटा सूचकहरु)
- लक्ष्य नं २: भोकमरी उन्मुलन, खाद्यान्न सुरक्षा, पौष्टिक आहारमा सुधार र कृषिमा दिगोपन प्रर्वद्धन गर्ने ( ५ वटा सूचकहरु)
- लक्ष्य नं ३: स्वस्थ जिवनको सुनिश्चतता (९ वटा सूचकहरु)
- लक्ष्य नं ४: समावेशी र समानुपातिक शिक्षाको सुनिश्चितता (७ वटा सूचकहरु)
- लक्ष्य नं ५: लैङ्गिक समता तथा महिला सशक्तिकरण (६ वटा सूचकहरु)
- लक्ष्य नं ६: खानेपानी तथा सरसफाई तथा दिगो व्यवस्था (६ वटा सूचकहरु)
- लक्ष्य नं ७: सवैको लागि आधुनिक उर्जा (३ वटा सूचकहरु)
- लक्ष्य नं ८: उत्पादनमूलक र दिगो आर्थिक विकास (१० वटा सूचकहरु)
- लक्ष्य नं ९: समावेशी र दिगो उद्योगीकरण (५ वटा सूचकहरु)
- लक्ष्य नं ११: समावेशी, सुरक्षित र दिगो शहरी बसोबास (७ वटा सूचकहरु)
- लक्ष्य नं १२: दिगो उपभोग र उत्पादन प्रबृद्धि (८ वटा सूचकहरु)
- लक्ष्य नं १३: वातावरण परिवर्तन र त्यस्का असर कम गर्ने (८ वटा सूचकहरु)
- लक्ष्य नं १५: दिगो वन व्यवस्थापन गर्ने (९ वटा सूचकहरु)
- लक्ष्य नं १६: समावेशी विकास (१० वटा सूचकहरु)

**सामाजिक समावेशीकरण गर्ने उपायहरु**

- सहभागितामा र सशक्तिकरणमा जोड
- अधिकारमुखी अवधारणाको आन्तरिकीकरण र सो को कार्यन्वयनमा जोड
- सिकाई अभिलेखीकरण र प्रचार प्रसारमा जोड
- पारदर्शी प्रकृयामा जोड
- सरोकारवालासँग सम्वन्ध विस्तारमा जोड
- समावेशी बजेट विश्लेषण
- शैक्षिक सामग्री तथा पाठ्यक्रममा सुधार
- राजनैतिक पार्टीहरुको दस्तावेजमा उल्लेखित प्रतिवद्धताका पुरा गरेर
- संरचनामा परिवर्तन गर्न दीर्घकालिन, मध्यम र छोटो नीति निर्धारण गरि
- सकारात्मक सोच र व्यवहारमा परिवर्तन हुनु पर्ने
- सेवाग्राही र सेवा प्रदायक विचको दुरी कम गरेर

## सन्दर्भ सामाग्रीहरु:


- नेपालको संविधान (२०७२)
- कानून आयोग को वेवसाइट का सम्बन्धीत ऐनहरु
- बाल बिवाह विरुद्धको रणनीति,२०७२
- बेक्सीको आरोपमा कसुर र सजाय ऐन २०७२
- कार्यस्थलामा हुने यौन जन्य दुर्व्यवहार २०७१
- एकल महिला सुरक्षाकोष सञ्चालन नियमावली २०७० र एकल महिला सुरक्षाकोष सञ्चालन मापदण्ड,२०७१
- घरेलु हिंसा ( कसूर र सजाय ऐन ) २०६६ तथा नियमावली २०६७
- महिला तथा बालबालीका विभागबाट प्रकाशित पुस्तकहरु एवं तालीम कक्षाका कार्यपत्रहरु
- केन्द्रीय बालकल्याण समितिबाट प्रकाशित पुस्तकहरु एवं लेखहरु साथै तालीम सामाग्रीहरु
- महिला र बालबालीका सम्बन्धी अन्तराष्ट्रिय अभिसन्धिहरु
- विभिन्न वेभसाइटहरु




टेम्केमैयुङ गाउँपालिका
महिला/जनप्रतिनिधिहरुको लागि
महिला कानूनी हक अधिकार सम्बन्धी
५ दिने प्रशिक्षणमूलक कार्यक्रम
स्थान: टेम्केमैयुङ गाउँपालिकाको सभा हल, अन्नपूर्ण